वर्ष १७, अङ्क ४, पूर्णाङ्क १४, मङ्सिर २०७५

मूल्य : रु ५०।-

# अग्निचक्र

**Agnichakra National Monthly**

ISSN 2362-1109



सतगुरु गोरखनाथ बाबा

www.agnichakranews.com राष्ट्रिय मासिक



९४ औं यात्रा

अनेक छन्द : अनेक भाव, रसको सम्मिलन : एक आदर्श नवप्रयोग

जियालो महाकाव्यबारे ने.सं. वि. का उपकुलपति प्रा.डा. कोइरालाको समीक्षा

नेपाली समाजलाई बाँच्न सिकाउनेहरू . . .

# बालबालिकालाई पढ्न पठाऔं, उनीहरूको सुखद भविष्यलाई सुनिश्चित गरौं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**

# गल्ती सच्याऊ, सचेत हौ

नयाँ संविधानले कार्यकारिणी, व्यवस्थापिका र न्यायपालिकालाई अधिकार दिएको छ तर कर्तव्यचाँहि सुम्पिन बिर्सिएको छ । संविधानले धेरै उपलब्धि र जनाधिकार दिएको छ तर त्यहि संविधानमा ती उपलब्धिहरूलाई दुई तिहाइ सरकारले संशोधन गर्ने तर्फ ध्यान दिइरहेको छैन । संविधानको पूर्ण कार्यान्वयनमा समेत वर्तमान ओली सरकार उदासीन तथा कर्तव्यविहीन देखिन्छ । खै त मुलुकमा स्थायी शान्ति, सद्भाव, समानता, न्याय, हिस्सेदारी र अपनत्व ? यी कुनै कुरा स्थापित हुन सकेन ।

मुलुकमा सुशासन ल्याउने कर्तव्य कार्यकारिणीको हो । जनमुखी कानुन बनाउने कर्तव्य व्यवस्थापिकाको हो । न्यायपालिकाको कर्तव्य जनतालाई न्यायको अनुभूति दिनु हो, तर वर्तमान नेपालको संविधानमा यसको कुनै उल्लेख छैन । कर्तव्यविहीन अधिकार सम्पन्न के काम ? आर्थिक विकासको बाटो तत्काल समात्न नसक्ने हो भने मुलुक चरम अराजकतामा डुब्ने अवस्था छ । बेलैमा गल्ती सच्याउने र सचेत हुने गर्नुपर्‍यो ।

गाडी किन्ने बहानामा राष्ट्रपतिको पदलाई विवादमा ल्याउनु भनेको राष्ट्रलाई कमजोर पार्ने षड्यन्त्र हो । नेपाललाई अहिले पनि गम्भिर षड्यन्त्रको खाडलमा हाल्ने खेल भइरहेको छ । ठूला विदेशी प्रोजेक्टहरू २ नं. र ५ नं. प्रदेशमा ल्याउने प्रयासमा विदेशी गैर सरकारी संस्था कम्मर कसेर लागेका छन् । नेपाललाई अहित गर्ने जत्थाहरू निकै सल्बलाएका छन् । संघीयता चाहिने र नचाहिने बीचको द्वन्द्वमा देशलाई धकेल्ने अराजक पात्रहरू राजनीतिको बजारमा सक्रिय छन् । राजनीतिक पार्टीहरू बीचमा र राजनीतिक पार्टीभित्र विभाजन गर्ने दुष्प्रयास भैरहेकाले यसतर्फ सचेत रहन ओली-प्रचण्डलाई अग्निचक्र हार्दिक अनुरोध गर्दछ ।

॥ जय गोरख ॥


**सम्पादक / प्रकाशक** लक्ष्मीनारायण भट्टराई

**प्रमुख सल्लाहकार** दुर्गाप्रसाद आचार्य

**निर्देशक** गोपाल घिमिरे

**अग्निचक्र राष्ट्रिय मासिक**
www.agnichakranews.com

वर्ष १०, अङ्क ४, पूर्णाङ्क ९४, मङ्सिर २०७५

**संरक्षक** *प्रभा राज्यलक्ष्मी राणा*

का.जि.प्र. द.नं. ३२/०६६/६७

स्थायी लेखा नं. (PAN): ३०३८२५१२२ ISSN: 2362-1109

ठेगानाः का.म.न.पा.३, सम्पर्क कार्यालयः डिल्लीबजार, काठमाडौं ।

फोनः ०१-४३७७७१०, ९८५१०४०३३०
email: agnichakramasik@gmail.com

*By the Grace of God*
**Edited & Published by**
**Laxmi Narayan Bhattarai**
**9841308834**

**सल्लाहकार**
प्रा.डा. करबीरनाथ योगी
डा. पदमराज पन्त
डा. कमल शर्मा लम्साल
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
प्रेमसागर पौडेल
आर.एच. दाहाल
रोशन श्रेष्ठ
पुण्य आचार्य

**व्यवस्थापक**
कमला मिश्र

**कानुनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य

**संवाददाता / सहयोगी**
के.एम. भट्टराई / वशिष्ठ भलना

**फोटोग्राफर**
अग्निप्रसाद निरौला

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए. डिस्ट्रिब्युटर्स (उपत्यका बाहिर)

**मुद्रण**
एस.पी. प्रेस, कामनपा-३१





## ॐ सत्गुरु वन्दना

**गोरक्ष वालम् गुरुशिष्य पालम् ।**
**शेषः हिमालम् शशीखण्ड भालम् ॥**
**कालष्य कालम् जितजन्म जालम् ।**
**वन्दे जटालम् जगदाव जालम् ॥**

**ॐ भूर्भुवः स्वः**
**तत्सवितुर्वरेण्यं**
**भर्गो देवस्य धीमहि ।**
**धियो यो नः प्रचोदयात् ।।**

## पाठकको कलम




### बानियाँज्यूको दृष्टिकोण उत्कृष्ट

म अग्निचक्र राष्ट्रिय मासिकको नियमित पाठक हुँ । १० वर्षदेखि निरन्तर अग्निचक्र पढ्दै आएको छु । यसमा प्रकाशित लेख रचना अन्तर्वार्ता तथा समाचारहरू नेपाली समाजलाई सन्देश दिने खालका ज्ञानवर्द्धक नै छन् । कहिलेकाँही चाहिँअलि बढी मात्रामा धार्मिक कुराहरूको चर्चा-परिचर्चा भएको हो कि ! भन्ने भान हुन्छ नत्रभने समग्र सबै अंकहरूको प्रस्तुती जिवनोपयोगी नै लाग्छन् । यसै क्रममा ०७५ कार्तिक अंकमा प्रकाशित माधव बानियाँ ज्यूको "आधुनिक समाज र धर्मको बुझाइँ" शिर्षकको रचना चाहिँ बडो राम्रो लाग्यो । हाइलाइट गरिएको हरफले नै म प्रष्ट भएँ । 'चाहे दिनु, चाहे मुसलमान, चाहे क्रिश्चियन, चाहे बौद्ध सबैपरमात्मा एउटै हुन् । सबैका रितिरिवाज भाषा अलग-अलग छ तर धर्मले भनेका कुराहरू एउटै छन् ।' यो भनाईको अर्थ व्यापक छ तर संक्षेपमा माधव बानियाँ ज्यूले प्रष्ट्याउनु भएको भन्ने लाग्यो । यो भनाईलाई विश्वभरका नागरिकले गहिरिएर सोच्ने हो भने संसारका कुनै स्थानमा पनि द्वन्द्व वा गृह युद्ध हुँदैन र विश्वयुद्ध पनि हुँदैन । सबै धर्म मान्नेहरू मिलेर नै बस्ने छन् । मलाई यही कारण पनि यो लेख बहुत राम्रो र सन्देशजनक लाग्यो । बानियाँज्यू र अग्निचक्र मासिकलाई हार्दिक धन्यवाद टक्रयाउँछु ।

– **मानबहादुर मगर,** बसुन्धरा, काठमाडौं ।

### लुकेको कुरा बताउने चालिसे

अग्निचक्र मासिकको कार्तिक २०७५ को अंकमा डा. विदुर चालिसेको अन्तर्वार्ता रहेछ । शिर्षक पढ्ने बित्तिकै आनन्द लागेर आयो । नेपालमा साहित्य सिर्जना आत्म सन्तुष्टिको लागि मात्रै हो भन्नु भएको रहेछ । आहा ! अन्य स्रष्टाले भन्न नसकेको कुरा, लुकेको कुरालाई छर्लङ्ग पारिदिनु भयो । धन्यवाद छ ।

– **श्रीराम बर्मा,** कपन ।

### वशिष्ठका महान पुत्र

अग्निचक्र राष्ट्रिय मासिकको रेगुलर पाठक भएर पत्रिका पढ्न थालेको पनि झण्डै एक दशक पुगेछ । अध्यात्म विज्ञान, साहित्य, राजनीति लगायतका सामाग्रीहरू पढ्न पाइने यो मासिक पत्रिका अन्य म्यागेजिनहरू भन्दा अलिक फरक झै लाग्दछ । मैले यो पटक पहिलो चोटी पाठक पात्र लेख्न गैरहेको छु । साहित्य स्तम्भमा स्रष्टा-संवाद अन्तर्गत राष्ट्रिय सभाका पूर्वसचिव तथा साहित्यकार राधेश्याम भट्टराईज्यूको अन्तर्वार्ता बडो रोचक र सन्देशमूलक लाग्यो । साहित्यिक यात्रा हुँदै प्रशासनिक यात्राका पुराना कुराहरू थाहा पाइयो । त्यस्तै यो राष्ट्र कस्ताले हाँकेका रहेछन् लगायत भट्टराई ज्यूका पुस्तकले दिने सन्देशहरूको बारेमा पनि विस्तृत अन्तर्वार्ता पढ्ने मौका पाइयो । जीवनबाट सिकेका कुरा र मोक्षको मार्ग तथा भगवानमा विश्वास गर्ने कारण लगायतका यावत कुराहरू पढ्न पाइयो । सम्पादक भट्टराई ज्यूको प्रश्न सोधाई र स्रष्टा राधेश्याम भट्टराई ज्यूको उत्तर दिने शैली बडो रमाइलो लाग्यो । अन्य साथीभाइका लागि आफू रिटायर्ड भएर मार्ग प्रसस्त गरिदिने राधेश्यामज्यू वशिष्ठ ऋषिका महान पुत्र हुनुहुदोरहेछ भन्ने कुरा पनि वहाँको अन्तर्वार्ताबाट थाहा पाइयो । अर्को कुरा अग्निचक्रको त्यहि कार्तिक अंकमै दुधिवनको हीराखानीबारे पनि अरूण सुवेदीज्यूको जीवनयात्राका कुरा प्रकाशित भएको रहेछ, जुन हीराखानी यो देशको सम्पत्ति हो । हरेक हिसाबले अग्निचक्र पढ्न लायक छ । जय होस् ।

– **मुरारी पाण्डे,** धादिङवेशी ।


www.machbank.com
तलब व्यवस्थापन खाता
सरल, व्यवस्थित र झन्झटरहित
विशेषताहरू*:
• शून्य मौज्दातमा खाता खोल्न सकिने
• नि:शुल्क ए.टि.एम. कार्ड सुविधा
• नि:शुल्क एमबिएल मोबाईल मनी, ईन्टरनेट बैंकिङ्ग, र डि-म्याट सुविधा
• लकर सुविधाको वार्षिक शुल्कमा ५०% छुट
• रू. ५00,000/- वा खातामा रहेको मासिक औसत मौज्दातको ५ गुणासम्मको (जुन कम हुन्छ) दुर्घटना बीमा
७%
ब्याजदर
*शर्तहरू लागू हुनेछन्
थप जानकारीको लागि "SALARY" टाइप गरी ३४५४५ मा SMS गर्नुहोस्।
Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
सबल, उत्कृष्ट एवं विस्तारित
एमबिएल टावर, लाजिम्पाट, काठमाण्डौ, फोन: ०१-४४२८५५६
टोल फ्रि नं.: १६६०-०१-२३२३४

# असफलताको बाटोमा दुई तिहाइ सरकार



दुर्गाप्रसाद आचार्य

केपी ओली नेतृत्वको २ तिहाइ सरकार लगातार असफलता र अनिर्णयको बाटोमा लागिरहेको छ । समृद्ध नेपाल, सुखी नेपालीको नारा गफ मै सिमित हुन पुगेको छ । केही गर्लान् कि ! भन्ने आशा बोकेका गृहमन्त्री थापा पनि थाकिसकेका छन् । अध्यक्षद्वय ओली र दाहालले काम गर्न नदिएको आशय उनले व्यक्त गरिसकेका छन् । ओली र दाहालको कठपुतली भएर गृहमन्त्री बादलले समय काट्नु परिरहेको छ । सुनकाण्ड सेलायो । निर्मला पन्तको हत्यारालाई सरकारले नै संरक्षण दिइरहेको कुरा विद्वान्हरूले बोलिरहेका छन् । वर्तमान राष्ट्रपति भण्डारीका पतिदेवको हत्यारा अहिले सम्म पत्ता लागेन २५ वर्ष भो । हत्या, हिंसा, आतंक, बलात्कार र भ्रष्ट्राचार जताततै व्याप्त छ । बालक अपहरण गर्ने र मार्ने क्रम जारी छ, खैत सरकार के हेरेर बसेको छ ?

असफलताको बाटोमा दुई तिहाइ सरकार छ भन्ने कुरा जस्ले पनि स्विकार्छ । लोकतन्त्र र प्रजातन्त्र भनेको सहिष्णुताको मापन भएको राज्य व्यवस्था हो र राज्यमा सरकारदेखि सबै जनताहरू सहिष्णु हुनु जरूरी हुन्छ । तथ्य र सत्यको आधारमा दुई तिहाइ हिँडेको छ त ? छैन । जनताको सुरक्षा गर्न सरकार असफल रह्यो । यस्तो अवस्थामा प्रमुख प्रतिपक्षी पार्टीको हैसियतले संसद र विभिन्न समितिमा कांग्रेसले जस्तो भूमिका खेल्नु पर्ने हो, त्यो केही गर्न सकेन । नेकपाको दुई तिहाइको सरकारले क्याबिनेट निर्णय जनतासामु सार्वजनिक गर्न समेत डराएर दुई तिहाइको भारीले छेकेर आफ्नै छाया देखि डराइरहदा पनि कांग्रेस बोल्न सक्दैन ।

हुन त नेपाली कांग्रेस आफैं समस्याले थलिएर बसेको छ । देउवाको नेतृत्व हुईञ्जेल सम्म कांग्रेसमा समस्यै समस्या रहने स्थिति छ । गत चुनावमा किन हार्‍यो त कांग्रेस ? यसको यथार्थ कारण समेत देउवाले बाहिर ल्याउन चाहेनन् । बाहिरी मुखले चाहिँ २ कम्युनिष्ट मिलेकाले कांग्रेसले हार्नु पर्‍यो भन्ने गर्छन् देउवा । जुन जवाफ सही होइन भनी उनकै कार्यकर्ताले भनिरहेछन् । राजतन्त्रको अन्त्य भइसकेकाले गर्दा राष्ट्रवादी नामको दरबारिया शक्तिको अन्त्य भइसकेको छ । माओवादी शक्ति एमालेमा मिसिएर नेकपा भएको छ, जो अहिले दुई तिहाइको सरकार भएर बसेको छ । कांग्रेस देउवाको कारण पतन भइसक्यो । अब जनताले कस्को आशा गर्नु ? प्रश्न गम्भीर छ ।




नेपाली जनता पनि बहुतै रनभुल्लमा परेको बेला हो यो । दुई तिहाइको सत्ता सम्हालेको ९ महिनामै प्रधानमन्त्री ओलीजी निराशाको पात्र बन्न पुगे । प्रधानमन्त्री ओलीलाई काम गर्न कस्ले छेक्यो त ? दुई तिहाइलाई कस्ले छेक्न सक्छ र ? स्थानीय तहमा आफ्नै सरकार छ । जम्मा सातवटा मात्र प्रदेश रहेको मुलुकमा ६ प्रदेशमा नेकपाकै सरकार छ । सबैतिर पावर नै पावर छ, जे गरे नि हुने दुई तिहाइ छ तर काम उत्साहजनक रूपमा केही हुन सकेन । ओलीको उखान टुक्का र आश्वासनमा नेपाली जनताले विश्वास गर्न छाडेका छन् । वृद्धभत्ता ५ हजार पुर्‍याउँछु भनेर बोलेको भिडियो सार्वजनिक हुँदा पनि उनी मौन छन् । समृद्धिको सपना देखाएर राष्ट्रवादी नारा लगाएर जनमत सिर्जना गरेका ओलीले प्रधानमन्त्री भइसकेपछि नाकाबन्दी गर्ने देश भारतलाई नै अरूण तेस्रो बनाउँन जिम्मा दिएका छन् ।

नेकपाका मन्त्रीहरूको आचरण, अनियमितता, वाइडवडी विमान खरिद घोटाला काण्ड, भ्रष्टाचारका अनेक काण्ड, शान्ति सुव्यवस्था, न्याय, सुरक्षा, विकास निर्माण,पारिवारिक मोह आदिका कारणले सरकार बदनाम हुँदै गएको छ । अब कस्को आशा गर्ने जनताले ? अभिव्यक्ति स्वतन्त्रताको प्रयोगमा समेत बाधा-अवरोध बढ्दै गएको छ । यसको प्रत्यक्ष मारमा पत्रकारहरू नै बढी परेका छन् । यसबाट के बुझिन्छ भने त्यसले मानवअधिकार खतरामा परेको आभास हुन थालेको छ । अहिलेका सञ्चारमन्त्री आफैँ पहिलेका सञ्चारकर्मी भएर पनि अहिले केही गर्न सकेनन् ।

जनता पनि बढी सुविधा भोगी हुन थाले । खेती किसानी गर्नेहरू पनि गाउँ सबैजसो नगरपालिका घोषणा भएपछि जग्गा प्लटिङ्मा लागेर चामल किनेर खान थाले । अर्काको देशले पठाएको-कुहिएको चामल खान थाले जबकि हामी नेपाली अरु देशलाई राम्रो चामल दिन सक्ने अवस्था थियौं र अझै छौं पनि । प्रदेश सरकार र स्थानीय सरकारले माटो चिनेर पुँजी बढाउने काम गर्न जनतालाई सिकाएनन् बरु आफै भ्रष्टाचारको दलदलमा फसिरहेछन् ।

कांग्रेस आफ्नै कारणले पतन भयो । बाबुराम भट्टराईको नयाँ शक्ति पनि खेर गयो । दरबारिया शक्ति त सकियो नै । दुई तिहाइको सरकारले पनि लोकहित काम गरेन । अब असफलता तिर ओरालो लागेको नेकपाको विकल्पमा नयाँ वैकल्पिक शक्तिको उदय हुन के बेर ! अब यो मुलुकलाई यस्तो अवस्थाबाट हामी उकास्छौं भन्दै सबैको साझा र सामुहिक नेतृत्व सहितको सभ्य, समृद्ध र मानवतावादी समुदायको नेतृत्व गर्ने राजनीतिक शक्ति, समाजसेवीहरूको लोकतान्त्रिक शक्तिको खाँचो जनताले गर्ने बेला आउँदैछ । यसर्थ बेलैमा जनताको मन जित्ने काम गरिहाल्नेतर्फ ओली -प्रचण्ड लागुन् । नत्र नयाँ जंगे आउला नि !

# सुखी नेपाली : समृद्ध नेपाल र नेपाली लि क्वान





■ माधव बानियाँ

दक्षिण एशियाको अझ भनौं विश्वकै प्रकृति र साँस्कृतिक सम्पदाले भरिपूर्ण एउटा सानो सुन्दर शान्त भुपरिवेष्ठित मुलुक नेपाल २१ औं शताब्दीमा पनि गरिवी, अशिक्षा र विकासको पछौटेपनले गाँजिएको छ । वर्षेनी लाखौं युवा रोजगारीको लागि खाडी लगायतका मुलुकमा रगत पसिना बगाइ रहेका छन् । प्रकृतिले भरिपूर्ण र जलस्रोतले सम्पन्न भए पनि मुलुकको विकास कछुवाको गतिमा छ । विकासको नाममा केही सडक र सञ्चारमा भएको नाम मात्रको प्रगति बाहेक जनताको जीवन स्तर उकास्ने प्रगति वा विकास नगन्य छ ।

विकासको लागि प्रजातन्त्र बहुदलीय शासन व्यवस्था अपरिहार्य रहेको दलविहीन पञ्चायती शासनले विकास संभव छैन भनी नेताहरूको रातोदिनको अलाप विलापमा जनताले साथ दिई २०४७ सालमा पञ्चायती शासन व्यवस्थाको सट्टामा बहुदलीय शासन व्यवस्था ल्याएको पनि आज २८ वर्ष पुगिसकेको छ । यो २८ वर्षे शासन कालमा नेताहरूले भन्ने गरेको विकास आयो त ? विकास भनेको राजनैतिक पार्टीको घोषणा पत्र मात्र हो त ? मानव सुचाङ्कमा विश्वको पछिल्लो लहरमा रहेको नेपालमा के विकास संभव छैन त ? बहुदलीय शासन व्यवस्थाबाट मात्र पूर्णताको महसुस नगरी माओवादीको १० वर्षे जनयुद्धबाट गणतन्त्र र संघीयता पनि स्वीकार गरिएकै हो ?

नेताहरूले नेपालमा भन्ने गरेको विकासको बाधक प्रजातन्त्र भएकै कारणले हो भन्ने भनाई अब पत्याउन सकिने आधार पनि समाप्त भैसकेको देखिन्छ । प्रजातन्त्र आए पनि राजनैतिक स्थिरता नभई यो सबै प्रजातन्त्र प्रजातन्त्रको नाममा देशको साँचो र प्रजातन्त्रको दुहाइ दिइ शासन गर्न र शासनमा पार्टीहरू बीच आलोपालो सिन्डिकेट कायम गरी शासन गरिएकै हो । राज्यको ढुकुटी जे जसरी नाता गोता चाकडीवाज र राजनैतिक कार्यकर्ता विच बाँडीचुडी तै चुप मै चुप गरी लुटेपछि राजनैतिक स्थिरता नभई देश विकास भएन । कुनै पनि पार्टीको एकल बहुमत नभइ दिंदा पार्टीको नामा नाङ्ले पसलेले समेत भागबन्डा र राज्यको सम्पत्ती सुख सुविधा मज्जैले उपभोग गर्न समेत पछि परेनन् । फलतः जनताले एउटा पार्टीलाई बहुमत प्रदान गरे । हाल दुई तिहाइ मतको सरकार छ । दुई तिहाइ मतको सरकारको अर्थ हो अब सरकारलाई आफ्नो नीति लागु गर्न कुनै पनि कानुनले छेक्दैन । सरकारले कानुन संशोधन निर्माण र संविधान समेत संशोधन गर्न सक्छन् ।


"नेपालको विकास आँखा तरिमर" भन्ने उखान त हुने होइन ? भन्ने प्रश्न अब टड्कारो देखिन थालेको छ । राजनैतिक नेतृत्वले जे जसो भने पनि नेपालमा सही नेतृत्वदायी शासन नभएकोले विकास हुन नसकेको भन्ने चाहिँ प्रमाणित भै सकेको छ । शासन व्यवस्था आफैंमा विकासको वाधक भने चाहिँ होइन । उदाहरणको लागि नेपाल वायुसेवा र थाइ वायुसेवाको सुरुवाती संगसगै भएका हो । आज थाई वायु सेवा संसारकै वायुसेवामध्ये एक कहलिन पुगीसक्यो भने नेपालको शाही शब्द मात्र हटेन भाडाको दुइ वटा वोइङ चलाएर नेपालमा पनि वायुसेवा छ भन्ने अवस्थामा पुऱ्याउने यिनै बहुदलीय शासनका राजनीतिक शक्तिहरू नै हुन् होइन र ? यो भन्दा ज्वलन्त उदाहरण अरु के हुन सक्छ ?

नेताहरूले जनतालाई भन्ने गरेको सधैंको नारा नेपालमा प्रजातन्त्र नभएको कारणले विकास हुन सकेन । अबको अवस्थामा त्यसलाई पत्याउन सकिने आधार पनि समाप्त भएको छ । सरकारले अगाडि सारेको "सुखी नेपाली र समृद्धि नेपाल" नारा जति आकर्षक रुपमा यो नौ महिने ओली सरकारको पालामा जनता माझ आयो त्यसरी नै अब अलोकप्रिय रुपमा अवसान समेत हुँदै गएको तथ्य घाम झैं छर्लङ देखिन्छ । आखिर दुई तिहाइको सरकारको यो नौ महिने कार्यकाल किन यति धेरै निराशाजनक रहन गयो ? के सरकारले काम गर्न नसकेकै हो ? अथवा सरकारको नेतृत्व असमक्ष हुदै गएको हो ? भारतीय नाकवन्दिको समयमा करिब छ महिना सरकार चलाएर राष्ट्रवादको नारा उचालेर जनता माझ लोकप्रिय हुँदै निर्वाचनमा बहुमत प्राप्त गराउन सफल के.पी. ओली किन यो नौ महिने कार्यकालमा त्यसरी नै अलोकप्रिय हुँदैछन् ?

घरघरमा ग्यासको पाइप पुऱ्याउने, सिलिण्डर बोक्ने जमाना खत्तम हुने, रेल कुद्ने आदि ओलीका सपना वास्तवमा त्यो कुनै पुरै नहुने सपना भने होइनन् र त्यो काम अवको वर्षमा पूर्ण पनि हुनेछ, त्यसको लागि व्यापक रुपमा भौतिक पूर्वाधार काम समेत हुँदैछ, त्यसको परिणाम अबको केही वर्षमा नेपालमा निर्माणाधीन हाइड्रोपावर र रेलको कामले अवश्य पनि पुरा हुनेछ । त्यसमा दुईमत त छैन तर जनताको आवश्यकता तात्कालीन अपेक्षा बढी नै हुन्छ । जनता दैनिक समस्यासँग बढी अपेक्षा गर्दछन् । दैनिक भान्साको सामान देखि लिएर यातायात, शिक्षा, स्वास्थ्य आदि आदि तर यस कार्यमा यो दुई तिहाइको सरकारको उपलब्धी शून्य देखिन्छ । काठमाडौंको खाल्डोले मान्छे मारिनु पर्ने अवस्थामा जिम्मेवारी वहन कसैले नगर्ने, सडक पुल निर्माण ठेकेदारले लापरवाहीले जनताले ज्यान गुमाउनु पर्ने, नेतालाई रुघा खोकी लाग्दा समेत राज्यको करोडौंको सम्पत्ती विदेशमा स्वाहा पार्ने अनि जाजरकोटको स्वाथ्य चौकीमा झाडा पखालाको औषधीको अभावले मृत्युवरण गर्नुपर्ने ? घोषणा गरिएका कतिपय कार्यक्रमको प्रभावकारिता शून्य रहने र सरकारी निकाय निकम्मा सावित हुँदै गएको देखिन्छ ।

सरकारको पहिलो प्राथमिकता जनताको दैनिक जीवनमा देखापरेका समस्या र शान्ति सुरक्षा कायम गर्नु पर्ने भएकोले यसतर्फ सरकारको प्रभावकारिता केवल वोलिमा मात्र सिमित हुँदै गएको छ; जुन सरकार र जति दुई तिहाई बहुमत आएपनि सरकारले जनताको लागि दैनिक जीवनमा जनतालाई प्रत्यक्ष पार्ने काम गर्नु पर्छ अनि तब मात्र जनताले सरकार भएको महसुस गर्दछन्, सुखी नेपाली समृद्ध नेपालको सपना तब मात्र सार्थक हुनेछ । यस कार्यमा अबको नेपालको लि क्वान 'को' ? भन्ने प्रश्न यथावत छ ?

# जियालो महाकाव्य : एक अध्ययन



**प्रा.डा. कुलप्रसाद कोइराला**
**उपकुलपति**
**नेपाल संस्कृत विश्वविद्यालय**

**१. विषयप्रवेश**

'**जियालो**' प्रयोगात्मक महाकाव्य हो । प्रयोग एक प्रकारको लेखन धर्म हो । प्रत्येक लेखक आफूलाई अपार ब्रह्म ठान्दछ । ब्रह्म सर्वतन्त्रस्वतन्त्र हुन्छ । त्यसरी नै लेखकले पनि एउटा कुनै खास लेखन धर्म अवलम्वन गरेर लेख्दा अन्यभन्दा भिन्न बनेर देखिएका कुरा (रूप)भाव((कला) प्रस्तुति(लेख्यसीप)मा नै प्रायोगिकता र परम्परितताका विविध पाटा र पक्ष परिलक्षित हुने गर्दछन् । हुन त सृष्टिका सम्बन्धमा एउटा ठट्टा पनि प्रचलित छ :- *एकदिन ब्रह्माजीले आफूले अहिलेसम्म सिर्जना गरेका जीवभन्दा भिन्न र सुन्दर जीव सिर्जना गर्दछु भनेर गरेको सिर्जनाले उँटको रूप पाएथ्यो रे । एउटा कुनै कलाकार गणेशको मूर्ति बनाउन बसेको वानरको मूर्ति कुँदेर उठेथ्यो रे ।*

शास्त्रीय महाकाव्य अभिलक्षण र स्वच्छन्दतावादी महाकाव्य अभिलक्षण अनि प्रयोगात्मक महाकाव्य अभिलक्षणका कसीमा राखेर हेर्दा '**जियालो**' सरस्वतीको मूर्ति बनेको छ या उँटको भन्ने कुरो देखिने नै छ । महाकाव्य कविताकै बृहत् रूप हो । कविताका अनेक शैलीसीप रहेका छन् । लगभग चारहजार बयालीस सय वर्ष लामो इतिहास केलाए पनि र पौरस्त्येलीले भनेझैं ऋग्वेदलाई ईशापूर्व८००० वर्षदेखि १२०००वर्ष पुरानो रचना मान्ने हो भने कविता लग्भग १२०००/१३०००वर्ष पुरानो विधा हो भन्ने साबित हुन्छ । कविताका मूल तीन रूप लघुतम, लघु, बृहत् र लघुतम्, लघु, मझौलो र बृहत् तथा बृहत्तम् समेत गरी तीन र पाँच रूपमा कविताले आयाम विकास गरेर आएको देखिन्छ । गीतसँग कविताको नजीकको साइनो छ । गेयता र भाव दुवै कविता र गीतका मौलिक पक्ष मानिन्छन् । गीत भावप्रवल हुन्छ र अलिकति गेयात्मक बनेर अघि बढेको देखिन्छ । सङ्गीतले क्षतिपूर्ति पनि प्रदान गर्दछ नै । यदाकदा कविताले निबन्धसँग पनि साइनो जोडेको देखिन्छ । लक्ष्मीप्रसाद देवकोटाको '**लक्ष्मी निबन्ध सङ्ग्रह**'का कुनै पनि निबन्ध राम्रा गद्य कविता बन्न सक्छन् । भाव छँदैछ, सीप मिलाए ती निबन्ध सबै नै सुन्दर गद्य कविताका बान्कीमा ढालेर प्रस्तुत गर्न सकिन्छ । यसरी हेर्दा गीतमा भाव र गेयताको तीव्रता हुन्छ र सङ्गीतले त्यहाँ अतिरिक्त शक्तिसमेत प्रदान गर्दछ । निबन्ध गद्यमा लेखिने भाव प्रवण विधा भएकाले लयात्मक प्राप्ति जेजति आउँछ त्यो नै अतिरिक्त प्राप्ति बनेर प्रकट भइदिन्छ । कविता शुद्धरूपले नै आफ्नै खुट्टामा नउभिए शीघ्रातिशीघ्र कालकवलित हुने खतरा टड्कारिन्छ ।

**२. महाकाव्यको ऐतिहासिक रेखाङ्कन**

नेपाली महाकाव्यका इतिहासमा भानुभक्त आचार्यको '**भानुभक्तीय रामायण**' नै पहिलो उघाउनी बनेर देखापरेकोछ । यो महाकाव्य *वेदव्यासको '**अध्यात्म रामायण**'को अनुवाद हो । मौलिक महाकाव्य होइन । भानुभक्त सास्वत प्रतिभाका कवि भएकाले अनुवादमा पनि कवित्वका छटा र पौराणिकतामा पनि आख्यानरस तप्तपाएकाले यो कृति तुलसीदासको '**रामचरित मानस**'जसरी धर्मका निमित्त पाठ गरिने परम्परामा नओर्लिए पनि नेपाली कण्ठको कण्ठहारवत् बन्यो नै । यसले भाषिक र सांस्कृतिक एकता पनि गरायो । एक प्रकारले यो जातीय एकताको प्रतीक बनेर अद्यावधि रहेकै छ । यसो भएकाले नै भानुभक्तीय रामायण आज पनि नेपाली पाखापखेरा, गाउँबस्ती, धारा-पँधेरामा र मेलापातमा समेत भाका हालेर गाइन्छ । लोककण्ठले नै यसलाई महाकाव्यत्व प्रदान गरेको छ । पढालेखाले यसलाई अनुवाद भनेर हियाउने आँट गरिहाले कथं कदाचित भने पनि लोकले यसको उहिल्यै परिहार गरि नै सकेको छ । **भानुभक्तीय रामायण**पछि *कालिदास पराजुलीको '**कवितागुच्छहार**' महाकाव्यात्मक काया लिएर देखापरे पनि गुणगरिमाका दृष्टिले यो कवितागुच्छ मात्रै रह्यो । महाकाव्यका सन्दर्भमा यसको उल्लेख शारीरिक स्थौल्यका दृष्टिले मात्र गरिएको हो ।

कविता राम्रा भए पनि यो पुष्पगुच्छ जस्तै कवितागुच्छ मात्र हो । कवि बालकृष्ण समले '**मेरो कविताको आराधन**'को संयुक्त भागमा अनेक कविताका बान्की प्रस्तुत गरे पनि महाकाव्यको आराधनका उपक्रम प्रदर्शन गरे पनि ताती नगरेकाले चार सय मिटरदौडमा भाग लिन हतारिए जस्तो मात्र भएको देखिन्छ । सुरूसुरूमा त उनी लेखनाथ पौड्यालको '**वसन्तविचार**'का पङ्क्तिमा लोभिएर कण्ठ गर्न लागेका र पछि आफैं पनि त्यस्तै सुन्दर कविताको आराधनामा लागेको बताए पनि जीवनमा नै पौड्यालका जस्ता कविता उनले लेख्न नसकेको दसी छँदै छ । महाकवि लक्ष्मीप्रसाद देवकोटा जब नेपाली कविताका फाँटमा प्रवेश गरे अनि भने समलाई दुईवटा समस्याले सताएको देखिन्छ । पहिलो लेखनाथका जस्ता सुन्दर कविता आफूबाट सिर्जना हुन नसक्ने स्थितिको बोध र दोस्रो हो देवकोटाको जस्तो काव्यसृजनाको प्रवाह पनि आफ्नो बलबुता र प्रतिभा-क्षमता भन्दा परको कुरा रहेछ भन्ने बोध । यी दुई कुराको बोधपछि उनी शेक्सपियर पढेर कविता-नाट्यको आराधनतिर लागेका देखिन्छन् ।


नेपाली कविताका फाँटमा आइस्ल्याण्डको सर्पजस्तो अवस्थामा रहेको महाकाव्यलाई भावरप्रदेशका झाडीको अवस्थामा पुर्‍याउने काम पहिलो पटक महाकवि लक्ष्मीप्रसाद देवकोटाको '**शाकुन्तल**' महाकाव्यले गर्‍यो । यसरी हेर्दा यो महाकाव्य "तिन महिने लेखाइ तिनवर्षे पढाइ" जस्तो पनि बनेको छ । '**आदर्श राघव**' सोमनाथ सिग्द्यालको महाकाव्य पौरस्त्य महाकाव्य लक्षणलाई दृष्टिगत गरेर लेखिएको हो । यसमा खास गरेर भामह, मम्मट आदिका काव्य लक्षणलाई भन्दा विश्वनाथको '**साहित्यदर्पण**' मा उल्लिखित महाकाव्य लक्षणको परिपालनमा विशेष ध्यान दिइएको पाइन्छ । यस पछि परिष्कारवादी धाराका स्रष्टा, व्याख्याता र प्रवर्द्धक

* *प्रस्तुत वाक्यमा सत्यता पर्गेल्ने काम पाठकलाई छोडिएको छ - सम्पादक ।*

समेत रहेका कविशिरोमणि लेखनाथ पौड्यालको **'तरूण-तपसी'** नव्यकाव्य देखापर्दछ । महाकाव्यका फाँटमा **'शाकुन्तल'**ले जेजस्ता सम्भावनाको कपाटोद्घाटन गरेको थियो ती सम्भावनातिर भन्दा आफ्नै जीवनको घटना र स्वर्गद्वारी महाप्रभुबाट पाएको निर्देशनलाई नै पौड्यालले काव्यात्मक भणिति र गरिमाका आवर्तमा अनुगुम्फन गरेर प्रस्तुत गर्दा आख्यान, नायक नायिका र जीवनवृत्तको समग्रतामा समेत प्रश्न उठ्न सक्ने देखिएकाले उनले यसलाई महाकाव्य नभनेर नव्यकाव्यको बिल्ला टाँसिदिए । पौरस्त्य महाकाव्य परिभाषालाई एकछिन पर सारेर कुरा गर्ने हो भने महाकाव्य सिंगोसग्लो जीवनको समाख्यानात्मक प्रस्तुति हो । यसमा एकऋतुको फन्को जसरी वर्षचक्रका रूपमा देखापर्दछ त्यसरी नै जीवनले पनि दिन,रात, सप्ताह, पक्ष र मासका फन्काहरूमा बेरिँदै र चक्रिंदै गएर पन्चक र दशक-दशकको निर्माणद्वारा समग्रजीवनको झाँकी प्रक्षेपित हुन्छ । अबका महाकाव्यको अध्ययन यसरी पनि गर्न सकिन्छ । यसरी हेर्दा कविशिरोमणि लेखनाथ पौड्यालको **'तरूणतपसी'** पनि सबल र सफल महाकाव्यका रूपमा रहेको भेट्न सकिन्छ । यस पछि बालकृष्ण समको **'चिसो चुलो'** महाकाव्य देखापर्दछ ।

यस महाकाव्यका सम्बन्धमा सकारात्मक भन्दा नकारात्मक टीका टिप्पणी गरिएको देखिन्छ । खासगरी यसमा रहेका पात्रपात्रीको स्तर, जात र आख्यानको बनावट अनि यसको भाव र प्रस्तुतिका सम्बन्धमा नकारात्मक टिप्पणी भएको पाइन्छ । कतिपय समालोचकले यस महाकाव्यको आगमनले नेपाली महाकाव्यको क्षयोन्मुख यात्रा प्रारम्भ भएको समेत उल्लेख गरे तर "सिर्जना शक्ति सन्सारमा कैल्यै हुँदैन विफल" भनेजस्तै गरी नेपाली भाषामा महाकाव्य लेखनमा तीव्रता आउन लागेर ६३०० श्लोक र ३६५ वटा छन्द प्रयोग गरिएको, चन्द्रप्रसाद न्यौपानेले 'चन्द्रयुग' बृहत्तर महाकाव्य लेखेर नेपाली महाकाव्यको उर्ध्वमुखी यात्रा निरन्तर रहेको प्रमाणित छ ।

बृहत्तरोन्मुख महाकाव्य **'शाकुन्तल'**ले प्रदर्शन गरेका सम्भाव्यक्षेत्रको प्रदर्शन **'चिसो चुलो'**ले गरेको छ । यी दुई महाकाव्यले नेपाली महाकाव्यसृजन परम्परा नित्य उर्ध्वमुखी छ भन्ने मात्र सिद्ध गरेका छैनन् अपितु यो क्षेत्र निकै विवर्ध्यमान् छ भन्ने पनि अन्य २०० जति महाकाव्यको प्राप्तिले पुष्ट्याएको पनि देखिन्छ । प्रावृत्तिक दृष्टिले नेपाली महाकाव्यहरू अनेक प्रकारका हुनसक्छन् । महाकाव्यात्मक गुणगरिमाका दृष्टिले पनि अनेकता रहेकै देखिन्छ । यस




अवधिका नेपाली महाकाव्यहरूमा **'शाकुन्तल'** बृहत्तरोन्मुख महाकाव्य **चिसो चुलो** महाकाव्य सर्वथा अभिनव प्राप्तिका रूपमा रहेको छ ।

वस्तुतः कविहरूले महाकाव्य रचनामा ठट्टा पनि गरेका छन् । शास्त्रीय अभिलक्षणलाई अनुकूलनताका निमित्त तोड्ने भन्दा पनि आफ्नोपन प्रदर्शनका निमित्त तोड्ने प्रवृत्ति सर्वप्रथम समले नै प्रदर्शन गरे भने त्यसभन्दा पछि त्यो बाटो झन्नैझन्नै कालोपत्रे नै हुनलागेको देखिन्छ । **'जियालो'** पनि यसै कोटिमा पर्दछ । यसले पनि पौरस्त्य महाकाव्य लक्षणलाई अपनाउने र तिरोहण हुने प्रवृत्ति प्रदर्शन गरेकै छ ।

**३. कविताका रूप र महाकाव्य सिद्धान्तः**

स्वच्छन्दतावादी महाकाव्य लक्षण, परिष्कारवादी महाकाव्यलक्षण र प्रगतिवादीहरूले दिएको महाकाव्य लक्षणका आवर्तमा आलोडनविलोडन गरेर पनि महाकाव्यको अभिलक्षण बताउन सकिन्छ । कविताको बृहत्तर रूपलाई पनि पूर्वपश्चिम दुवैतिर नियाल्न सकिन्छ ।

संरचनात्मक दृष्टिले कविताको सबैभन्दा ठूलो रूपलाई नै महाकाव्य भन्ने गरिएको देखिन्छ । एउटा बोटको या मानव शरीरको जस्तै कविताको पनि बाह्यान्तरिक अङ्ग संरचना रहेको देखिन्छ ।

अभिव्यक्तिको एक झोक्का या एक भुल्कोलाई मुक्तक भनिएको छ । यो एकाएक सुरू भएर अपर्झट विरमण पनि गर्छ । केही कुरा झुलुक्क झुल्किएर स्वात्त वर्षनु नै मुक्तकीय अभिव्यक्ति हो । कविताको यो रूप लघुतम रूप मानिन्छ ।

*"बिहान ट्रङ्कल आउँदा तिम्रो अङ्कल बोलेथे*
*दिउँसोको ट्रङ्कल आउँदा रङ्कल परेछ*
*बेलुकाको ट्रङ्कल तिम्रै मृत्युको पो रहेछ " ।*

यसमा विषयको स्पष्टता र आख्यानको अङ्कुरणादि केही पनि भेटिंदैन । फुटकर कविताका श्रेणीमा जब कवितात्मक अभिव्यक्ति ओर्लन्छ अनि कविताले विषय अवलम्बन गर्दछ । कुनैकुनै फुटकर कविताले त आख्यानका स-सानासूत्र समेत अवलम्वन गर्नेगरेको पनि देखिन्छ ।

तरलतम् भावलाई लिएर मात्र अभिव्यक्ति दिनु सजिलो छैन । अतः महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'यात्री' बालकृष्ण समको 'स्वर्ग र देवता' माधव घिमिरेको 'वैशाख' जस्ता कवितामा आख्यानको अङ्कुरण र विषयको आकार कोरिएको देखिन्छ । लेखनाथ पौड्यालको 'शिवपञ्चाशिका' पचास श्लोकको भएर पनि फुटकर कविता नै रह्यो । मोतीराम भट्टको 'पीकदूत' तीस श्लोकको लामो भएर पनि यो प्रबन्ध काव्य मानिन्छ । यसरी हेर्दा कविताको आकार प्रकारले यसका प्रकार छुट्याउन नसकिने कुरो स्पष्ट हुन्छ । "त्वमेव माता च पिता त्वमेव" जस्ता र "शान्ताकारम्, या जटाटविगलज्वल" जस्ता स्तुतिपरक स्तोत्रहरूमा पनि साधारण आख्यानाङ्कुरण भएर पनि साधारणतया विषयवस्तुको पनि रूपरेखा स्पष्टिए पनि यी सबै फुटकर कविताका नै रूप मानिन्छन् । यसरी नै एकाधिक कविताको सङ्कलन कवितासङ्ग्रह कहलिन्छ । त्यसरी नै स्तोत्र सङ्कलनलाई स्तोत्ररत्नावली या स्तोत्रावली भन्न सकिन्छ । भनिन्छ नै । कविताको यस कोटिका रूपलाई लघुरूप मानिन्छ ।

कविताको मझौलो रूपमा उक्लनासाथ कविताले भावको आख्यानीकरण गर्न लागेको देखिन्छ । तरलतम भावलाई लक्ष्यसम्म पुऱ्याउने साधनका रूपमा कविले आख्यानलाई अवलम्वन गरेको हुन्छ ।

आधुनिक प्रविधिका माध्यमले थोरै पानीलाई जसरी कोसौं टाढासम्म पनि बगाएर नै लैजान सकिन्छ त्यसरी नै कविले अडान र भावको आख्यानीकरणका माध्यमले तरलतम भावलाई इप्सित दुरीसम्म अर्थात् जीवनको एकदेश या समग्रजीवनजगत्को अभिव्यक्तिसम्मको यात्रा तयगराउन सकेको देखिन्छ । जीवनजगत्का एकदेशको अभिचित्रण खण्डकाव्यमा हुन्छ । "खण्डकाव्यं भवेत्काव्यस्यैकदेशानुसारि च"। विश्वनाथले दिएको यो परिभाषाले पनि जीवनजगत्को समग्रता महाकाव्य हो भने जीवनजगत्को कुनै एक भागको मात्रै अभिचित्रण खण्डकाव्य हो भन्ने नै सङ्केत गरेको बुझ्न सकिन्छ । जीवनको एकांश चित्रण जहाँ छ त्यसलाई खण्डकाव्य भनिएको पाइन्छ । पौरस्त्य

जीवनदर्शन अनुसार समग्रजीवन शतशरदको मानिन्छ-जन्मदेखि २५ वर्षसम्मको अवधिलाई ब्रह्मचर्याश्रम भनिन्छ । २६ वर्षमा खुट्टा टेकेपछि पचास वर्ष पूरा भएसम्मको अवधिलाई गृहस्थाश्रम भनिएको देखिन्छ ।

एकाउन्न वर्षदेखि पचहत्तर वर्षसम्मलाई वानप्रस्थाश्रम मानेको भेटिन्छ । छयहत्तरौंवर्षदेखि बाँकी अवधिलाई सन्यासाश्रम भनेर औंल्याइएको छ । पुरूषार्थ चतुष्टयका दृष्टिले पनि पौरस्त्य जगत्का खण्डकाव्य चार प्रकारका हुने देखिन्छन् । धर्मार्थकाममोक्षसँग सम्बद्ध । धर्म भनेको धारणा हो । पहिलो २५ वर्षको बेला धारणा बनाउने बेला हो । यस अवधिमा मानिस गुरूकुलमा बसेर विद्याव्यसन गर्छ । यसलाई ब्रह्मचर्याश्रम पनि भनिन्छ । ५० वर्ष पूरागरी ५१ वर्षमा प्रवेश गरेपछि गृहस्थाश्रम सुरू हुन्छ । यो आश्रम भनेको पत्नीपुत्र पैदा गरेर पितृऋण मोचनको कार्य गर्ने अवस्था पनि हो । यसरी हेर्दा देवकोटाको 'मुनामदन' गृहस्थाश्रमसँग सम्बद्ध छ । 'हुस्सुपथिक' सन्यासआश्रमसँग सम्बद्ध रहेको छ । यो वर्गीकरण जीवनदर्शसँग अनुबद्ध रहेको देखिन्छ । विश्वनाथले पनि यसै कारण खण्डकाव्य भनेको महाकाव्यको एकदेश हो भनेर औंल्याएका पनि हुन् । यसरी हेर्दा आठसर्गभन्दा कम सर्ग भएको, समग्रजीवनमध्ये कुनै एक खण्ड या एकांशको चित्रण भएको भनिएको पनि हुँदै हो । माध्यमका दृष्टिले कविता अपरिमित हुनसक्छ । कविताको माध्यम भनेको भाषा हो । भाषा शब्दका माध्यमले अभिव्यक्त हुन्छ । भाषा अनेक छन् । भाषाको केन्द्रीय एकाइ वाक्य हो र दुई या दुइभन्दा बढी उपवाक्यको योगबाट निर्मित हुन्छ । वाक्य या उपवाक्य बनाउने तत्त्व पनि शब्द नै हो । शब्द भाषिक एकाइको एउटा तह हो । भाषा अनेक छन् । अतः माध्यमका दृष्टिले न महाकाव्य, न खण्डकाव्य, न त कविताकै अध्ययन सम्भव र सुकर नै देखिन्छ । कवितालाई ऐतिहासिक श्रृङ्खलाका अनेक कडीका विचमा राखेर पनि अध्ययन गर्न सकिन्छ जसको साङ्केतिक रेखाङ्कन पनि माथिल्ला अनुच्छेदमा गरिएको छ ।

*सर्गबन्धो महाकाव्यं महतान्च महच्च यत ।*
*अग्राम्यशब्दमर्थ्यञ्च सालङ्कारं सदाश्रयम् । ।*
*मन्त्रदूतप्रयाणाजिनायकाभ्युदयैश्च यत् ।*
पञ्चभिः सन्धिभिर्युक्तं नाति व्याख्येयमृद्धिमत्
(भामहः,२०३८ :३)।

सर्गबन्धो भवेत् काव्यं तत्रैको नायक सुरः । अर्थात् महाकाव्य सर्गबद्ध हुन्छ । "सर्गश्च प्रतिसर्गश्च" लाई हेर्दा सर्गको अर्थ सिर्जना अथवा नव निर्माण भन्ने पनि हुन्छ । खण्डकाव्य-महाकाव्यका सन्दर्भमा चाहिं सर्गको अर्थ अडान या विश्राम भन्ने हुन्छ । भावको विश्रान्ति या आख्यानको मोड नै सर्ग या विश्राम हो भनेर पनि बुझ्न सकिन्छ । सर्ग प्रबन्धन पक्षसँगसम्बद्ध छ । रामायण, महाभारत र पुराणहरूमा दोहोरो र तेहरो प्रबन्धन व्यवस्था गरिएको देखिन्छ । कालिदास, श्रीहर्ष, माघजस्ता कविहरूले आफ्ना महाकाव्यमा एकोहोरो प्रबन्धनको व्यवस्था गरेको देखिन्छ । महाभारतले सबैभन्दा ठूलो प्रबन्धनलाई पर्व,खण्ड र त्यसभित्रका साना विश्रान्तिलाई भने अध्याय गरी तेहरो प्रबन्धनको प्रयोग गरेको देखिन्छ । श्रीमद्भागवत्मा पनि सबैभन्दा ठूलोलाई स्कन्ध त्यसभन्दा सानालाई अध्याय र त्यसभन्दा पनि सानालाई कुनै मुख्य घटनाको सूचनाको शीर्षकका रूपमा सङ्केत गरेको पनि भेटिन्छ । धेनुकासुरबध, प्रलम्वासुरबधोपाख्यान आदि यसका उदाहरण हुन् । यसरी हेर्दा सर्गभनेको विश्रान्तिस्थल हो । अर्को दृष्टिले हेर्दा घाँसको मुठो बाँध्ने जुइनाका रूपमा पनि बुझ्न सकिन्छ । मुठीका रूपमा रहेका घाँसलाई निश्चित मात्रा मिलाएर जसरी मुठामुठामा परिणत गरेर एक भारी बनाइन्छ ।

यसरी नै खेतका गरामा काटेर पँज्याएको धानलाई पाँच/सात पाँजाको एक बिटोका दरले सयकडौं बिटाको कुन्यु बनाइन्छ त्यसरी नै सर्गसर्गको समष्टिबाट एउटा समग्रकथनको पुस्तक निर्मित हुन्छ । यसरी हेर्दा सर्ग महाकाव्यमा आएका सामग्रीव्यवस्थापन कलासँग सम्बद्ध कुरा हो । यो महाकाव्यको भाव व्यवस्थापनसँग सम्बद्ध बाह्यपक्षका रूपमा रहेको हुन्छ । आठसर्गभन्दा अधिक सर्गको रचनालाई महाकाव्य मान्नेगरी विश्वनाथले आफ्नो पुस्तक 'साहित्यदर्पण'मा औंल्याएकाले पछिल्ला पुस्ताले यसलाई महाकाव्यको अपरिहार्य तत्त्वजस्तो बुझे पनि यसो भने होइन । सर्गका स्थानमा अन्य कुनै सङ्केतका माध्यमले या सङ्केतचिह्नका माध्यमले पनि यसलाई व्यवस्थित गर्न सकिन्छ । 'नीलोमह'मा सानो थोप्लो राखेर सर्गको काम लिइएको छ । 'तरूणतपसी'मा विश्राम भनिएको छ । या यस्तै अन्य कुनै पनि विश्राम सङ्केतका माध्यमले काम चलाउन पनि सकिन्छ ।

पौरस्त्य जगत्मा महाकव्यलाई परिभाषाबद्ध गर्ने प्रथम व्यक्ति हुन् भामह (ई ५औं शताब्दी) लामो कथानक भएको,महान्हरूका चरित्रमा आधृत, पन्चसन्धियुक्त,उच्च प्रान्जल शैलीमा लेखिएर जीवनका अनेक पाटा-पार्श्वका कार्यको वर्णन गरिएको सर्गबद्ध सुखान्तक काव्य नै महाकाव्य हो । छन्द पनि नभईकन नहुने कुरो होइन । "गद्यं कवीनां निकषं वदन्ति" भनेर पौरस्त्याचार्यले गद्यलाई पनि कविता कै कोटिमा राखेको भेटिन्छ । दण्डी (छैटौं शताब्दी) यिनले भामहका परिभाषालाई पनि दृष्टिगत गरेर नयाँ परिभाषा दिएका छन् । कथानक इतिहासबाट लिइएको या उत्पादन गरिएको होओस् । नायक उदात्त र चतुर हुनुपर्दछ । चतुर्वर्गप्राप्ति नै उद्देश्य हुनुपर्दछ । अलङ्कृत भाव तथा रसयुक्त हुनुपर्दछ । ठूलो आकारको भएर पनि सर्गबद्धताका साथै पन्चसन्धियुक्त हुनुपर्दछ भनी औंल्याएका छन् । वास्तवमा दण्डीले भामहले औंल्याएको महाकाव्यीय गौरव गरिमातिर ध्यान पुऱ्याउन सकेको देखिंदैन । यिनले महाकाव्यको बाह्यपक्षमा बढी जोडदिएको स्पष्टै देखिन्छ ।

यसैलाई सामान्यतया छाँटकाँट गरेर हेमचन्द्र र (१२) रौं शताब्दीका विश्वनाथले पनि बाह्य अङ्गउपाङ्गको फिरिस्त बढाएको देखिन्छ । भामहपछि सातौं शताब्दीका रूद्रटले महाकाव्यको मौलिक परिभाषा दिएका छन् । यिनले संस्कृतका परवर्ती महाकाव्यका साथै रामायण महाभारतजस्ता उपजीव्य काव्यलाई पनि दृष्टिपथमा राखेर महाकाव्यलाई परिभाषाबद्ध गर्ने प्रयत्न गरेका छन् । यिनले कथानकलाई पद्यबद्ध, उत्पाद्य र अनुत्पाद्य हुन्छ भन्दै त्यसलाई पनि लघु र महत् दुईप्रकारमा विभाजन गर्दै महत्प्रबन्धलाई मात्र महाकाव्य भनेका छन् । अवान्तरकथाका साथै युगजीवनका अनेक पक्ष,पाटा र घटनाको चित्रण गर्नुपर्ने कुरो गरेका छन् । यिनले महाकाव्यको नायक द्विजकुलोत्पन्न, सर्वगुणसम्पन्न,महान् वीर, विजिगीषु, शक्तिमान्, नीतिज्ञ कुशल राजा हुन्छ र अन्त्यमा त्यसैको जीत भएको देखाउनुपर्दछ (वर्मा, २०२०:४८३-४८८)।

अरस्तुले विरेचन सिद्धान्त निर्धारणका क्रममा दुःखान्तको स्वरूप बताउँदा महाकाव्यको आनुषङ्गिक चर्चा गर्दै यसलाई समाख्यानात्मक विधाका रूपमा औंल्याएका छन् । यिनले दुःखान्तलाई जति ध्यानदिए त्यति ध्यान महाकाव्यतिर दिएको देखिंदैन । भामहले भनेझैं महान्हरूका जीवनमा आधृत महान् भाषाशैलीमा पन्चसन्धियुक्त प्रबन्ध काव्य नै महाकाव्य हो । चारित्रिक दोषयुक्त दन्त्यकथा, इतिहास या कल्पित स्रोतबाट लिइएको कथावस्तु जो अन्वितित्रययुक्त होओस् र प्रान्जल परिष्कृत भाषाका माध्यमले जीवनजगत्को चित्रण गरिनु पर्ने सङ्केत गरेका छन् । यसरी नै जर्जलुकाचले पनि काव्यशास्त्रका माध्यमले महाकाव्यसम्बन्धी धारणा अभिव्यक्त गरेका छन् । यिनका काव्यशास्त्रको लक्षण प्रगतिवादी चिन्तनतिर कोल्टिएको पनि देखिन्छ । राल्फ फक्सले

युगवर्गीकरण गर्दै महाकाव्य सम्बन्धी धारणालाई अलिक नयाँ ढङ्गले प्रस्तुत गरेका छन् । महाकाव्य प्रकृतिचक्र र वर्षचक्रका माध्यमले गरिने जीवनचक्रको अध्ययन हो । अतः ऋतुको सबैभन्दा सानो एकाइदेखि वर्षचक्रको सानो एकाइ मिसिएर चङ्गाको धागो लटाइमा लपेटिए झैं समयचक्र र ऋतुचक्रले एक फन्को पार गर्दा एक वर्षको वृत्ताकारीय यात्रा पारभएको हुन्छ । यस अवधि या ऋतुमा मानवले गर्ने याबत् कृत्यलाई त्यसैमा अनुस्यूत गरेर हेर्दा कुनै वैशाख १ गते जन्मेको बालक अर्को लगत्तै आउने वैशाख १ गते ऊ एक वर्षको हुन्छ ।

उसका आङ्गिक अवयवले पनि हुनुपर्ने विकास या संवृद्धिका लक्षण आफूमा जसरी सहजवरण गर्दछ त्यसरी नै प्रकृति, वर्ष र जीवगतिको अनुस्यूतिका माध्यमले महाकाव्य अघि बढ्न सक्ने अवस्था उनी औंल्याउँछन् । एक प्रकारले '**जियालो**' महाकाव्य यस परिभाषासँग पनि मिल्दोजुल्दो नै देख्द छु । यसमा पनि ब्रह्माण्ड चहारेर कर्म बन्धन ग्रहण गर्ने जीवावशेषको अध्ययन पूरा गरिएको छ । यसमा मंसिरपुसका आकाशमा उत्तरदेखि दक्षिणतिर नदी जस्तो बनेर देखिने आकाश गङ्का सम्बन्धमा कुरा गरिएको छ र त्यो विषय सरस्वतीले कविलाई सम्झाएकी छन् । आजका कविका दिमागमा विज्ञानका कुरा पनि आएका छन् । ज्ञानका कुरा त लोभनाइका माध्यमले पनि हामीले सुनेका थियौं । अगाडि देखियो कुनै छ लामु ज्योति पुच्छर अहो कुरा बुझाइयोस् भनेर प्रश्न राखियो भनेर प्रश्न गर्दै देवीबाट प्रकाश लामु दण्ड त्यो भनिन्छ पुच्छ तारका उपद्रवी छ पिण्ड त्यो भनेर ज्ञान र विज्ञानका पक्षको कुरा गरिएको पनि पाइन्छ ।

*अनन्त सूक्ष्म तारका सलल्भै बगेसरी*
*नदीबनेर देखिंदा बुझाउँछिन् कृपावती*
*यही त हो नि स्वर्नदी भनी कुनै त ठान्द छन्*
*नदीस्वरूप तारका भनेर लोक मान्दछन्*

(कोइराला,२०७३ : १७)।

**४. जियालो महाकाव्यः**

यो महाकाव्य एघारजना कविले एकएक सर्ग पहिल्यै निश्चित गरिएको कथानक, छन्द र जीवनजगत्का पक्ष, पाटा र पार्श्वलाई लिएर लेखिएको महाकाव्य हो । यसमा पौरस्त्य महाकाव्यका रीति र आधुनिक युगका बेथितिलाई मिसाइएको देखिन्छ । महान्को जीवनकथालाई महान् भाषाका माध्यमले आवश्यक सन्धि ( मोडप्रतिमोड)युक्त सर्गबन्ध प्रबन्धकाव्य नै महाकाव्य हो भन्ने भामहको महाकाव्य अभिलक्षण केही मिल्छ; केही उल्लङ्घित हुन्छ । पौरस्त्य रीति ग्रन्थसिद्धिकामनाका लागि वस्तुनिर्देशात्मक, नमस्कारात्मक र आशीर्वादात्मक समेतगरी तिन प्रकारको मङ्गलाचरणमध्ये यसमा नमस्कारात्मक र वस्तुनिर्देशात्मक मङ्गलाचरणको प्रयोग (१०) ठाउँमा गरिएको छ । एघारजना कविले एकएकसर्गका दरले सिर्जना गर्दा कसैले वाग्देवी त कसैले सिद्धिदाता गणेशलाई सम्झेका छन् । कसैले भने वस्तुसङ्केत पनि गरेका छन् । प्रथमसर्ग लक्ष्मीकुमार कोइरालाद्वारा पन्चचामरवृत्तमा रचना गरिएको छ । यस सर्गमा वाग्देवीका सहयोगले योगविमानमा बसेर कवि र वाग्देवी ब्रह्माण्डका याबत् लोक चहारेर अन्त्यमा कर्मविपाकका कारणले मातृ उदरमा आउने जीवक्रमको उल्लेख गरिएको छ । यहाँ कविको ज्ञानकोषले भूर्लोक-भुवर्लोकादिको आकार लिएकोछ । पितृलोकसम्म पनि योगविमानमा बसेर कविले यात्रा गरेका छन् । यसमा कविलाई श्रीमद्भागवत्को तृतीयस्कन्धमा व्यासले जसरी कर्दम ऋषिका योगबलको वर्णन देवहुतिसँगको केलीक्रीडामा देखाएका थिए त्यसको प्रभाव परेको देखिन्छ ।

कवि कोइराला पौरस्त्य साहित्य-दर्शन र वाङ्मयका साधक हुन् । यसो भएकाले पनि यो सहज हुनसकेको देखिन्छ । 'पातन्जल योगप्रदीप'मा सोमा तीर्थले योगीका सिद्धिमध्ये यसरी सूक्ष्म शरीरमा लोकालोक गमनशक्ति पनि एक हो भनेका छन् । पाइलट बाबाले पनि गोरक्षनाथ र हरिबाबाका अतिरिक्त कैयौं सिद्धयोगीहरू हिमालका गुफामा रहेको वर्णन गरेका छन्; आफ्नो पुस्तक 'हिमाल कहरहा है' को पहिलो भागमा । यसरी नै परमहंस योगाानन्दले पनि वर्णन गरेको देखिन्छ । नारद,लगायत सिद्धपुरूषहरू जहाँ चितायो त्यहाँ जुन बेला चाह्यो त्यही बेला पुग्न सकेका कुरा पुराणमा पाइन्छन् । आधुनिक विज्ञानले पनि फ्याक्स मेसिनको आविष्कार गरेर यसलाई पुष्टिप्रदान गरेको छ । नेपालको लिखित सामग्री केही मिनेटमा नै संसारको जुन्सुकै ठाउँमा पुऱ्याउन सकिन्छ भने त्यही सिद्धान्त व्यक्तिमा पनि त लागू हुन सक्ला नि विज्ञानको पूर्णविकास भएपछि । हिजोका कपोलकल्पना भनेका कुरा आजको विज्ञान र प्रविधिको हातेमालोले ती सबै कुरा सम्भव बनाउँदै आएको पनि देखिन्छ ।

*- अनेक छन् फिरन्त हुन् बुझिन्छ लामु पुच्छ झैं*
*कुनै विशाल पिण्ड छन् कुनै त सूक्ष्म छन् यिनै*

दोस्रो सर्ग *गणेशप्रसाद घिमिरेद्वारा शिखरिणी छन्दमा लेखिएका ११९ श्लोकमा पनि वस्तु निर्देशात्मक मङ्गलाचरण रहेको देखिन्छ । बालक मातृ उदरमा बस्दा कसरी बसेको हुन्छ र कसको ध्यान गर्दछ भन्ने कुरा भानुभक्तले भक्तमालामा लेखेकै प्रभावमा चित्रण गरिएको छ । दोस्रो श्लोकदेखि भने रवि र उषाको प्रणय परिणय र गर्भमा बच्चा आउँदाका कुराका वर्णन जाँगर लाएर गरेको देखिन्छ ।

गर्भिणी अवस्थामा अचेलका विज्ञानले ल्याएका कुरा र प्राचीन लोक अनुभवले प्रदर्शन गरेका माटो, मट्टीतेल, काँचो जीरा चबाउनेजस्ता कुराका अतिरिक्त आमाले खाएका पिरा र अमिलाले बालकलाई पारेको मरणान्त अनुभूतिको पनि वर्णन कविले मजाले गरेका छन् । बालकको अनुभव ज्ञानविज्ञानमा पढे अनुरूपको रहेको छ भने मातृचाहना श्रवणानुरूप रहेको देखिन्छ । किनभने यी कुरा हामी पुरुषहरू वरपरका अग्रजानुजाबाट पनि सुन्छौं भने पत्नीबाट त आधाउधी बेर्होछौं नै । यस कारणले पनि यसमा स्वाभाविकपन झल्केको देखिन्छ । उषाका जिज्ञासासँग रवि निकै भावुक भए, "नजा ! वा जा ! जा ! जा !! मनमगजमा द्वन्द्व भरिए" भनेर कविले वर्ण ,भाव र छन्द याचनासँग क्रीडाकलाको प्रदर्शन पनि राम्रै गरेका छन् । वर्ण, वृत्त र अलङ्कारसँग कुक्कु गर्ने सामर्थ्य भएकालाई संस्कृत काव्यमनीषी विचित्रमार्गी कवि भन्छन् । अरस्तु पनि समाख्यानात्मक पाराले जीवनका अनेक पक्ष र पाटा समेट्दै अनन्यबत् सृजनालाई नै महाकाव्य मान्ने पक्षमा उभिएका देखिन्छन् । यथार्थलाई कविका आदर्शले नाँघ्न सकेन भने महाकाव्य त परैजावस् साहित्यसम्म पनि बन्दैन भन्छन् अरस्तु ।

यस महाकाव्यका प्रत्येक कविहरू श्रीहर्षकै कोटिको विचित्रमार्गका पनि छैनन् र कालिदासको कोटिका या लक्ष्मीप्रसाद देवकोटाको कौटिक सहजता पनि यहाँ छैन । माघ र भारविको मार्ग अवलम्वन गरेका छन्; यहाँका कविले । अर्थात् कामचलाउ । कवि कवितामा र कविता कविमा परिणत हुनुपर्ने कुरा त पारसमणिले पनि गरेकै हुन् । विश्वासको स्वीच अफ कताकती हुनहुन खोजे पनि विश्वास झ्याप्प निभ्न भने सकेन । यस्तै कुरालाई काम चलाउ भनिन्छ । काव्यको पछाडि गातामा पहिलो कविका रूपमा लक्ष्मीकुमार कोइरालालाई राखेर क्रमशः गन्दै गएर बुनु लामिछानेपछि पुनः लक्ष्मीकुमार कोइरालाभन्दा माथिबाट अन्त्यमा उमेर, ज्ञान र अनुभवका त्रैतसंयोगले सन्तवसन्त बनेका कविमा पुगेर महाकाव्यका कविको क्रम टुङ्गिन्छ । कविसन्तले भने रीतिउपेक्षा गरेका छन् । यसपूर्वका सबै कविले काव्यान्तमा वृत्तपरिवर्तन गरेका छन् । यिनले त्यसलाई पछ्याएका छैनन् । आख्यानको बनोट र बुनोटलाई हेर्दा

पनि केही ठाउँमा निम्नपना रहेका पाइन्छन् । संस्कार संस्कृतिको कुरो पनि यथास्थानमा आएकै देखिन्छ ।

*बढ्दै आए दिन अनि महिना सात वर्ष भएका*
*गुन्यूचोलोचलन रहरको माग गर्थी विभूषा (११७)*

×

*सम्साँझैमा शिरभर जुटिका बाँद्धछन् तीन ठाउँ*
*चोखाचोखा सगुन र मनका मङ्गलाकार नाउँ*
*खड्कौलामा वटुक र बुकुवा भोलिको कर्मनिम्ति*
*जुट्छन् आफ्ना सुदिन र यसरी चल्दछन् कर्म चम्की (११९)*

**५. चयन**

चयनमा मूलतः पदावलीको कुरा गरिए पनि महाकाव्यका सन्दर्भमा भाव र आख्यानकै कुरा आउँछ । महाकाव्य भनेकै भावनाको आख्यानीकरण हो । चोखो कविताले लामो बाटो त्यो पनि मट्याइलो र बालौटे मार्गमा चोखो भाव बिलाउने हराउने सम्भावना मात्रै होइन अवश्यम्भावी नै हुन्छ । यसमा समावेश भएका सबै कवि या वसन्त (नाइके कवि भएकाले) का मनमा समाज अर्कै बाटामा लागो । हामीले एउटा आदर्श समाजको चित्र महाकाव्यका माध्यमले देखाउन पाए हुन्थ्यो भन्ने भाव मनमा आएकाले सबै एकठाउँमा बसेर कनिकुथी गर्दा यस महाकाव्यको कथानक तयार भएको देखिन्छ । यस कथानकलाई भाग लाइयो । प्रत्येकलाई छन्द र आख्यानसूत्र प्रदान गरियो । हरेकले आ–आफ्ना भागमा परेका भावलाई आख्यानसूत्रमा बेर्दै गए । सबै जम्मा भएपछि सामान्य छलफल गरी मिलाइयो होला या काव्य साधना गरिसकेका भएकाले नमिलाए पनि काम चलाइएको हो । यो भयो स्रष्टाको अन्तरकथा । आख्यानमा भाव लपेटिने भएकाले भावअनुरूपको छन्दयोजना र अभिव्यक्ति कौशल अनुरूपको अलङ्कार समायोजनदेखि वर्ण पद, पदावली र वाक्य संरचनागत सबलता र निर्बलता चयनक्षेत्रका कुरा हुन् । यस दृष्टिले यो महाकाव्य प्रथमसर्गदेखि एघारौंसर्गसम्म नै एकनासले प्रवाहित भावलाई धान्ने आख्यानसूत्रमा उनेको देखिन्छ ।

आदित्य र उषाका केलीक्रीडाको परिणामका रूपमा उत्पादित विभूषा र विभास यसका नायक नायिका बनेर देखापरेका छन् । यी जुम्ल्याहा दाजुबहिनी सँगसँगै बढ्छन्/पढ्छन् र बहिनीको विभवसँग विहा भएर कर्म घर गएपछि विभूषाले गाउँसुधारका निमित्त गरेका कामबाट यी कविमण्डलीको रूचिक्षेत्र उद्भाषित भएको छ । यसरी नै विभवको पिता पनि पुत्रबधूका कार्ययोजनालाई सघाउने फेलापर्नु, विभवले पनि पत्नीका कार्य, चिन्तन र आचरण तथा विचारणालाई आत्मसात गर्नुमात्र नभई प्राणपणले सघाउन थाल्नुबाट यिनीहरूको समाजलाई के सन्देश प्रदान गर्ने उद्देश्य रहेछ र काव्य लेखेछन् भन्ने कुरो उद्घाटित भएको छ । *बुनु लामिछानेका भागमा परेका सर्गमा अचेलका रजबिग्रिएका नारीले सजबिग्रिएका पुरूषलाई विद्युतीय माध्यमबाट प्रसारित भएर सुनिने गरेका कोटिका कुरा परेकाले काव्यको गरिमा गिरेको देखिन्छ :–

*गाईसमान किन दान गरिन्छ छोरी ?*
*उस्तै गरिन्न व्यवहार हुँदा बुहारी*
*बन्छन् निरस्त यसरी किन आज नारी ?*

सबै नारी निरस्त कहिल्यै पनि भएका थिएनन् । अच, स्वरा, मैत्रेयी, गार्गी, विष्पला, घोषा, नवदुर्गा, याबत् नारीहरूको इतिहास बिर्सेर खैरेले दिएका केही डलरका भीकमा बिकेकाहरू जसलाई (हामी पौरस्त्येलीको या भनौं आफ्नै पूर्वजको पौरख थाह छैन) त्यस्ता अभागी टुहुराका पछि लागेर हाम्रो समाज बिग्रन लागेको देखेर चित्त दुःखेकाले समाजलाई बाटो देखाउन कै लागि सन्तवसन्तले यो मण्डली चलाएर पहिला कविता, त्यसपछि काव्य, र महाकाव्य सृजनाको मेहरो चलाएका हुन् । अतः तद्नुकूल विचार, व्यवहार काव्यमा आवश्यक रहेको देखिन्छ । संसारमा आज पत्नीका घर जाने प्रथा कहाँ छ र ? त्यसो भनेको ? वादविवादमा जस्तो यथार्थमा हुँदैन । आदर्शमा जस्तो व्यवहारमा खोज्न मिल्दैन । सिद्धान्त र व्यवहारलाई मिसाउन कठिन छ, नजिक ल्याउनसम्म सके रामराज्य स्थापना गर्न सकिन्छ । यसरी हेर्दा यसको चयनलाई पनि सर्वथा गुणैगुणले मण्डित मान्न सकिंदैन । चयन लेखकको आफ्नो कुरा हो । अनेक भाषिक विकल्प मध्य या अनेक प्राविधिक विकल्प मध्य कुनै एक चयन गर्ने न हो । यसमा पनि सबैले आफ्नो रूचि अनुसारको छन्द, आफ्नै कल्पना र बौद्धिक क्षमता अनुसारका शब्दालङ्कार अनि अर्थालङ्कारको प्रयोग पनि भएकै छ ।

**६.. विचलन**

कविले काव्य सृजना गर्दा अपनाएका कतिपय कुरालाई कहिले एक रीतले त कहिले अर्कै रीतले प्रस्तुत गर्नुपर्ने अवस्था पनि आउँछ । यस अन्तर्गत अग्रभूमि निर्माण, एउटा प्रमुख कुरा हो । यहाँका कविहरूले काव्य कथनका क्रममा कहिले सोझो वैयाकरणिक पद्धति अवलम्वन गरेका छन् त कहिले आलङ्कारिक पदक्रम अपनाएका छन् । विचलन पनि पद,पदावली, वाक्यांश र वाक्य तहमा मात्रै होइन सर्ग र प्रकरण हुँदै समग्र कथनमा समेत देखापर्न सक्छ । साधारणतया अलङ्कारलाई समानान्तरतामा राखेर हेरिन्छ भने विचलनले चाहिं अभिव्यक्तिको नौलो अनौठोपनलाई र बुनोटको नौल्याइँलाई सङ्केत गरेको हुन्छ :–

**हटेर हैन वीर जोडटी अगाडि बढ्दछ** यस पङ्क्तिमा वीर हटेर होइन; डटेर अगाडि बढ्छ भन्न खोजिएको देखिन्छ तर काव्यार्थमा**विशेष जोड दिनका लागि** वीरलाई मध्यस्थान प्रदान गरिएको छ । **अनेक छन्द छानिए र बाँडिए सरासर** । यहाँ पनि अनेकौं छन्द सरासर छानेर बाँडिए भन्न खोजेको देखिन्छ । बाँडिएर छानिएलाई मध्यभूमि प्रदान गरेर अर्थमा जोड दिइएको छ । एघार सर्गे यस महाकाव्यमा प्रथम सर्गमा नमस्कारात्मक एउटा श्लोकले महेश वन्दना गरेपछि पुग्ने ठाउँमा द्वितीय सर्गको प्रारम्भमा वस्तुनिर्देशात्मक मङ्गलाचरण गरिएको छ भने तेस्रो सर्गमा फेरि गरिएको छैन । यसरी नै सर्ग चारमा पनि वस्तुनिर्देशात्मक पाराको शिवस्मरण गरिएको देखिन्छ । पाँचौं सर्गमा शिव र ब्रह्मको स्मरण गरी अपूर्व सुन्दर चान्चल्य बालापनको चित्रण सामर्थ्यको आमन्त्रण गरिएको छ । छैटौं सर्गमा माता महासरस्वतीको पुकार गरिएको देखिन्छ भनेसातौं सर्गमा त झन गणेश, लक्ष्मी र सरस्वतीमा विनती गरिएको छ ।

आठौं सर्गमा सरस्वती वन्दना गर्दै नौलो सर्ग बनाउने सामर्थ्यका निमित्त प्रार्थना गरिएको देखिन्छ भने नवौंमा अजरअमर शक्तिको स्मरण गर्दै दसौं सर्गमा श्रीपार्वती गणेश र शिवको स्मरण र वन्दना गरिएको पाइन्छ । एघारौं सर्ग मण्डली नायकले रचना गरेका छन् । यसमा उनले मृतिबोध गर्ने र विभास र विभूषालाई चटक्क छाडिदिने कुरो गरेर काव्य टुङ्ग्याउने कुराको सङ्केत गरेकाले यो पनि वस्तुनिर्देशात्मक बन्न पुगेको पनि मान्न सकिन्छ । यसरी यो महाकाव्य महाप्रयोगको थुप्रो बनेको छ । एघारसर्गको महाकाव्यमा दसओटा मङ्गलाचरण उदेक लाग्दो प्रयोग होकि होइन ? सुधीजनले विचार गर्नुपर्ने विषय बनेको छ । बनोटलाई यति धेरै विचलन गराएर यसकाव्यका कविहरूले एउटा नवप्रयोग गरेका छन्; एकातिर भने अर्कातिर भाषावैज्ञानिकहरूले साहित्यको सौन्दर्य मापनका निमित्त आविष्कार गरिएको भनिएका शैलीवैज्ञानिक पद्धतिको धज्जी उडाइएको छ ।

**७. समानान्तरता / अलङ्कार योजना**

यो महाकाव्य एघारजना कविहरू एक ठाउँमा बसेर काव्यका एकएक सर्ग भागलाएर आख्यानका टुक्रा समेत भागलाई कसका भागमा के पर्‍यो ? कुन कविले कुनसर्ग निर्माण गर्‍यो ? कुन छन्द कुन सर्गमा प्रयोग गर्ने भन्ने

कुरासमेत तय गरी गोप्य गरेर रचनाप्रारम्भ गरेको हुनाले भूमिका लेखक स्थानेश्वर गौतम पनि पुस्तक विमोचित नभएसम्म गुप्तावस्थामा नै राखिएको देखिन्छ । यस प्रकारको योजना भएकाले अलङ्कार आयोजना एउटा कविले लेखेको महाकाव्यमा जसरी योजनाबद्ध ढङ्गले व्यवस्थित गरिएको नभईकन सहजस्वस्फूर्त रूपले अलङ्कार कविसामर्थ्यानुरूप पर्न गएको देखिन्छ । अलङ्कार शैल्पिक र भावना दुवैपक्षसँग सम्बद्ध कुरो हो । अर्थालङ्कारले अर्थविच्छित्ति प्रदानगर्दछ भने शब्दालङ्कारले शैल्पिक चमत्कारनिर्माण गरिदिन्छ । यसरी हेर्दा कुनै खास शब्दलाई दोहोऱ्याएर वा कुनै अर्थचमत्कृतिका निमित्त खासप्रकारका शब्दावलीको आवृति याविवृत्तिका माध्यमले अर्थगत सौन्दर्याधानका निमित्त कविले प्रदर्शन गर्ने काव्यकलाको निपुणता या कौशल नै समानान्तरता या अलङ्कारप्रयोग प्रचेष्टाका रूपमा लिनेगरिन्छ । यसरी हेर्दा अनुप्रास,उपमा, रूपक, दृष्टान्त, लोकोक्ति विपर्यास, पुनरूक्तवदाभास, श्लेष, समासोक्ति र विभ्रान्तिजस्ता अलङ्कारको बाहुल्य रहेको भेटिन्छ । रसका दृष्टिले पनि यस महाकाव्यको अध्ययन गर्न गर्न सकिन्छ । आदिसर्ग र अन्तिम सर्ग निर्वेद्य भावका रहेकाले शान्तरस अङ्गीरसका रूपमा आएकोछ र वीर, रौद्र करूण तथा हास्य रसहरू यसमा अङ्गरसका रूपमा यथास्थानमा आएका देखिन्छन् । यसमा सन्निविष्ट कविहरू एक्लाएक्लै पनि एकाधिक महाकाव्य सिर्जना गरिसकेका र गर्नेसामर्थ्य आर्जन गरेका भएकाले पनि काव्य जीवन्त बनेको देखिन्छ ।

आजको युगका नवपुस्ता प्राचीन पौरस्त्य परम्परा र जीवनशैली विपरीत जान लागेको देखि समाज सुधारको सन्देश काव्यका माध्यमले प्रदान गर्ने उद्देश्य राखेर वसन्तमण्डलीले पहिला कविता सङ्ग्रहमा आफूहरूलाई होमो भने त्यसपछि खण्डकाव्यस्तरीय काव्यमा होमेकाले पनि यिनलाई काव्य नैपुण्य हस्तगत भएको बोध गरी एघारजना मिलेर एकेक सर्गमा आफूलाई सीमित गरी यो महाकाव्य सिर्जना गरेको देखिन्छ । नेपाल महाकाव्यका फाँटमा यो निश्चय नै यो नौलो प्रस्तुति र प्रयत्न हुँदाहुँदै पनि प्रयोगकै दृष्टिले अन्यपक्षमा भन्दा पनि **बहुस्रष्टा एकसृष्टिका दृष्टिले यो कोसे ढुङ्गो बनेको देखिन्छ ।** आकाश विभाजित छ भन्ने उपन्यास दसजनाले लेखेका थिए । यो चेष्टा पनि नौलो भने होइन । प्रयोग भएकै हो । धेरैजना मिलेर आ-आफ्नै प्रकारले सिर्जना गर्ने काम मोतीरामले पनि र हरिश्चन्द्रले पनि गरेका नै हुन् । वसन्तहरू यसमा पनि एकश्चन्द्र भने होइनन् । हो, महाकाव्य लिएर भने यसप्रकारले अर्को कोही पनि आएको थिएन । यस अर्थमा यिनीहरू एकश्चन्द्र नै रहनेछन् अर्को कुनै मण्डलीले यस्तै या योभन्दा उम्दाकोटिको काम नगरूञ्जेल । तलका पङ्क्तिमा आद्यानुप्रास मध्यानुप्रास र अन्त्यानुप्रासको शैल्पिक चमत्कार देख्न पाइन्छ । यसमा छेक, लाट र वृत्तानुप्रास पनि प्रयोग भएको देखिन्छ । यसरी नै लोकोक्ति अलङ्कार पनि प्रयोग भएको भेटिन्छ–

*यै बेला हो मन रहर सबै उम्रने डोल*
*खेत यै बेला हो मखमल चुँदरी फाङ्को फार लेप*
*यै बेला हो पुगनपुग हुने व्योम खुल्ने सितार*
*खोज्दै जाऊ अझ परपर है बन्दछौ कर्णधार*

(४/१२२)

## ८. सन्देश

यस महाकाव्यमा आदर्श प्रेमी आदर्श प्रेयसीको रूप देखापर्दछ । आदित्य र उषालाई यहाँ कविहरूले रूप, गुण शील-स्वभाव सबै कुराले परिपूर्ण उदाहरणका प्रतीक बनाएर प्रस्तुत गरेका छन् । यसरी नै विभूषा र विभवको जोडीको कल्पना गरेका छन् भने अर्कातिर विभास र सृजनाका जोडीमा पनि यस्तै एउटा आदर्श चिन्तन, आदर्श सोच, आदर्शतम् व्यवहारको प्रक्षेपण गरेको देखिन्छ । आजको यान्त्रिक युगमा यो कत्तिको सम्भव छ भन्ने पनि हेरिएको छैन । पृथ्वी तन्कँदैन । मान्छेको सङ्ख्या बढ्दोछ । विज्ञानले प्रविधिको आविष्कार नगरेको भए आजका विश्वको जनसङ्ख्यालाई सिङ्गै पृथ्वीको उब्जनीले आधा पेट खान पनि पुग्ने थिएन । अनि मान्छे मान्छेका विचमा काटमार हुन्थ्यो कि प्रेम मैत्री र पारस्परिक सद्भावको विकास हुनेथियो ? यस महाकाव्यकी विभूषाले गरे झैं गाउँसुधारका काम गर्थी कि ? बाँच्नका निमित्त मान्छेले मान्छेलाई आहत गर्ने अवस्थालाई आत्मसात गर्ने थिई । काव्यमा अभिव्यक्त भावको यथार्थलाई आदर्शले नाघ्नैपर्छ । यसो भएन भने जीवन विसङ्गतिका गर्तमा पर्दछ । हो विसङ्गत जीवनको चित्रण पनि एउटा पक्ष हुँदै हो । नेपाली चलन छोरीलाई गुन्यूचोलो दिने र छोरालाई चूडाकरण तथा व्रतबन्ध गर्ने संस्कारको छनक दिइएको छ । चौथो सर्ग पूरै बालउपद्राका रमाइलामा अर्पण गरिएको देखिन्छ ।

बिहे गर्दाको चित्रणले पनि नेपालीपनको सुरक्षणमा ध्यानदिइएको देखिन्छ । समष्टिमा यो प्रयोगवादी महाकाव्य भएर पनि यसले नेपाली समाजलाई बाँच्न सिकाएको छ । यिनै पाखापखेरामा तीर्थठम्याएर आन्तरिक पर्यटनलाई पनि प्रश्रय दिएको छ । वृद्धाश्रम र पाटीपौवाको निर्माणका लागि पनि समय दिइएको छ । **जीवन र मृत्युको गाँठोपस्यौटाका विचमा नै जीवनले सृजना खोज्दछ भन्ने सन्देश पनि यसले दिएको छ ।** यथास्थान रसले पनि अभिव्यन्जित हुने अवसर पाएको देखिन्छ । अनेक छन्द अनेक भाव र रसको सम्मिलन गरेर यस महाकाव्यलाई एउटा आदर्श तर नवप्रयोगले परिपूर्ण काव्यका रूपमा पुऱ्याएको देखापर्दछ ।

...... .... ....




**सन्दर्भग्रन्थसूची**

रिसाल राममणि, (२०५८), **नेपाली काव्य र कवि,** साझा प्रकाशन, पुलचोक ललितपुर ।

वर्मा धीरेन्द्र र अरू, (१९८५ई), **हिन्दी साहित्य कोश** ज्ञानमण्डल लिमिटेड, वाराणसी ।

शर्मा वसन्त र अरू, (२०७३), **जियालो** भाभा प्रकाशन ।

विश्वनाथ, (१९७६ ई), **साहित्यदर्पणः**, चौखम्बा विद्याभवन, वाराणसी ।



# सर्ग ३ - जियालो

– बुनू लामिछाने

अहा ! जन्मदै कष्टयात्रा चुँडाली
छचल्काउँदै भाव गङ्गा उराली
उचाली अहा ! चञ्चला पाउ चाली
चलाएर चाञ्चल्यकै चाल खालि
१

दही होस् कि माटो कि ता चित्त चोरी
हुने विश्वरूपी कन्हैया पुकारी
कुँदी काव्यमा बाललीला उतारी
चलून् लेखनी सिर्जनाकी किशोरी !
२

पगाली अनौठो महाशून्यलाई
अँगाली बडो गर्भयात्रा चलाई
सँगाली स्वयंकै स्वयं जन्मलाई
समाली स्वयं जिन्दगीको कमाई
३

सकारी धराको नयाँ सृष्टियात्रा
उषाको र आदित्यको वंशयात्रा
लिई सन्तले झैँ अहो ! गर्वयात्रा
उदायो यहाँ जन्मको सर्गयात्रा
४

महामर्म भेदी महादर्द टेकी
महाप्राप्ति कल्पी महाकष्ट खेपी
लगातार उत्तप्त सङ्घर्ष भोगी
महाधैर्यका लेपले दर्द छोपी
५

छिचोल्दा व्यथा कष्टका वाण लाग्दा
परीक्षा दिने शक्तिका बाँध फुट्दा
नयाँ शक्ति जन्माउँदै वंशदर्जा
दिदा देहले देहकै अंश कर्जा
६

उषा स्वर्णकी मूर्तिझैँ चम्किएकी
प्रभाती उषाझैँ थिइन् धप्किएकी
उता सूर्य झुल्काउनाको तयारी
यता तेजिलो वंशको चाह भारी
७

महाज्योतिले दिव्य आकाश बल्दै
यता कल्पनाकाश उस्तै धपक्कै
उताकी उषा शीत टप्काउँदी छन्
यताकी व्यथाभार तप्काउँदी छन्
८

व्यथा आँसु हाँसोसँगै घोलिएको
खुसी त्रास आशा निराशासँगैको
प्रसूति व्यथा मृत्युसङ्घर्षजस्तो
छ सौभाग्य दुर्भाग्य नारीहरूको
९

अहा ! उफ् !! मरेँ !! खुय्य !! ऐया नि दैव !
कठै जिन्दगी यत्तिकैझैँ हुँदैछ !
मरेँ मै भने वंश मेरा सदैव
जगेर्ना गरे है दयावीर दैव !
१०

अहो ! दर्दको झोकमा आज मैले
भनेँ जे कुरा त्यो नहोस् दैव ऐले !
छ धोको नयाँ योग्य सन्तान हेर्ने
उसैनिम्ति बाँचेर सद्भाव छर्ने
११

खसेझैँ छ ब्रह्माण्ड आफ्नै थलामा
छ ज्वलामुखी भित्र जल्दो व्यथामा
बल्ददै व्यथा धीरताका छटामा
खिची तालुका वेदना पैतलामा
१२

जिती मृत्यु मातृत्वका सिन्धु छुन्छु
सकेसम्म त्यै सिन्धुमा गै मिसिन्छु
रहेसम्म नै ज्यानमा रक्तबिन्दु
ससङ्घर्ष उत्रिन्छु यो जन्म दिन्छु
१३

उषा भन्दछिन् कट्कटी दाँत किट्दै
म आमा भई छाड्छु यो बज्र चिर्दै !
बुझेझैँ यही उच्च सङ्कल्प हेर्दै
व्यथा चर्कियो त्यो नयाँ जन्म छर्दै
१४

डटी युद्ध लड्दै झिकी आत्मशक्ति
पछार्दै चुनौती लछार्दै विपत्ति
तिखार्दै निखार्दै उचाल्दै त्रिशक्ति
चढाएर उत्कर्षमा वंशभक्ति
१५

बजारेर संवेदनाको त्रिशूल
खपी वेदना पूर्णपारी कबोल
खन्याएर आत्मीयताको समुद्र
उषाले दिइन् सूर्यजस्तै सुपुत्र
१६

वसन्ती उषा रङ्गिइन् सिर्जनाले
उता सूर्य झुल्के यता पुत्र आए
उता अन्मिई यी यता जन्मिनाले
दियो एकखाले धमाका पलाले
१७

धरा धन्य पारी चरा चिर्बिराई
फुकी सुस्तरी कोपिला मुस्कुराई
यता व्योममा सिर्सिरे वायु छाई
रमाए सबै स्वागती गान गाई
१८

प्रसूती व्यथा बाँधिने बाँध फोडी
अझैं जिन्दगी जिल्न बाँकी छ छोरी !
भनी दिन्छ मातृत्व सङ्केत हेरी
व्यथातर्फ औल्याउँदै लौन फेरि !
१९

व्यथा उर्लदै चर्किएको पलामा
छिचोल्छिन् उषा यी पला लाग्छ लामा
अहा ! आह ! ऐया !! यही वेदनामा
भरे प्राण नै जान्छ क्या हो नि आमा !
२०

व्यथा थप्न बढ्दै खुसी खोस्दछौ वा
खुसी थप्न पीडा दिँदैछौ कि दाता !
व्यथा टुङ्गियो हाइ ! भन्नै नपाई
व्यथा फेरि उस्तै दिँदैछौ मलाई
२१

यतातर्फ आदित्य सोच्छन् "विधाता !
गुनासो दिँदैछौ कि नासो पुकार्दा !
छ यो धार दोधार हे मौन वक्ता !
नियाल्छौ कहाँसम्म हाम्रो तमासा !"
२२

नपोख्दा नपोख्दै यिनै मौन भाका
चल्यो त्यै भयाक्रान्त मर्मान्त झट्का
उदाइन् यहाँ फेरि पुत्री तुरून्त
भयो धन्य झन् धन्य यो अत्रि गोत्र
२३

सबै योग्य सप्तर्षिका माझ एक
कुनै अत्रि नामी ऋषिश्रृङ्ग एक
थिए मानसीपुत्र ब्रह्मापिताका
यिनै अत्रि यो गोत्रका हुन् प्रयोक्ता
२४

यिनैले दिएको यही गोत्र ऐल्हे
कतै अत्रि, अत्रेय, आत्रेय, अत्रे
भनी बोलिने गर्छ पर्याय बन्दै
यहाँ मानसी औरसी छन् दुवै नै
२५

कुनै पुत्रपुत्री हऊन् जो कुनैकै
मनैले चिताइन्छ जो वंश आफ्नै
भई पुत्रपुत्रीसमानै घनिष्ट
गनिन्छन् तिनै मानसी वंशभित्र
२६

यता वंश जन्माउने जन्मदाता
खुदैका भई जन्मने जन्मगाथा
सबै औरसी वंश हुन् जिन्दगीका
बडा वृक्ष बोक्ने फलैतुल्य खासा
२७

भए अत्रिका औरसी वंशभित्र
दुवा*. चन्द्र. दत्तात्रयै तीन पुत्र
भए तीन नै योग्य ज्ञानी प्रतापी
यता मानसीभित्र छन् शेष केही
२८

अवस्थी कि वस्ती कि ता मल्ल ओझा
कि गौतम् कि ता मिश्र डाँगी, खत्यौडा
कि राई कि पोखेल, पौडेल आदि
थरीमध्यकै एक यो वंशलाई
२९

सुशोभा दिई वंश नै धन्य पार्न
भयो गर्वलाग्दो नयाँ युग्म जन्म
भरे यी दुवै दाजु बैनी उदाई
दिनन् कीर्तिमान् तेजिला वंशलाई
३०

बखान्नै नसक्ने खुसीका व्यथाका
समाल्नै नसक्ने अनौठै अनौठा
लगातारका भार भारी भए वा
कसो के भयो मूर्छिता छिन् उषा ता
३१

उषा छिन् ढलेकी उता मूर्तिजस्तै
मुढाझैँ भुरा सालमा बेरिएकै
डराएर आदित्य डाक्छन् तुरून्तै
मुमा पाल्नुहोस् ! पाल्नुहोस् लौन ! भन्दै
३२

पुकारा सुनी पुत्र अत्तालिएको
सहारा हुँदै ती बुहारी उषाको
कुदी शीघ्र आमा सुसार्छिन् भुरामा
मुसार्छिन् डटी साउँका व्याज प्यारा
३३

झिकी देहका जालजञ्जाल फारी
नियाल्दा दुई रत्न छोरा र छोरी
उघारी झरी इन्द्रिनी भै सुहाई
खुलिन् कल्पनाकाशमा यी रमाई
३४

जगाएर दीपावली दृश्यचित्र
खिचिन् झल्कँदो स्वर्ग संसारभित्र
उज्याला नयाँ वंशका स्वागतार्थ
बलिन् यी चलिन् उर्लँदै मन्त्रमुग्ध
३५

निकैतर्फ जुम्ल्याह यौटै थरी ती
हुने लाग्छ बाच्छा कि पाडा कि पाठी
उसै लाग्छ ती पात वा अन्न बाली
कि साङ्ला फलैसम्म हेर्दा नियाली
३६

यहाँ भिन्न छन् किन्तु जुम्ल्याह जोडी
दुई वर्गका शक्ति जोडा बिजोडी
यिनी भन्दछिन् एक साथै सुहाए
अहा ! पुष्ट क्या चुस्त छोरा र छोरी !
३७

दुवै एक अर्काविनाका अभिन्न
दुई भिन्न अस्तित्वका शक्ति भिन्न
मिली हाँकिने सृष्टि संसार चिन्न
भएको छ लाग्दैछ यो युग्म जन्म
३८

प्रभाती र रात्री कि आकाश धर्ती
कि आगो कि पानी कि भाले कि पोथी
र यस्तै दुई मुख्य आधारदायी
दुवै भेद भै जन्मिएछन् अहा ! यी
३९

अलग्याउँदै साल औ नाल काटी
दुवै नाल बेडाउँदै ढुक्क राखी
नुहाई पुछी यी दुवै स्वच्छ पारी
दुवै चेहरा ओठ जिभ्रा उघारी
४०

पुकार्छिन् भलो होस् ! चिनी घ्यू चटाई
यता लाग्छ चिन्ता उषातर्फ आई
मुसार्दै बडो स्नेहले सुम्सुम्याई
'भलो होस् विधाता !' भनी बस्दछिन् यी
४१

यता पर्सँदो साल त्यो न्याल्ल ब्याल्ल
सँगै रक्त पानी यता छ्याल्ल ब्याल्ल
फुटेका छुटेका छताछुल्ल छ्वाल्ल
प्रसूति व्यथाका कथा छ्वाल्ल ह्वाल्ल
४२

समालेर फोहोर गाडेर आई
बढारी पुछी ठाउँ न्यानो बनाई
गराएर खोजी सुँढेनी र धाई
उषातर्फ हम्केर बस्छिन् बरा ! यी
४३

यता सिर्जना यी अनेकौँ चुनौती
छिचोल्दै छिचोल्दै यहाँसम्म आई
अनायास झट्का परेझैँ कराई
लगातार पोखेर न्यास्रो रूवाई
४४

फुकाई बडा भाव संवेदनाका
भरोसा गुमेझैँ गरी बन्द आँखा
दिँदैछन् च्यहाँ च्याँ च्यहाँ च्याँ च्यहाँ च्याँ
गरी वेदनाका चरीतुल्य च्याँ च्याँ
४५

नयाँ भै नयाँ लोकमा आउनाले
रूँदै आर्त्तिँदै रूद्ध नौला गलाले
कहाँ के पुकार्छन् नयाँ पाहुना के ?
छरेको छ अन्योल नौलो पलाले
४६

कतै लाग्छ त्यो लोकको शोक जाग्यो !
कतै लाग्छ यो लोकको भोक लाग्यो !
कि ता जन्मका कष्टको झोक लाग्यो !
कि ता एकसाथै सबै थोक लाग्यो !
४७

महासागरी गर्भको मत्स्य शोभा
अनायास फुत्केर आएर पाखा
पऱ्यो छट्पटी फट्फटी श्वास फेर्दा
फुटी ढुक्ढुकी, मर्छुको त्रास लाग्दा
४८

विभाषेहरूका नयाँ लोकमाझ
कसैको सहारा नदेखेर आज
हदै हड्बडाएर गर्दै विषाद
उरालेर पोख्छन् कि त्यो आर्तनाद !
४९

कि भोगाई हुन् यी अनेकौँ थरीका !
महाग्रन्थका मन्त्र वा सूत्रजस्ता
च्यहाँमा निकै शब्द छन् वाक्य छन् वा !
कुनै मर्म मर्मान्त पीडा खुसीका
५०

यहाँका च्यहाँले त्यहाँका वहाँका
अनेकौँ च्यहाँका टिपी चट्ट खाका
झझल्का दिएको छ दर्बार झुप्रा
कि पाटी कि पौवा र बाटाहरूका
५१

दिँदा जन्मले जन्ममै उच्च गर्व
हुँदा जन्म नै एक अज्ञात पर्व
अनायास यो जन्म देख्दा अपूर्व
खुदै रल्लिए जन्मदाता समेत
५२

अझैँ खप्नु पर्ला भनी हो कि कष्ट !
उषा वेदनाले अझै छिन् अचेत
खुसी हो खुसी किन्तु विस्मात् कि हर्ष !
छ अन्योल आदित्य खोल्छन् विषाद
५३

च्यहाँ च्याँ यता वंश रून्छन् उराठ
यता सङ्गिनीको छ मर्मान्त गाथ
म आक्रान्त यौटा दुवैतर्फबाट
उधिन्दैछु पीडाहरु खातखात
५४

छ सुल्टो खुसी यो व्यथा लाग्छ उल्टो
नदी बग्न थाल्दैछ पर्दै गुजुल्टो
कुदेको छ शङ्का जलाएर लङ्का
मनै झोस्न थाल्दैछ बल्दो अगुल्टो
५५

नयाँ वंशको उच्च तृष्णा सजाई
सही घोर पीडा शुभेच्छा जगाई
सुखाभास भोग्नै नपाई बरा यी !
हुँदै छिन् कि ओझेल मेरी धरा यी !
५६

भएँ भूमिकामा कि मै पो अजान !
नयाँ वंशको नाममा ज्यान लान
गरेँ क्यार बाबा नजानेर पाप !
भयो क्यार आघात भारी मबाट !
५७

नयाँ लोभ गर्दा पुरानो विशेष
हुने हो कि निःशेष संसार शेष !
दिई वंश जिम्मा कतै प्राण प्यारी
हुने हुन् कि के थाह टाढा मबाट !
५८

कि मेरो भरोसा नमानेर खास
लिई जान थालिन् कि वंशै समेत !
अनायास अस्तित्व गुम्दा प्रसून
अलाप्दै कि छन् त्यो वियोगान्त आँत !
५९

कतै सत्य यस्तै भए हे विधाता !
मलाई त एक्लै नछोडे नि दाता !
सबै यी गुमाएर यो बाँच्नुभन्दा
छ राम्रो भुतुक्कै मरी साथ लाग्दा
६०

कतै खेद सङ्केत हो यो भने हे !
पिलाऊ सुधा त्यै छ बन्ने अवश्य
भनी सान्त्वना भाव छर्दै खुदैले
बुझाएर आदित्य गम्छन् मनैले
६१

म पापी भए हे पिता दण्ड पाऊँ !
म जाऊँ बसून् लौ न बच्चा र माउ
गरी एक आपस्तलाई बचाउ,
दुवै शक्ति यी बाँच्नुको जे छ भाउ
६२

म बाँचेर पक्कै हुने छैन छैन
र एक्लै म बाँचेर चैनै हुँदैन
नठाने नबाँची सुखै पाइँदैन
म ठिङ्गो नबाँचेर केही हुँदैन
६३

यिनै पोखिएका गुनासा सुनिन् वा !
पुगिन् उर्लदै पोखिएका चिहाँमा
क्रमैले खुल्यो चेतनाको अवस्था
उषा प्रेमले खोल्दछिन् सुस्त आँखा
६४

असैह्यै थियो चस्कियो कष्ट साह्रो
व्यथा बन्न खोज्थ्यो खुसीको तगारो
उठे कान झङ्कार गम्दै च्यहाँको
सुसङ्गीत यो देहमा सल्बलायो
६५

दिई स्वच्छ वात्सल्य छल्का उदार
नदी बीचमा छिन् बगेकी अपार
भनी ए मुमा ! ए मुमा !! बारबार
किनारा खडा छन् दुवै वारपार
६६

नदीका चिनारी र अस्तित्व सारा
बुझेका बनेका झरेका सहारा
किनारा दुवै उत्तिकै प्राणप्यारा
नियाल्छन् नदीभित्र आफ्ना मुहार
६७

उठाएर माथा नसक्दा नसक्दै
नियाल्दा नियाल्दै बडो मुग्ध बन्दै
फुकाई खुसी सिर्जनाकुञ्ज हेर्दै
उषा तृप्ति भर्छिन् सुखाभास छर्दै
६८

अहा ! यो धराका सबै दृश्यभन्दा
अनौठा कला क्या मजाले खुलेका !
दुबै चित्तखिच्दा दुबै लोभलाग्दा
अपेक्षा बुझेरै भरेझैँ अहाहा !
६९

रूँदै छन् र ता यत्तिका दिव्य लाग्छन् !
भरे मुस्कुराए कसो देखिने हुन् ?
धपक्कै बलेका दुवै कान्ति भन्छन्
यिनी पौरखी वंश पक्कै हुने हुन् !
७०

अहा ! रत्न फुल्ने बगैचा कमाएँ !
म आमा भएँ आज संसार पाएँ !
व्यथा नै कथा भो अहो ! धन्य ! धन्य !
अनौठो कुरा रैछ सन्तान भन्ने !
७१

भएको छ आभास यस्तै मलाई
झरे देवकै लोकबाटै यहाँ यी
गुणी वंश देवत्वकै अंशधारी
युगै हाँक्न सक्ने हुनेछन् बडा यी
७२

हऊन् स्वप्न साकार हे सृष्टिदेव !
बनून् यी महान् लक्ष्य योद्धा विशेष !
बनून् नित्य सत्पात्र यी अग्रगामी !
सकौँ बाँच्न सन्तोषका साथ हामी
७३

यहाँ उम्रिई सिर्जिई प्राणतत्व
यहाँकै पिई पोसिला पञ्चतत्व
भरे हुर्किंदै सम्झँदै यो महत्व
दुवै यी बुझून् राष्ट्रको आत्मतत्व !
७४

नहोऊन् दुवै सिर्जना यी कृतघ्न !
सकून् राष्ट्रकै निम्ति आजन्म बढ्न !
परे देह अल्पायुमै त्याग गर्न !
सकून् यी भरे देशकै निम्ति मर्न !
७५

अहो ! यो नयाँ मातृसत्ता दिलाई
उही पूर्ण अस्तित्वभित्रै मिलाई
मबाटै ममा सृष्टि गङ्गा बहाई
पुऱ्यायौ कहाँ सृष्टिदाता मलाई !
७६

अहा ! यो पलामा म सम्झेर आमा !
उडी पत्रझैँ माइतीका थलामा
पुगी मुग्ध बन्दैछु भन्दैछु, आमा !
महान् हौ दियौ जन्म यस्तो धरामा !
७७

चिरी देह चूडान्त सङ्कष्ट पाई
पिई घोर पीडा सँगै मुस्कुराई
झिकी गर्वले देहको अंशलाई
दियौ के गरी ? जन्म यस्तो मलाई
७८

बुझी आज त्यो मातृसत्ता उदार
डुबुल्की लगाई लगाई हजार
नमस्कार गर्दै झुकी बारबार
ऋणी भैरहेकी छु पाएर सार
७९

बिचार्दैछु आजै मिलेको चिनारी
म हूँ जन्मदात्री कि जन्मेँ म फेरि !
नयाँ सृष्टिदात्री धराकी कुमारी
धरा नै म हूँ या पराशक्ति नारी !
८०

पुकार्दैछु यो फुर्फुरीमा रमाई
कुनै दम्भ आई नछोपोस् मलाई !
सुसंस्कारका सभ्यताले सजाई
चढाऊँ सुसन्तान यो लोकलाई !
८१

यिनै मुग्ध माधुर्यमा पग्लिँदैछिन्
उषा मातृवात्सल्यले अग्लिँदैछिन्
पुगी शैलमा त्यो च्यहाँतर्फ हेर्छिन्
छचल्केर हर्षाश्रुका साथ भन्छिन्
८२

किची दुष्ट सङ्कष्टका हाड भाँची
म बाँच्दैछु तिम्रै सुसारार्थ हाँसी
उठेकी छु हेर्दै तिमीतर्फ खाली
शिशो मुस्कुराओ ! मलाई नियाली
८३

नरोऊ खुला गर्वले मुस्कुराऊ !
उतार्छन् यहाँ देवतासम्म पाउ
सकारी नयाँ लोक आँखा खुलाऊ !
उठी काँधको स्थूल जिम्मा समाऊ !
८४

म ज्यूँदै छँदै गर्न को सक्छ दाबा !
तिमीमा कुनै दाग लाग्दैन बाबा !
नरोऊ ! अरेरे यहाँ छैन धोका !
नरोऊ ! फुकाऊ नयाँ हास्य आभा !
८५

सुनी रोकिए सिर्जजनाका रूवाई
यताकी उषा झल्किइन् मुस्कुराई
उताबाट आदित्यको साथ छाई
त्रिवेणी रमाइन् छचल्का उठाई
८६

कतै दिव्य तृष्णा कतै उच्च आशा
कतै घोर पीडा र हाँसो खुसीका
लगाएर सङ्घर्षका धेर झट्का
खुले घामछाया यहीँ जिन्दगीका
८७

अनौठो दिवा यो बित्यो यत्तिकैमा
चढ्यो साँझ उल्लास थप्दै सबैमा
बिहानी बढ्यो भोलि दोस्रो दिवामा
चढ्यो ढल्कियो रात तेस्रो छुँदैमा
८८

नयाँ सिर्जनाका नयाँ बृद्धि गर्दै
दिवा रात बढ्दै गए हर्ष छर्दै
यसै शृङ्खलामा कट्यो पाँच रात
बढ्यो हर्ष बोकेर छैठी लमक्कै
८९

नयाँ सृष्टिका भाग्यका रात सम्झी
पुकारी शिवा षष्ठिका भाग्यदेवी
दुवै सिर्जनाका सिरानीनिरै यी
लगी राखियो लेखनीसाथ कापी
९०

मसीयुक्त राता दुवै लेखनी यी
यता ज्योतिषीले दुवै सिर्जना यी
यहाँ जन्मिएका पला योग हेरी
बनाए अलग्गै चिना ठिक्क पारी
९१

दिए पीप्पले पातमा नाम लेखी
नयाँ भाग्यकी शक्तिलाई चिनाई
जनाई दुवै टिप्पणी पत्र राखी
अपेक्षा भए भाग्य सौभाग्य सोची
९२

फुपू फुर्कँदै सिर्जना काख हाली
गरिन् भक्तिका साथ पूजा रमाई
मुमाको प्रसादी लगाई दुवैमा
सजाइन् अहा ! गाजलू अक्षतामा
९३

सकी रात छैठी गयो सात लाग्यो
बिहानी दिवा साँझझैँ रात भाग्यो
बढ्यो आठ आयो गयो नौ उदायो
गयो त्यो दशौँ जम्जमायो गयो त्यो
९४

उदाएर एघार छायो रमाई
अझै भिन्न अस्तित्व बोकेर ल्याई
जमेको छ उत्साह अर्कै सजाई
नयाँ नामका घोषणा गर्नलाई
९५

विनानामका यी कला चिन्न खास
रह्यो पुत्रको नाम प्यारो विभास
सुपुत्री विभूषा भइन् आजबाट
सबै भन्दछन् नाममा क्या मिठास
९६

भरेका महान् कर्मका स्वाभिमान
उचालेर निर्धक्क बढ्ने विमान
बनून् उच्च सेवा दिने यी निदान
दुवै नाम आनन्द छर्ने सुनाम
९७

लिई नामका यी चिनारी धरामा
मुनाझैँ बढी जिन्दगीका गरामा
गते बार हप्ता गरी पक्ष मैना
चढी बृद्धि सम्बृद्धिका शृङ्खलामा
९८

लिई शैशवी फुर्फुरीका विकास
खुली सृष्टिमा यी विभूषा विभास
फिँजाएर सौन्दर्य शोभा सुवास
दिँदैछन् भरेका सुसङ्केत आज
९९

इसारा जनाई बढेका पलाका
समाएर माला मुमाका गलाका
पिई दूध रम्दै झिकी ढङ्ग पाका
छरी क्यै नयाँ मोड सञ्चेतनाका
१००

भला प्रेरणाशक्ति आधार पाई
चढेका नयाँ वंशका यी बढाइ
दुई तीन वा चार गन्दै रमाई
बढे लम्कँदै खास चालै नपाई
१०१

कसैले पुकारे जुधाएर आँखा
सिकी सुस्त मुस्काउने सीप खासा
कसैले बकाए लिई उच्च आशा
कुरा गर्न थाल्छन् झिकी नव्य भाषा
१०२

उघारी नयाँ पातझैँ ओठ साना
गरी आइ आऊ इया याइ नाना
निहारी निहारी सिधै चेहरामा
यिनी जोड गर्छन् उमङ्गी कुरामा
१०३

बनी मोहनी माधुरीयुक्त खानी
लगाई लगातार प्यारा निसानी
नजानी नजानी कि हो खिच्न जानी
बनी निष्कलङ्की र निर्दोष नानी
१०४

खुसीसाथ पाई बडा छत्रछाया
कमाएर चौतर्फका मोहमाया
नठानी नमानी कसैका पराया
उठे हुर्कँदै फुर्कँदै बालकाया
१०५

भुरा भर्खरै अस्ति हो जन्मिएको
चले पाँच मैना नपाएर पत्तो
रह्यो दूध आहार पक्कै अपुग्दो
भयो चाहिने ठोस खाना अहो हो !
१०६

पिता भन्दछन् वंशको गर्व ठानी
बुझी मन्त्र 'अन्नाद् रसो ब्रह्म' जानी
खुलोस् खानलाई गरौँ हेर पास्नी !
सुता पाँच मैना भइन् ठिक्क ठानी
१०७

यही भाद्रकै सप्तमी शुक्रबार
जुरेको विभूषा सुताका निमित्त
वृहस्तत्वको केन्द्रमा बास रैछ !
सँगै रोहिणी जन्म नक्षत्र नै छ !
१०८

बिहानी सवा नौ बजेको पलामा
छ राम्रो निकै नै शुभारम्भ गर्दा
भनी हेरिएकै जुरेकै घडीमा
छ पास्नी हुँदै हर्षको छैन सीमा
१०९

अलङ्कार पोशाक पास्नी हुँदाका
खुसीसाथ पैह्राइएकी सुशोभा
विभूषा सुता नायिका आज कर्ता
भई शोभिएकी छ यो कर्म गर्दा
११०

स्वयं शक्तिदेवी झरिन् रूप फेरी !
कि चारु विभूषा परी हुन् कि छोरी !
भनी दङ्ग पर्दै हँसाई बसाई
रमाए सबै अन्न पक्वान्न ल्याई
१११

नयाँ वंश आरोग्यका कामनामा
गरी जाप पूजादिका कर्म नाना
यथायोग्य संस्कारदाता बडाका
गरी सम्झना भव्य पुर्खाहरूका
११२

क्रमैले बडा मान्यबाटै खुवाई
लगाएर टीका शुभाशीष छाई
नयाँ शक्ति संस्कारसम्पन्न पारी
भयो पूर्ण पास्नी बडो हर्षकारी
११३

छ मैना हुँदा पुत्रको हुन्छ खास
छ लाग्दैछ यो पर्सिबाटै विभास
बिचार्दा यही पञ्चमी सोमवार
जुरेका रहेछन् सबै एक साथ
११४

सुराचार्य छन् केन्द्र नक्षत्र चित्रा
छ राम्रो घडी ठिक्क एघार बज्दा
यसै मर्मको खास केन्द्रीयतामा
छ पास्नी हुँदै तोकिएको पलामा
११५

हुँदै अस्तिजस्तै अहा ! फेरि भव्य
जुटी फेरि उस्तै सबै गन्यमान्य
गरी दीप पूजा सँगै देववर्ग
पुकारा गरी वंश आरोग्यतर्फ
११६

खुवाएर पक्वान्न आशीष छर्दै
लगाएर टीका क्रमैले सबैकै
सदाशा सजाई भरोसा जगाई
भयो पूर्ण पास्नी सुभेच्छा समेट्दै
११७

मिलेका कुरा स्वाद मानेर खाए
बढे सिर्जना हुर्कँदै फुर्फुराए
हिजो अस्तिभन्दा अझैँ जुर्मुराए
क्रियाकर्म आफ्ना क्रमैले बढाए
११८

थियो चल्मलाएर मात्रै नपुग्ने
भयो वल्टिई पल्टिई थोर लाग्ने
यसै थन्कँदा ठान्न थाल्छन् बिकामे
कि क्या हो ! दुवै थाल्दछन् सर्न बामे
११९

त्यहाँ जान इच्छा छ यो सर्र जाऊँ !
छ त्यो थालमा के बुझी खर्र आऊँ !
घिसारेर ल्याऊँ नियालेर जानूँ !
झिकी खान थालूँ बनी चानुमानु !
१२०

उठाऊँ ठटाऊँ लिई वस्तु रित्ता !
गुडाऊँ लडाऊँ बजून् ड्याङ्ग बाजा !
समाचार ल्याऊँ यताका उताका !
बुझिन्छन् कुरा ता स्वयंले बुझेका
१२१

नयाँ वंश बढ्दा पर्‍यो खान बढ्न
अनेकौँ थरी खाद्य वा मांस अन्न
चपाएर खाऊन् लिऊन् स्वाद भन्न
दिने भो अहा ! देहले दाँत टन्न
१२२

टुसा उम्रँदा बीजको मूल चीज
भिजी ढाडिई पोटिएतुल्य बीज
गिजामा नयाँ दाँत जाग्दा पुटुक्क
गिजा सुन्निदै पोटिँदै छन् समस्त
१२३

व्यथा चर्कँदै कट्कटी दुख्न थाल्दा
गिजैमा थिचे लाग्छ सञ्चो सुविस्ता
सबैथोक खाँदा छिचोल्दा गिजोल्दा
भलो हुन्छ धेरै निकैपल्ट थिच्दा
१२४

यही सोच पाली नयाँ चाल चाल्दा
नराम्रो र राम्रो मुखैभित्र हाल्दा
पखाला चली कष्टले कष्ट थप्दा
गरी ओखती हुन्छ सञ्चो सुविस्ता
१२५

चढे आठमा यी दुवै आजबाट
यसै मासमा गर्नु छन् कर्णभेद
छ बाँकी गते बार नक्षत्र जुर्न
ल ल्याऊ तिमी आज पात्रो बुझूँ म !
१२६

* दुर्वासा

(साभारः जियालो महाकाव्य)

क्रमशः . . .

समाचार

# प्रधानमन्त्री ओलीले पाए १ करोड १३ लाख



युनिभर्सल पिस फेडेरेशन (युपिएफ) ले प्रधानमन्त्री केपी शर्मा ओलीलाई १ लाख डलर (करिव १ करोड १३ लाख रूपैयाँ) राशीको 'लिडरसिप एन्ड गुड गभर्नेन्स अवार्ड' प्रदान गरेको छ । राजधानीमा आयोजित एशिया प्यासिफिक शिखर सम्मेलनको समापन अबसरमा आइतबार संस्थाकी अध्यक्ष हाक जा हान मुनले प्रधानमन्त्री ओलीलाई उक्त स्वर्ण अवार्ड र सम्मानपत्र हस्तान्तरण गरिन् । प्रधानमन्त्री ओलीले पुरस्कार पाएपछि मन्तव्य दिँदै उक्त रकम बालबालिका र युवाको क्षेत्रमा खर्च गर्ने गरी कोष स्थापना गर्ने बताए । 'मैले व्यक्तिगत रूपमा यो पुरस्कार पाएको हैन,' उनले भने,' राज्यले पाएकाले त्यसको रकमबाट बालबालिका र युवाको क्षेत्रमा खर्च गर्ने गरी कोष स्थापना गर्न रकम हस्तान्तरण गर्ने छु । 'प्रधानमन्त्री ओलीले सुशासनबिना विकास सम्भव नहुने बताउँदै आफू सुशासन स्थापनामा प्रतिबद्ध रहेको बताए । युपिएफले सुशासन र विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका विश्वका नेताहरू मध्येबाट उक्त पुरस्कार प्रदान गर्दै आएको छ । पुरस्कारपछि विभिन्न विद्वान्हरूले प्रम ओलीलाई 'धर्मान्तर र पुरस्कार, क्रिस्चियन ब्लेसिङ र समृद्धि' भन्दै कटाक्ष गर्न थालेका छन् ।

# आईजीआई र नेपाल बैंकबीच बीमा सेवा सम्झौता




आइएमई जनरल इन्स्योरेन्स लिमिटेड र नेपालको सबैभन्दा पुरानो बैंक नेपाल बैंक लिमिटेड बिच दुर्घटना बीमा तथा औषधोपचार बीमा सेवा सम्झौता भएको छ । उक्त सम्झौतापत्रमा आइएमई जनरल इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठ र नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत देवेन्द्रप्रताप शाहले हस्ताक्षर गर्नुभयो ।

सम्झौता पश्चात बैंकले आफ्ना खातावाला ग्राहक महानुभावहरूलाई निशुल्क रूपमा रु. १० लाख बराबरको दुर्घटना बीमा र रु. २५ हजार बराबरको औषधोपचार बीमा आइएमई जनरल इन्स्योरेन्स लिमिटेडबाट प्रदान गरिनेछ । उक्त कार्यक्रममा नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत देवेन्द्रप्रताप शाहले बैंकमा नागरिक बचत खाता खोलेका र खोलिने खातावालाहरूको निःशुल्क रूपमा रु १० लाखको दुर्घटना बीमा तथा रु २५ हजारको औषधोपचार बीमा हुने जानकारी दिँदै आफ्ना ग्राहक महानुभावहरूलाई थप सेवा प्रदान गर्न आइएमई जनरल इन्स्योरेन्स लि. संग बीमा सेवाको लागि सम्झौता गरिएको जानकारी दिनुभयो ।

त्यसैगरी आइएमई जनरल इन्स्योरेन्स लि.का प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठले बैंकसंगको सम्झौताबाट कम्पनीलाई अझै आफ्नो सेवालाई सरल, सहज र चुस्त राख्न प्रेरणा मिलेको बताउनु भयो । आइजीआईका नायब महाप्रबन्धक तथा सूचना अधिकृत शरण रेग्मीद्वारा जारी प्रेस विज्ञप्तिमा यी कुराहरू उल्लेख गरिएको छ ।

## पशु सेवा विभागको अनुरोध

- वाह्य मुलुकबाट पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्री आयात गर्दा नाकामा रहेको पशु क्वारेन्टाइन चेकपोष्टमा जाँच गराई प्रमाणपत्र लिएर मात्र आयात गरौं ।
- देश भित्र उत्पादित पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्री एक स्थानबाट अर्को स्थानमा ओसार पसार गर्दा अनिवार्य रूपमा उत्पत्ति एवं स्वस्थताको प्रमाणपत्र साथमा राखौं ।
- व्यावसायिक प्रयोजनको लागि यात्रुवाहक सार्वजनिक सवारी साधनको छत तथा डिक्कीमा पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्री ढुवानी नगरौं ।
- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्री निकासी पैठारी गर्दा पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ र सोको नियमावली २०५६ तथा पशु सेवा विभागले तोकेको मापदण्ड अनुसार गरौँ ।
- उपभोक्ता एवं सर्वसाधारण नागरिकबाट माथि उल्लेखित बुँदाहरू कसैबाट उल्लंघन हुने गरी क्रियाकलाप भएको पाईएमा नजिकको पशु क्वारेन्टाइन चेकपोष्ट वा पशु क्वारेन्टाइन कार्यालयमा जानकारी गराऔं ।
- कसैले पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ र सोको नियमावली २०५६ को वर्खिलाप हुने गरी कार्य गरेमा रू ५०,००० सम्म जरीवाना हुने हुँदा पशु क्वारेन्टाइन प्रक्रियाप्रति सचेत होऔं ।

**विस्तृत जानकारीको लागि**

**पशु सेवा विभाग**
फोन नं. ०१ ५५२२०५६

**पशु क्वारेन्टाइन महाशाखा**
फोन नंः ०१ ५५५४११०, ०१ ५५५४११२

## मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि.
MERO MICROFINANCE BITTIYA SANSTHA LTD.



रामहरि दाहाल, सीईओ

गरिब, विपन्न, पिछडिएका तथा राज्यको मूलधारमा नसमेटिएका समुदाय तथा परिवारको आर्थिक, सामाजिक तथा चेतना स्तर उठाई गरिबी न्यूनीकरण गर्ने लक्ष्य र उपलब्ध सीप, श्रम तथा पुँजीलाई उचित रूपमा परिचालन गरी ग्रामीण तथा सहरी क्षेत्रमा सम्भाव्य उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापन, सञ्चालन, विकास, विस्तार एवं प्रवर्द्धन गर्ने कार्यका लागि **सर्वसाधारणलाई गुणस्तरीय वित्तीय तथा भरपर्दो लघुवित्त सेवा** उपलब्ध गराउनुका साथै आवश्यक पर्ने साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्शसेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणको कार्यमा सहयोग पुऱ्याउने उद्देश्य लिएर **मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड**को स्थापना वि.सं. २०६९ कार्तिक २६ गते भएको हो । यो संस्था नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्था हो । यसको अधिकृत पुँजी ४० करोड, जारी तथा चुक्ता पुँजी २८ करोड ६० लाख रहेको छ । यसको प्रवर्द्धकमा ८ वटा वाणिज्य बैंक र २ वटा विकास बैंकहरू रहेका छन् ।

मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि.
MERO MICROFINANCE BITTIYA SANSTHA LTD.

कर्पोरेट कार्यालय
बट्टार, नुवाकोट
फोन नं. ०१०-५६१७४६/५६१७४७

सम्पर्क कार्यालय
ज्वागल, कुपण्डोल, ललितपुर
फोन नं. ०१ -५५५२७५७९/५५२८१३६



# मनलाई आनन्दमय बनाउने ओखती भनेकै गीत-संगीत हो

**महेश प्रसाद रिजाल**



*राष्ट्रिय वाणिज्य बैकमा २८ वर्ष ४ महिना लगातार सेवा गरिसकेर निवृत्त हुनु भएका **महेश प्रसाद रिजाल**लाई चिन्ने जो कोहीले पनि नेपाली मोहम्मद रफि भन्ने गर्छन् । भारतीय प्रसिद्ध गायक रफि २४ डिसेम्वर १९२४ मा जन्मेर ३१ जुलाई १९८० मा स्वर्ग प्रस्थान गर्नु भएको थियो । रफिको दुरुस्तै आवाजमा गीत गाउने यी गायक रिजाल चाहिँ वि.सं. २०१५-९-१५ गते काठमाडौंमा जन्मनु भएको हो । हाल चाबेल बस्दै आउनु भएका रिजालसँग अग्निचक्रको कुराकानी यहाँ प्रस्तुत गरिएको छ ।*

**तपाईलाई किन नेपाली मोहम्मद रफि भन्ने गर्छन् ?**

– म बच्चै उमेरदेखि गीत-संगीतमा रुचि राख्ने महानगरवासी हुँ । बच्चा उमेर देखि नै मलाई कता कता भारतीय गायक मोहम्मद रफि मन पर्दै गयो अथवा भनौं वहाँले गाएका हरेक गीत मन पर्न थाल्यो र मैले पनि गाउँदै गएँ । यसो भइरहदा साथीभाइले मलाई र मेरो स्वरलाई मोहम्मद रफि सँग दाँजेर नेपाली मोहम्मद रफि भन्न थाले र आज म त्यसरी नै चिनिएर रफि सा'बका गीतहरू गाउँदै हिँडिरहेको छु र मलाई यसैमा आनन्द लाग्छ ।

**मोहम्मद रफिको बारेमा तपाईलाई के के थाहा छ ?**

– रफि सा'बको बारेमा मलाई ९५ प्रतिशत कुराहरू थाहा छ । मलाई मनपर्ने गायक भएकाले वहाँको बारेमा सबैकुरा खोजेर अध्ययन गरेको छु, जुन बताएर साध्य छैन किनकि वहाँले २८ हजार भन्दा बढि गीत गाउनु भएको छ । गिनिज वर्ल्ड रेकर्ड प्राप्त रफि सा'ब भारतीय प्लेब्याक सिंगर हो र वहाँले फिल्म फेयर अवार्ड (बेस्ट मेल प्लेब्याक सिङ्गर), BFJA अवार्ड, नेशनल फिल्म अवार्ड (बेस्ट मेल प्लेब्याक सिङ्गर) लगायतका थुप्रै अवार्डहरू म्यूजिकल क्यारियरमा प्राप्त गर्नु भएको थियो । एसडी बर्मन, शंकर जयकिशन, रवि, मदन मोहन , ओ.पी. नयर, लक्ष्मीकान्त प्यारेलाल लगायतसँग वहाँले सहयात्रा गर्नु भएको थियो । वहाँको रोयल्टीबारे र पुराना कुराहरू संगीतबारे धेरै थाहा छ मलाई । वहाँका सबैजसो गीतहरू (अपवाद बाहेक) मैले सुनि सकेको छु र धेरैजसो गीतहरू गाइसकेको छु । विडम्वना १९८० जुलाई ३१ का दिन हृदयघातका कारण वहाँ बित्नुभो तर आज संसारभर रफि सा'ब अमर हुनुहुन्छ ।

**रफि सा'बका गीतहरू कहाँ गएर गाउनुहुन्छ ?**

– मलाई मन परेको बेला घरमा या जहाँकहीँ पनि गाउँछु । तपाईले कार्यक्रमहरूको कुरा गर्नु भएको भए, मैले ९६ पटक देशका विभिन्न ठाउँमा स्टेज प्रोग्रामहरूमा रफि सा'बका दर्जनौं दर्जन गीतहरू गाइसकेको छु । त्यस्तै एफ.एम. स्टेशनहरूमा पनि २३ वटा जति एफएममा अन्तर्वार्ता दिँदै गाएको छु भने भारतीय राजदुतावास र साहित्यिक संघ संस्थाले आयोजना गरेका कार्यक्रमहरूमा जहाँ हिन्दी भाषाभाषिकाको कार्यक्रम हुन्छ, त्यस्ता कार्यक्रमहरूमा मलाई निम्तो गरिएको हुन्छ र म अतिथि भएर वहाँहरूको अनुरोधमा सयौं जनमानसमाझ रफिसा'बका गीतहरू गाएर सबैलाई भरपुर आनन्द दिइरहेको हुन्छु ।

**आजकल दिन कसरी बित्छ ?**

– २८ वर्ष सेवा गरेको हुँदा बैकिङ्ग सेक्टरबाट मलाई माथिल्लो तहको जागिरको अफर आएर पनि मैले गरिन । किनकि म मेरो बाँकि जीवन रफि सा'ब कै गीत गाएर बिताउने रहर छ अझै पनि । कथा, कविता, निबन्ध लेखेर पनि मेरो दिनहरू बितिरहेछन्, साथमा गीत-संगीत त छँदैछ । मैले आफैले पनि गीत लेख्छु, संगीत दिन्छु र गाउँछु पनि । तर साथीभाइको प्रेरणाले म रफि सा'ब कै गीतमा आनन्द लिइरहेछु ।

**गीत-संगीतबारे परिभाषा दिनुहुन्छ कि !**


– सुर र लय मिलाएर गाइने वाक्य, पद, छन्द, कविता, गाना, गान अथवा गायन नै गीत हो । गीत रचयितालाई गीतकार भनिन्छ भने गानबजाना गर्ने, वस्ताज अर्थात गाउने पेशा वा सोख भएको व्यक्तिलाई गायक भनिन्छ । सुरताल ठीकसँग मिलाउन सक्नेलाई साथै लय-ताल-वाद्यवादनका साथ मिलाएर गाइएको गीतलाई संगीत भनेर बुझ्नुपर्छ । संगीत भनेको मेडिसिन हो, ओखती हो, जो सेवन गरेपछि मन आनन्दित हुन्छ ।

**धर्म र अध्यात्मबारे तपाईको बुझाई के छ ? र अन्तमा के भन्नुहुन्छ ?**

– नियमित र निर्धारित काम-व्यवहार अर्थात लोकहितका लागि स्विकारिने कर्तव्य-कर्म नै धर्म हो । उचित र अनुचितको विवेक गर्न सक्ने चित्तवृत्ति, चरित्ररक्षा र परोपकार एवं ईश्वर प्राप्तिको मार्ग नै धर्म हो । ज्ञानको मार्गलाई अध्यात्म भनेर बुझे नि हुन्छ । ज्ञान, मुक्ति, वैराग्य बारे बुझेको मान्छे, धर्म, अर्थ, काम र मोक्ष अनि काम, क्रोध, लोभ, मोह र अहंकार यी सबै कुरालाई विस्तृत रूपमा बुझेर सुपर नेचुरल पावरलाई जान्न चाहने र आफू-आफ्नो समाज र पृथ्वीको कल्याण चाहने सादा जीवन उच्च विचार भएको मान्छे नै धार्मिक मान्छे र अध्यात्मिक महापुरुष बन्न सक्छ भन्ने मेरो बुझाई छ । मैले यी सबै कुराहरू राम्रोसँग बुझ्ने कोशिस गरिरहेको छु, धन्यवाद छ तपाईं र सम्पूर्ण पृथ्वीवासीलाई । जय होस् नेपाल र नेपालीको ।

जय बाबा पशुपतिनाथ ।।






# बिजुवा उपचार केन्द्र खोज्दै विदेशबाट समेत आउने गरेका छन्

**माता ॐ जयाश्वरी**

**तपाईको परिचय के हो ?**

– मलाई बच्चादेखि बोलाउँदै आएको नाम गीता गिरि हो तर मलाई वैदिक शक्तिले दिएको नाम जयाश्वरी हो । समाजसेवी देशभक्त-राष्ट्रवादी सनातन-वैदिक हिन्दुधर्म संस्कृतिसेवी भनेर पनि मलाई चिन्ने गर्छन् र सम्मान पनि पाएकी छु । वि.सं. ०२७ साल भदौ १० गते विराटनगरमा जन्मिएकी हुँ । मदनराज गिरिसँग विवाह भएर दुई छोरा जन्मिएका छन् र हुर्किसकेका छन् ।

म वाल्यकाल देखि नै सामाजिक, धार्मिक तथा सांस्कृतिक कार्यहरूमा सक्रिय रहँदै आएकी छु । विगत १५ वर्षदेखि बिजुवा उपचार केन्द्र मार्फत समाज सेवा गरिरहेकी छु । म द्वारा उपचार गराउँन देशका विभिन्न ठाउँहरूबाट र विदेशबाट समेत मान्छे आउने क्रम जारी छ ।

**तपाईमा के त्यस्तो शक्ति छ ? र मानिसहरू यहाँ आएका ?**

– बिजुवा उपचार केन्द्र , ॐ जयाश्वरी थुमाँ-माङ्तान्त्रिक उपचारमा मैले मान्छेका कुनै पनि समस्याहरू चामलबाट, कौडाबाट, मालाबाट, पातबाट, चिनाबाट, नङबाट जोखाना हेरेर समस्या समाधान गर्दै आएकी छु । परम्परागत रूपमा चल्दै आएको "बिजुवा" चलन नै हो जो मलाई वाल्यावस्था मै परमात्माद्वारा दिइएको एक उपचार विधि भनेर बुझ्दा हुन्छ । मलाई भगवान् कै कृपा भएर यो शक्ति प्राप्त भएको हो । धर्मपुराण एवं सनातन धर्म संस्कृति कि प्रतिमूर्ति माता ॐ जयाश्वरीज्यू भन्दै उपचारका लागि आउने गर्छन् र मैले उपचार दिँदै आएकी छु ।

**तन्त्र भनेको के हो र तान्त्रिक केलाई भनिन्छ ?**

– देव-देवीको उपासना-पूजा गरिने विशिष्ट खालको नीति नियमहरू अथवा देवी-देवताको उपासना गर्ने शक्ति वा शैव रहस्यमय झारपुक गर्ने मन्तरविधि नै तन्त्र हो । तन्त्रशास्त्र जान्ने वा तन्त्रको प्रयोग गर्ने अर्थात तन्त्र विद्यासम्बन्धी पोख्त तन्त्रविद्लाई नै तान्त्रिक भनिन्छ र मैले तान्त्रिक उपचार दिँदै आएको छु । बिजुवा उपचार केन्द्र खोज्दै विदेशबाट समेत आउने गरेका छन् ।

**उपचारको बारेमा के भन्नुहुन्छ ?**

– रोगको प्रतिक्रिया, चिकित्सा, सेवा सहयोग हो उपचार भनेको । मेरो ओखतीमूलोलाई मैले मेरो पूजाकोठा अथवा रोग जाँचबुझ गरिने कोठामा विशेष पूजा विधिद्वारा रोगको छिनोफानो गरेर मबाट उपचार हुनेलाई मेरो उपचारलयबाटै निको पार्छु भने मबाट नहुनेलाई अस्पताल जानु भनेर भन्ने गरेकी छु । मैले पहिलोपटक भेट्ने बित्तिकै त्यो विरामी मैले उपचार गर्ने खालको हो कि होइन, थाहा पाइहाल्छु र सोही अनुसार उपचार दिन्छु । मबाट नहुने रहेछ भने पहिलो भेटबाटै विदा दिन्छु ।

**कहाँ कहाँ आबद्ध हुनुहुन्छ र के कस्तो सम्मान पाउनु भएको छ ?**

– संस्कृति संरक्षण तथा परम्परागत संघ काठमाण्डौको म संस्थापक सदस्य हुँ । योगी नरहरीनाथ ट्रष्ट आध्यात्मिक परिषद्द्वारा सम्मानपत्र एवं प्रशंसा पत्रद्वारा सम्मानित भइसकेकी छु भने देशका विभिन्न धार्मिक तथा सामाजिक संघ संस्थाद्वारा पनि मैले स्थापना गरेको बिजुवा उपचार केन्द्र एवं मलाई सम्मान गर्ने क्रम निरन्तर बढिरहेको छ ।

मेरो उपचार विधिद्वारा सन्तुष्ट भएका भक्तजनले सम्मान गर्दै आउनु भएको छ । आबद्ध हुन अफर गर्ने संस्था धेरै थिए तर म केहीमा मात्र आबद्ध भएँ । सम्मान पनि जो कोहीको लिन्न ।

**अन्तमा के भन्नु हुन्छ ?**

– रोग लागेपछि निको हुने धेरै विधि छन् । त्यही मध्येको मेरो तान्त्रिक तथा बिजुवा उपचार विधि पनि एक हो । तपाईको कुनै पनि समस्या छ भने आउनुस् म समस्या समाधान गरिदिन्छु भन्न चाहन्छु मैले माथि भने अनुसारले । म कल्याण स्वरूप हुँ कल्याणै कल्याण । यो देश देवी-देवताको भूमि हो-सबै नेपालीको जय होस् । अग्निचक्र मासिकलाई धन्यवाद ।

# माछापुच्छ्रे बैंक र सानिमा जनरल इन्स्योरेन्सबीच बैंकास्योरेन्स सम्झौता




माछापुच्छ्रे बैंक र सानिमा जनरल इन्स्योरेन्सबीच बैंकास्योरेन्स सेवासम्बन्धी सम्झौता भएको छ । सम्झौतापत्रमा माछापुच्छ्रे बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुमन शर्मा तथा सानिमा जनरल इन्स्योरेन्स लिमिटेडको तर्फबाट नायब महाप्रबन्धक सुबोध लाल श्रेष्ठले हस्ताक्षर गर्नुभयो । सम्झौता अनुसार अब माछापुच्छ्रे बैंकका ग्राहकहरूले केन्द्रीय कार्यालय लगायत मुलुकभर रहेका शाखा कार्यालयहरूबाट सहज रूपमा सानिमा जनरल इन्स्योरेन्सको बीमा सेवाहरू प्राप्त गर्न सक्ने बैंकले जनाएको छ ।

बैंकले पूर्वमा झापा देखि पश्चिममा कन्चनपुर साथै हिमालदेखि पहाड र तराईसम्म आफ्ना ८६ वटा शाखाहरू, २ वटा एक्सटेन्सन काउन्टरहरू लगायत ३८ शाखा रहित बैकिङ्ग सेवा समेत गरी जम्मा १२६ स्थानबाट ग्राहक महानुभावहरूमा सम्पुर्ण बैंकिङ्ग सुविधा प्रदान गरिरहेको छ । साथै, बैंकको देशभर १०५ वटा एटीएमहरू सञ्चालनमा रहेको छ ।

## ती दुलही



– ज्यो. पं. रमेश अधिकारी

वाह ! क्या भव्यता !
कस्तो चिटिक्क मुहार !
अनि झलल्ल झल्केको
र,
टलक्क टल्केको
हेर न जत्ति हेरे पनि
आँखै झिम्म गर्न नसकिने
वाणी सुमधुर र स्पष्ट
चाल उस्तै हंश गति
पोशाक सलक्क र स्वच्छ
अंगमा टपक्क टाँसिएको
अहँ छैन किञ्चित मात्र कैफियत
हेरिरहन्छु, मन्त्रमुग्ध भएर
मन मनैले मान्दैन–
कस्को के जोर चल्छ ?
अनि विचार गर्छु,
अरे वाफ रे !
कस्तो मेहनत, कस्तो गाम्भीर्यता
धन्न परमेश्वर !!




गतांकको पृष्ठ १८ मा प्रकाशित महालक्ष्मी विकास बैंक लि.को विज्ञापनमा प्राविधिक त्रुटिका कारण भुलवश फरक पर्न गएकोमा क्षमाप्रार्थी छौं । यसपटक उक्त त्रुटिलाई सच्याउँदै प्रकाशित गरिएको छ – सम्पादक ।

# सिसिफसको पाताल प्रवेश



■ विमल अधिकारी

जीवनमा ठूलो सपना बोकेर सर्लाही जिल्लाबाट काठमाडौं छिरैं वि.स.२०५३ को गर्मीयाममा । तीन बर्से स्नातक तह उतीर्ण गरी नेपाल प्रहरी/सेनाको अधिकृत बन्ने काँधमा फुली लगाउने एवं इमान्दार भई देश र जनताको सेवा गर्ने चाहना राखियो । राष्ट्रसेवक कर्मचारी बनी सरकारको सिन्दूर पहिरिने र आफ्नो भविष्य पनि त्यसैमा बनाउने महत्वकांक्षा राखेर २४ वर्षको उमेरभित्र दुई/तीन पटक प्रयास गरैं । निरर्थकको प्रयास मात्र भयो । वि २०५७ देखि २०६० सम्म स्नातकोत्तर तह(नेपाली एमए) पढें आफ्नै काम गरेर । एमए पढ्नुको मतलब शिक्षण पेसालाई अँगाल्ने लक्ष्य थियो । कहिले प्राइभेट जागिर, कहिले आफ्नै काम, कहिले प्रुफ रिडिङको काम कहिले कलेजमा आंशिक प्राध्यापन एवं स्वतन्त्र रूपमा भाषा संशोधन सम्पादन अनि नेपाली भाषा साहित्यको सेवा गर्दै काठमाडौंको मुटु बागबजारलाई थेगिरहैं । नेपाली मानवशास्त्र एम ए तथा एक बर्से बीएड जस्ता शैक्षिक योग्यता हासिल गरे पनि खासै अवसर प्राप्त गर्न सकिएन । चार वर्ष जति प्रुफ रिडरको पेसा अँगाल्ने पनि लक्ष्यमा पुग्न नसकिने ठानी छाडिदिएँ । काठमाडौं बसाइको लामो समय उतार चढाउमा नै बित्यो । रेल समाएर गन्तव्यमा पुगौंला भन्दै बागबजारमा धेरै प्रतीक्षा गरैं । चाकरी चाप्लुसी, हजुरी नगरी इमानदारीपूर्वक रहैं । कतिपय शिक्षण क्षेत्रमा, शैक्षिक प्रमाणपत्रहरू हेर्दै राजेश हमालहरू मात्र उपयुक्त हुने हाउभाउ देखाउँदा दिक्क बन्थे । जीवनमा एउटा ठूलो/पुरानो व्यापारिक घरानाको कम्पनीमा पूर्वाञ्चल क्षेत्र ( हेटौंडा देखि झापा)को भएर काम गर्ने अवसर मिल्यो । बिजुलीका सामानहरूको मार्केटिङ गर्न सन् २०१५ भरि मात्र पाइयो । राम्रो कार्यसम्पादन गरिएबापत स्वयं विभागीय प्रमुखद्वारा ईर्ष्या, गरियो, खोइरो खनियो । जीवनमा राम्रो काम गरेर निकालिएको घटना मेरा लागि नौलो अनुभव थियो । अस्थिर र स्वाभिमानी र स्वभावले पेसा पनि अस्थिर बन्यो । आत्मसन्तुष्टि नभएपछि पेसामा स्थिरता आएन । पश्चिमी साहित्यकार अल्वर्ट कामुको 'सिसिफसको कथाको पात्र जसरी म काठमाडौंमा भौंतारिरहैं ।

सन् २०१३ सम्म आफ्नो काम (सानोतिनो व्यापार र प्रुफ) गर्दा पनि जीविकोपार्जन भइरहेकै थियो । गाउँमा मातापिताले जोडिदिएको जग्गाको आम्दानीको चामल ढुवानीले चामल दालको समस्या चाहिँ हुन्नथ्यो । कवि हृदय एवं अस्थिर स्वभाव तथा प्रतिस्पर्धी व्यापारका कारण दिनप्रतिदिन स्थिति विपर्यय हुन थाल्यो । काठमाडौं बसाई अन्योलमा रुमलिन थाल्यो । मनलाई शमन गर्न साहित्य सेवा गर्न थालैं । मन बुझाउन कहिले ज्योतिषीकहाँ त कहिले माताको शरणमा पुग्थे । काठमाडौंका गल्ली सडक, लुकिङ ग्लास एवं आफ्नै शैक्षिक प्रमाणपत्रहरूले गिज्याइरहेको महसुस भएपछि मलाई/इजरायल मकाउ एवं दुबई–कतार जाने भूत सवार भयो । प्रायः ज्योतिषीहरूले मेराबारे यस्तो भविष्यवाणी गरिदिए –

४० वर्षसम्म तपाईको पेसा स्थिर नबन्ने, सोचेको काम नबन्ने, बने पनि क्षणिक हुने योग छ । माथिल्लो तहमा पुगे पनि ग्रहले पुनः सतहमा ल्याइदिन्छ । निरर्थकको प्रयास मात्र हो । तर ४० कटेसि मात्र राम्रो हुने योग छ । विदेश जाने योग छ ... कर्म पनि त्यहीँ हुन्छ ... सफलता पनि त्यहीँ मिल्छ । भविष्य निकै राम्रो हुने देखिन्छ ।

उपायहीन भएपछि ज्योतिषीलाई विश्वास गर्नु मेरो बाध्यता थियो ।

सन् २०१४ का लागि मेरी जीवनसाथी अर्थात् साहिँलीलाई डिभी चिट्ठा पऱ्यो । विदेश जाने भनेपछि हौसिनु सपना सजाउनु स्वाभाविक थियो । हाम्रो केस नं. ९८९५ थियो तर अफसोच ९५०० सम्म आएर रोकियो । सेकेन्ड लेटरको प्रक्रिया त्यस वर्ष दोस्रो पत्र नआएपछि सपनाहरू तासको घरझैं भताभुङ्ग भए । उत्साहित म निराश भएँ । सन् २०१२–२०१६सम्म शिसेआको परिक्षामा ह्याट्रिक गरैं । असफल भएर । चरम सङ्कट र अन्योलमा गुर्जिएँ । सन् २०१४ देखि २०१७ सम्म चरम निराशा एवं एकाकीपन नहोस् भनी 'बगर' पत्रिकामार्फत नेपाली साहित्यको प्रवर्द्धनमा जोडले लागैं किनभने म समाजमा आफूलाई स्थापित गर्न चाहन्थैं । एउटा न एउटा कर्म गरेर समाजलाई योगदान दिनु भनेको देशको सेवा हो भन्ने बुझेको थिएँ । 'ह्वाट सुड आइ डु ?' भन्ने शुभचिन्तक एवं हितैषी मध्येका एक जिशिअ भएर धनुषा पुगेछ । जागिरको चाँजोपाजो मिलाईदिएछन् गिरिजा उमावि, फूलगामा-२ धनुषामा । म जागिरको पृष्ठभूमि तयार गर्न जिल्ला शिक्षा कार्यालय धनुषा गएँ – शैक्षिक प्रमाणपत्र बोकेर । विसं २०७३ जेठ २९ भित्र मेरो नियुक्ति गरिनुपर्थ्यो किनभने ४० वर्षभित्र भने सरकारी शिक्षकले उमेरहद तोकिएको छ । उमाविको कोटा (नेपाली) तयार थियो । स्थानीय विकास प्रमुख जिल्ला अधिकारी र जिल्ला शिक्षा अधिकारी शिक्षा समन्वय समितिमा हुने स्थानीय विकास अधिकारी कार्यक्षेत्रमा अनुपस्थित भएदिएकाले मेरो विषयको कोटा पारित हुन सकेन । म मलिन अनुहार लगाएर काठमाडौं फर्किएँ । जीवनमा निकै हन्डर–ठक्कर खाएको मलाई खासै फरक नपरेको महसुस भयो ।

परिवेश काठमाडौं बागबजारको सानो कोठा अर्थात् डेरा मेरी साँहिली यसो भन्छिन् –

बाबा ! यसो तरकारी बजार जाऔं न । सानो काम पनि छ ।

हामी सबै (तीनै जना) तरकारी बजार अर्थात् टुकुचा लाग्छौं । मेरी साहिँली तरकारी बजारतर्फ नलागी यारो डिजिटल फोटो स्टुडियोमा काम छ भन्दै त्यसै अघि बढ्ने इसारा गर्छिन् । हामी भऱ्याङ चढी पहिलो तल्लामा रहेको स्टुडियोमा पुग्छौं । मेरो आँखा एक्कासि सूचना पाटीमा पर्छ । सूचनामा लेखिएको छ –

सन् २०१७ का डीभी विजेताहरू

फोटोसहित जयन्ती कुमारी दाहाल

(धनुषा)

म सपना हो कि विपना ठान्छु । बारम्बार पत्नी अर्थात साँहिलीको तस्बिर यकिन गर्छु । म साँहिलीलाई हेरेर एकछिन गम्भीर हुन्छु । हामी सचेतपूर्वक गम्भीर रूपमा मुस्कुराउँछौ । विश्वास नलागेर यारालाई सोध्छु – साँच्चैकै हो नि ? यसपालि पुनः परेकै हो नि ? सन् २०१७ कै लागि हो नि ?

यारा भन्छ – ढुक्क हुनुहोस् - पहिलो लटमा आएको छ । केस नं पनि ८८१ छ । अवश्य हुन्छ । प्रक्रिया छिटो गर्नुस... सकभर काठमाडौं नछोडनुस अमेरिका जानका लागि २०१४ मा सेकेण्ड लेटर नआएकाहरू २ जनाको यसपालि परेको छ । हामीलाई पनि निकै खुसी लागेको छ ।

सन् २०१४ मा 'सेकेन्ड लेटर' नआएर डीभी प्रक्रियाप्रति नै मोह नजागेको अवस्था बनेको थियो । हाम्रा सपनाहरू चकनाचुर भएको ठानी नेपालकै माटोमा केही गर्ने दृढ सङ्कल्प गरेका थियौं हामीले । विदेशको सपना नदेख्ने निर्णय गरिए पनि त्यो निर्णयलाई सच्याउँदै धेरै आशा थोरै विश्वासका साथ प्रक्रिया अगाडि बढायौं हामीले । हौसिएर/फुर्किएर नभई सचेतपूर्वक गोप्य

रूपमा प्रक्रिया गर्दा मनासिव हुन्छ भन्ने ठानी त्यसै गऱ्यौं ।

वि.सं. २०७३ असार २३ मा मेरो एम ए ( मानवशास्त्र पाटन) शोधपत्रको 'भाइवा' थियो । त्यसकै पूर्वसन्ध्यामा गिरिजा उमावि धनुषा दस जोड दुईमा पढाउनका लागि अनुरोधसहित फोन आउँछ । र, भनिन्छ –

विमल सर ! म गिरिजा उमावि धनुषाबाट –
सर ! कक्षा लिँदै गर्नु कोटा तपाईँकै हो –
कक्षा सञ्चालन सुचारु गर्न बाधा भयो ।
कृपया, छिट्टै आउनुपऱ्यो । डेराको व्यवस्था पनि विद्यालयले गर्नेछ । अनिवार्य नेपाली र ऐच्छिक नेपाली पढाउनुपर्नेछ ..... म मनोद्वन्द्वमा परेँ । डीबीको भिसा लाग्यो भने लागिहाल्यो ... लागेन भने शिक्षण पेसा जिन्दावाद भन्दै मनमनै निर्णय गरेँ । लगत्तै वि.सं. २०७३ साउन १२ गते जनकपुर लागेँ । आफू तराईको भएर पनि जीवनमा कहिल्यै देहाती जनजीवनको अनुभव नभएको मेरा लागि नौलो अनुभव थियो । इज्जत, प्रतिष्ठा र मिहिनेतका साथ आफ्नो जिम्मेवारी पूरा गरेँ । राम्रो कार्यसम्पादन गरेकोमा सबै जना प्रसन्न भएको पाएँ । जीवनमा सरकारी सेवा (शिक्षण क्षेत्र) गर्न पाएकोमा निकै गरेभैँ बोध भयो । आफू हुर्किएको समाजलाई गरेर देखाउन पाएकोमा आनन्दित हुन्थेँ । विद्यालयलाई ढाँट्नु, नाटक गर्नु मेरो वाध्यता थियो किनभने हामी डिबी प्रक्रियामा थियौँ । डीबी प्रक्रियामा स्वास्थय परीक्षण र भिसा प्राप्तिको अन्तरवार्ता मुख्य खड्को हुँदो रहेछ । हामी त्यसमा पनि सफल भयौँ ।

विसं. २०७३ मङ्सिर २७ सोमबारका दिन हामीलाई भिसा लाग्यो । जिन्दगीमा कहिले पहँलो कार्ड त कहिले रातो कार्ड खाएको व्यक्ति मैले त्यस दिन ग्रिनकार्ड खान पुगेँ । मैले मेरी साहिँलीको अगाडि पहिलो पटक लामो श्वास फेरेर एकापसमा गम्भीर मुस्कान साटासाट गरेका थियौं । त्यसदिन मलाई विश्वकप जितेर घर फर्किदाको क्षण जस्तो अनुभव भएको थियो । कतिपय 'ह्वाट सुड आइ डु ?' भन्ने शुभचिन्तक मित्रजनलाई मङ्सीर २७ सम्म पर्खिन भनिएको थियो । सबैलाई वास्तविकता बताउँदै एकापसमा खुसी साटेँ । प्रायः जसोले अन्तरात्माले वधाइ दिँदै उज्जवल भविष्यको कामना गरे । सपनाको देश जाने बारे विद्यालयलाई बताउनै पर्ने ठानेँ र वास्तविकता बताइदिएँ । दशैं जस्तो महान् चाडमा गाउँ नगइ बच्चाको हर्नियाको शल्यक्रिया गराइयो – क्रान्ति बाल अस्पतालमा जिन्दगीमा पहिलो पटक काठमाडौंमा दशैँ मनाएँ तर गाउँको दसैँ जस्तो दसैँ हुनै सकेन ।

वि.सं २०७३ पुस २६, परिवेश गिरिजा उमावि धनुषा दस जोडको कक्षा । विदाइ समारोह । पृष्ठभूमिमा विद्यार्थीहरू एकापसमा गुनासो गरिरहेको आवाज .......

नेपालीको टिचर निक मास्टर अमिका जाइहि.......कोर्स त पूरा केरदेलकै ...पत्नीकै डीबी चिट्ठामा जाएके ... । शिक्षक साथी एवं विद्यार्थीहरूमा बिछोडको पीडा भएको स्पष्ट झल्किन्थ्यो । फूल-माला अबिर, उपाहार (न्यापिङ गरिएको डायरी कपी-कलम) कोठाको डेस्कमा देखिन्छ । विदाइ समारोहमा अबिर माला लगाइदिन्छन्, श्रद्धाले पाउ छुन्छन् । भाषण गर्ने क्रममा मेरो गलो अवरूद्ध हुन्छ, बलीन्द्र आँसुका धारो बग्छन् । म सम्झन्छु– विकासतर्फ लम्किँदो फूलगामा गाउँ, गाउँलेजीवन, विद्यालय परिवेश, हाट बजारमा पाइने ताजा तरकारी, श्रद्धा, मिथिला संस्कार/भोज, इज्जत-प्रतिष्ठा, धार्मिक-पर्यटकीय परिवेश भएको जनकपुर सहर, फूलगामको सीमा रहेको भारतको मधुवनी जिल्ला स्थित फूलहरको गिरिजा माताको मन्दिर एवं खेत खेतमा रहेका स्वचालित स्यालो ट्युवले र माछा पोखरी आदि । त्यति मात्र होइन, धनुषा जिल्लाको उर्वर भूमि देखेर एक कवितांश सम्झन्छु .........

तराई हाम्रो सुनको टुक्रा
हिमाल हीराको .......
(माधव घिमिरे)

मनमनै सरकारले कृषि क्षेत्रमा आधुनिक प्रविधि भित्र्याओस् भनी कामना गर्दछु । त्यसैबेला मास्टरी पेसा निकै सम्मानित एवं इज्जतिलो भएको महसुस गर्छु । आजीवन गिरिजा उमावि, धनुषालाई नबिसर्ने दृढ सङ्कल्प गर्छु ।

परिवेश सर्लाही जिल्ला नवलपुर । वि.सं. २०७३ माघ ५ पछि आफू जन्मिए हुर्किएको परिवेश छोड्न पटक्कै मन भोगाइ – टोकाइ एवं अनुभव सम्झन्छु । आफूले आस्था राखेको राजनीतिक दल पटक-पटक सरकारमा गएर पनि मजस्ता इमानदार कार्यकर्तालाई वेवास्ता गरिरहेको, साहित्य-सेवामा धेरै रिचार्ज कार्ड च्यातेको, गल्ली-गल्ली हिँडेको, धेरै पटक ११ नं. को गाडीमा मनु ब्राजाकी निवास भैंसेपाटी पुगेको, जीवन साथीले अनुत्पादक क्षेत्रमा बढी समय खर्चिएको भन्दै दिनरात कचकच गरेको आदि सम्झन्छु । त्यति मात्र होइन, देशको अस्थिर राजनीतिक अवस्था, बन्द-हडताल, चक्काजाम, लोडसेडिङ, खानेपानीको समस्या एवं वरोजगारीको पीडा सम्झन्छु । वेरोजगारीको पीडा बोकेर लामो समय भौंतारिदा कतिपयले बिचरा ! भनेको सम्झन्छु । म चाहिँ परिस्थितिले आफू बिचरा भएको मनमनै जवाफ दिन्छु । प्रतियोगितामा अब्बल हुन नसक्दा जिन्दगीमा बिचरा हुने ठान्छु । अर्कोतर्फ म प्राकृतिक एवं सांस्कृतिक रूपमा धनी नेपाल आमा सम्झन्छु । नेपाल आमालाई मनमनै द्वन्द्वावस्थामा परेको भाव प्रकट गर्छु । नेपाल आमा मौन बस्छिन् । सन्तानको पहिलो नाति/पनातिलाई हजुरबुबा / हजुरआमा, आमाबुबाले स्नेहका साथ हुर्काएको सम्झन्छु । गाउँले जनजीवन सम्झदै गाउँमै रमाउन पाएको भए हुन्थ्यो भन्दै कल्पना गर्दछु । बिदाइ गर्ने क्रममा हजुरबुबा/हजुरआमाले दिएको आर्शिवाद, अन्तिम ठान्छु । हजुरबुबाले पहिलो नाति/पनातिलाई शिरमा हात राखिदिएर आशीर्वाद दिँदाको क्षण सबै भावुक बनेको देख्छु । गाउँ छोड्नु अघि म एक कविताशं पनि सम्झन्छु –

हातका मैला सुनका थैला
के गर्नु धनले ?
साग र सिस्नु खाएको बेस आनन्दी मनले ।

बिदाइका क्रममा आशीर्वाद दिँदै जन्मदिने आमा भन्नुहुन्छ ...

छोरा ! जिन्दगीमा रोजगारीका लागि तड्पिनुपऱ्यो ..... अब त्यस्तो नहोस् । छोरो मान्छे भएर देश – परदेश जानै पर्छ । आफ्नो भविष्यबारे सोच्नैपर्छ । शिरमा चिनोस्वरूप नेपाली टोपी लगाइदिएको छु । यो टोपी जसरी आफ्नो शिर सधैँ उँचो राख्नू .स्थास्थ्य रहनू ..... सबैलाई उज्ज्वल भविष्यको कामना ।

परिवेश हर्ष / विछोडका आँसु, मातृत्व, वात्सल्य प्रेम एवं बिछोडको पीडा देखिन्छ । हामी जन्मभूमि, माटो र अग्रजलाई ढोगेर बिदा हुन्छौं । गाउँ छोडेर देशमा भविष्य खोज्ने कल्पना देख्दा आफैँ अचम्ममा परेको ठान्छु ।

हामी फेब्रुअरी ९, २०१७ सोमबार ९ : ०० बजे कतार एयरवेजबाट अमेरिका जाने तयारीमा हुन्छौं । आमाको मनले के मान्थ्यो । अमेरिका यात्राको पूर्वसन्ध्यामा आमा बुबाको साथ लागेर बागबजार आउनुहुन्छ । टिकट ८५ हजारका दरले लिएजस्तो लाग्छ । पूर्वसन्ध्यामा साथीभाइ इष्टमित्र, शुभचिन्तक एवं साहित्यकारसँग बिदाइ हुन्छौं । कतिपयले अहिलेको यात्रा कठिन छ —कष्टमवाट कतिलाई फकाइएको छ भन्दै हाउगुजी देखाउँदा दिक्क लाग्थ्यो । भविष्य, खुसी, भय-त्रास, चिन्ता, जोखिम चुनौती आदि मनमष्तिष्कमा बोकेर हामी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुग्छौं – डेरामा आमाको हातको आशीर्वाद, टीका र सगुन (दही) ग्रहण गरेर ।

फेब्रुअरी ९ सोमबार साँझ ६ : ०० बजे स्थान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा छोरा बुहारी/नातिलाई अमेरिकी यात्राको शुभकामना सहित बिदाइ गर्न नाता कुटुम्बको बाक्लो उपस्थिति छ । कोही सेल्फीसहित खुसी साटिरहेका छन् त कोही उज्ज्वल भविष्यको कामनासहित खुसियाली साटिरहेका छन् । आमाको मन न हो । वात्सल्य माया, हर्षका आँसु बिछोडका आँसु । आमा बलीन्द्र धरा आसुमा डुबेको पाउँछु । आमाले आफ्नी छोरीलाई अन्माउँदा भन्दा बढी पीडाको अनुभूति गरेको ठान्छु । नेपाल आमा अर्थात् धर्ती मातालाई ढोगेर टाटा ... बाइ बाइ भन्दै खुसी र बिछोडको आँसु बोकेर हामी विमानस्थलको बोर्डिङ पास प्रक्रियामा लाग्छौं । प्रतीक्षा ९:०० बजे उडान भर्ने, कतार एयरवेजको । विमानस्थलमा साहिँलाहरूको लर्को साहिँलीसँग रमाउन आइरहेको ठान्छु । अध्यागमन विभागले कागजात जाँच गऱ्यो एवं नेपाल प्रहरीको सुरक्षा जाँच गर्दा समय

लिन्छ नै । लगेज, कागजात, प्रमाणीकरण एवं कडा सुरक्षाको प्रक्रियापछि हवाईजहाजको प्रतीक्षा कक्षमा पुग्छौं ।

त्यस बेला म एक गीत सम्झन्छु –
सुन साँइली सुन साँइली
परदेशबाट म आउँला
४० कटेसि रमाउँला ...

(हिमाल साउद/काली प्र. वास्कोटा गायक हेमन्त वास्कोटा)

म चाहिँ पछि लागेर ४० कटेसि के रमाउन सकिएला ? भन्दै आफैलाई प्रश्न गर्छु त्यसै बेला वि.स. २०६२ फागुन २७ राममन्दिर जनकपुरमा पुरेत बाजेले भनेको सम्झन्छु –

दुलहाले दुलहीको लगनगाँठो समाउन

अब यो जिन्दगी भर समाउनुपर्छ यसकै पछि हिँड्नुपर्छ । म पनि त्यस दिन लगन गाँठोको पछि लागेर हिँडेको हुन्छु परदेशी जीवन यात्रामा पनि ।

९:०० बजे कतार एयरवेज उड्ने तयारी गर्दै छ । वि.सं. २०६२ चैत्र ५ पछि ससुरालीले ज्वाइँ विदाइ गर्दा गोरखा एयरलाइन्स(जनकपुर-काठमाडौं) चढ्ने मौका मिलेको थियो । वन्द हड्तालका कारण वि.स. २०६१ ज्येष्ठ अन्तिमतिर आफैले पनि पहिलो पटक हवाईजहाज यात्राको अनुभव लिन प्रयास गरे पनि काठमाण्डौं सिमराको मौसमका कारण रद्ध भएको थियो । जे होस् मैले जनकपुरबाट काठमाडौंको यात्रा गरेर पहिलो पटक आकाशे यात्रा गरेकौ थिएँ । कतार एयरवेज र गोरखा एयरलाइन्सको तुलना गर्दै म कतार जाने कतार एयरवेजको २८ नं. सिटमा बस्छु । हाम्रो सिट त्यहि रहेछ । दुई पाटो भएको हवाई जहाज सुविधा सम्पन्न पाउँछु । हाते लगेज र ट्रेकिङ ब्याग साथमै छ । पहिलो ट्रान्जिट(विश्राम) कतारको दोहा । हवाइजहाज भित्र केटा/केटी परिचारिकाको रूपमा मुस्कुराउँदै स्वागत गर्छन् । सिट देखाइदिन्छन् स्वर्गका परी जस्ता लाग्दा परिचारिकाहरू । ग्राहकको सेवामा रमाउँदै खानाका परिकार दिन्छन् । प्रायः यात्रुहरू नेपाली कतारमा कहीँ भविष्य खोज्न हिँडिरहेका त कोही समुद्र पारि आफ्नो भविष्य खोज्न गइरहेझै लाग्थ्यो । नेपाली आकाश छोड्दै गर्दा मनमा एउटा तर्क आउँछ –

उज्ज्वल भविष्य एवं सपनाको एउटा तर्क आउँछ । सपनाको भविष्य कस्तो बनाउने हो ?

हवाईजहाजको यात्रा गर्दा वेग्लै आनन्द लाग्ने रहेछ । आकाशबाट बादलभित्र छिरेपछि पृथ्वी लोक केही पनि नदेखिने रहेछ । अवतरणका बेलाचाँहि पृथ्वी लोकको दृश्यावलोकन गर्न सकिँदो रहेछ । जहाज दिल्ली → थाइल्याण्ड → कतारको आकाशमा उडेको भन्ने म अनुमान लगाउँछु । कतार अवतरण गनुपूर्व ठूलो जङ्गली क्षेत्र पार गरेको ठान्छु । पाँचघन्टे आकाशे यात्रामा कतारको आकाशबाट दोहा सहर, दुबईको झिलिमिली हामी बाबु छोराले चियाउँछौ । दोहा एयरपोर्टमा २ : ०० बजे कतार एयरवेजले अवतरण गर्छ । एयरपोर्टको संरचना निकै व्यवस्थित र विकसित पाउँछु ।

कतारको विमानस्थल पुगिसकेपछि यस्तो अनुभूति हुन्थ्यो । मानिसहरू गन्तव्यको खोजीमा दौडिरहेका छन् । कतारको सडकसञ्जाल, मजबुत भवन देख्दा नेपाललाई पनि यस्तै समृद्ध बनाउन सकिन्छ भन्ने कल्पना गर्छु । एयरपोर्ट प्रवेश गर्न स्वचालित भऱ्याङको प्रयोग गनुपर्ने रहेछ । प्रतीक्षा कक्षमा पुग्दा लाग्थ्यो हामी नेपालको विमानस्थलमा छौँ किनभने त्यहाँ प्रायः नेपाली युवायुवतीहरू कर्मचारीका रूपमा सेवा दिइरहेका थिए । रातो टिसर्ट (कमिज) लगाएका युवतिहरू काउन्टरमा बसेर सेवा दिइरहेका । उनीहरूले नै हवाईजहाज कम्पनीले तोकिदिएको प्लाजा इन होटलको चाँजोपाँजो मिलाईदिन्छन् । इज्जतसानले परिश्रम गरिरहेका नेपाली युवायुवतीहरूले रेमिट्यान्स भित्र्याएर नेपाली अर्थतन्त्रलाई मजबुत बनाएकोमा मनमनै सलाम गर्छु ।

कतार विश्वको ट्रान्जिट जस्तो लाग्छ । हतारिएका देखिन्छन्-चारैतिर । कोही छोरी भेट्न त कोही छोरा भेट्न त कोही उच्च शिक्षा अध्ययन गर्न त कोही डाइभरसिटी भिसाधारीका रूपमा त कोही शरणार्थीका रूपमा गइरहेको पाइन्छ । ती सबै प्रक्रियाका मान्छेको गन्तव्य सपनाको देश अर्थात् समुद्र पारि नै देखिन्छ । कडा चेकजाँच हुँदो रहेछ । होटल जानु छ हामीलाई तर घन्टौं कुर्नुपर्ने यात्रुहरूको पङ्क्तिका कारण । छोरा (७ वर्षीय) लाइनमा झकाएर भुइँमै पल्टिन खोज्छ । उसलाई बोक्नुपर्ने चुनौती छ । झोलाहरूलाई पनि समाल्नै पर्ने । निद्राले आफू पनि पङ्क्तिमा ढलूँला जस्तो हुन्छ । बल्ल बल्ल पालो आएर हामी सुरक्षा जाँच बाट होटल जानको लागि प्रतिक्षा कक्षमा पुग्छौं । कडा चेकजाच हुँदो रहेछ । प्लाजा इन होटलको मिनी बस आउँछ । नेपाली ड्राइभर रहेछन् स्याङ्जाका । हाम्रो लागिमात्र आएको बस । दोहा विमानस्थल देखि प्लाजा इन होटल पुग्न १५ मिनेट जति लागेको जस्तो लाग्छ मलाई । बस यात्रामा कतारका बलिया भवनको संरचना र झिलिमिली देख्दा विकासको नमुना पाउँछु । फेरि समृद्ध नेपालको चाहना राख्छु । होटलमा पनि प्रायः नेपालीहरू देख्दा चाँहि नेपालमै रहिरहेको भैँ अनुभूत गर्छु ।

परिवेश प्लाजा इन होटल कतार । ठिक्कको होटल अग्लो भवन । सुविधासम्पन्न । बलियो भवन । हाम्रै होटल प्राङ्गणमा प्रवेश । काउन्टरमा सोधपुछ बताइन्छ ... सुत्नको लागि मात्र व्यवस्था गरिएको छ, पानी चाहियो भने रूममै छ । समस्या पऱ्यो भने फोनबाट खबर गर्नू, चाबी यही हो । लिफ्ट चढेर जानुहोला ।

त्यस काउन्टरमा चाहिँ नेपाली भाषी नभए पनि हामीलाई एसियन टाइपको अङ्ग्रेजी बुझ्न समस्या भएन । काउन्टरमा बताइअनुसार गर्छौं । हाते लगेज राख्न नपाई छोरा नेपालबाट ल्याएको चिल्लो दुनोट खाँदै निदाइहाल्छ । निद्रा भोकले रन्थनिएका छौं । सुविधासम्पन्न रूम, बाथरूम देख्दा आनन्द लाग्ने । म फ्रेस भएर बाथरूमबाट आउँछु । साँहिलीले नेपालबाट किनेर ल्याएको नयाँ तन्ना धरधर च्यातिरहेको देख्छु । म बुझिहाल्छु – प्राविधिक समस्या । यात्रापूर्व इन्तिजाम गर्नुपर्ने पाठ सिक्छौं । चार घण्टा आराम गरिसकेपछि फेरि लस एन्जल्स जाने कतार एयरवेजको बोइङ विमान समाउन हतार । गाडी पुनः हाम्रो प्रतीक्षा गर्छ । होटलबाट फेरि दोहा विमानस्थल प्रवेशको चटारो । फेरि उही चेकजाँच, फेरि उडान भर्ने विमानको प्रतीक्षा ।

विहानको ९:०० बजेदेखि एयरपोर्टमा प्रतीक्षा । चनाखो हुनुपर्ने सोधिरहनुपर्ने ....लस एन्जलस जाने विमानको काउन्टरमा घन्टौं प्रतीक्षा । १२:०० बजेको बोइङ विमानमा हाम्रो प्रवेश । इकोनोमी सिट भएकाले पछाडिको भऱ्याङबाट कतार एयरवेजको सिट नं. ३२ मा बस्छौँ । तीन पाटो भएको विमान एउटा सिटमा ३ जना यात्रु रहने । गन्तव्य लस एन्जल्स विमानस्थल । हवाईजहाज सुविधासम्पन्न लाग्छ । यात्रुहरू ड्राइभरसिटी अनुहारका लाग्छन् । स्वचालित किसिमका बाथरूमहरू । परिचारिकाहरू मुस्कुराएर सेवा दिइरहने । परिचारिकाहरू त भर्खरै दुधले स्नान आएका झै, स्वर्गका अप्सराझै लाग्थ्यो । शाकाहारी खाना भन्यो भने 'मसरूम'को तरकारी ल्याइदिन्छन् । सलादको आइटममा नै जोड दिएर परिकार उपलब्ध गराउँदा रहेछन् । प्रत्येक व्यक्तिलाई सुत्नका लागि कब्बल दिँदा रहेछन् । हवाइजहाज आकाश छोडेपछि बादल भित्र उडान गर्दो रहेछ । प्लेनको स्क्रिनमा बताइएअनुसार मात्र थाहा पाइन्थ्यो बगदाद- अफ्रिका-अमेरिकाको आकाशबाट पुछारमा रहेको लस एन्जलसको रूट रहेछ । समुद्रमाथिबाट जहाज उडेको स्क्रिनमा मात्र देखिन्छ । वास्तविक रूपमा समुन्द्र देख्न नपाइने रहेछ । समुद्र नै हेर्ने चाहना, उत्कट अभिलाषा भए पनि यो जुर्दैन । बिहानीपख प्लेनको झ्याल खोलेर हेर्दा आकाश त रातो देख्दा अचम्म लाग्छ । आँखै खाने प्रकाश । सगर रातो सूर्यको तेज । दृश्य अचम्मको । यात्रा सुविधामा सुत्नका लागि भनेर परिचारिकाद्वारा पट्टी बाँडिन्छ । जिन्दगीमा फिल्मको बिल्लाले लगाउने खाले पट्टी नदेखेको म मास्क भनेर मुखमा लगाउन खोज्छु । हवाईजहाजमा सुत्दा लगाउने आँखे पट्टी अरूले लगाएको अनुकरण गरेपछि बल्ल लगाउन जान्छौं । त्यो पनि हाम्रा लागि नौलो अनभव थियो ।

करिब २२ घन्टे आकाशे यात्रापछि लस एन्जलस आइपुग्छ । ४५ मिनेट पूर्व नै प्लेनले आकाशको उडान समाउँछ । विमान चालक भन्छन् । ४५ मिनेट पछि लस एन्जलस एयसपोर्ट अवतरण हुनेछ । झ्यालबाट चियाउँदा, चट्टान, पहाड, हिउँ एवं एकनासे आकर्षक घर देखिन्छन् । हवाईजहाज अवतरण क्रममा प्रायः यात्रुहरूको

मुखाकृति डाइभरसिटी देख्न थाल्छु । नेपाली टोपी लगाएर अमेरिकाको धर्ती टेक्ने रहर मरेर आउँछ । अतः म आकाशमै टोपी खोली झोलामा जतनले राख्छु । हामी क्यालिफोर्नियाको लस एन्जलन्स विमानस्थल पुग्छौं ।

दिउँसोको समय छ । झमझम पानी परेको छ । प्रकृतिले पानी सहित हामीलाई स्वागत गर्छिन । गन्तव्यको अन्तिम खड्को पार गर्नु छ । कस्टममा लाइन लाग्नुपर्ने छ । पङ्क्ति देख्दा लाग्थ्यो कुनै प्रतियोगिता भइरहेको छ । काउन्टरहरू धेरै छन् । ताँतीहरू कस्टम पार गर्न, कागजात प्रमाणीकरण गर्न एवं प्रवेशलाई सदर गर्नका लागि । डिभी वाला हामी हाम्रो मनमा विभिन्न कुरा खेल्छन् पहैंलो खाम भित्रको कागजात, कस्टममा प्रमाणीकरण भएन भने ...... एप्रुभ्ड हुनुपर्ने ...। कागजात कस्टम अफिसर को काउन्टर १२/१३ मा हाम्रो प्रक्रिया छ । अन्तिम परीक्षा को घडी जस्तो भएको छ । प्रमाणीकरण भएन फर्किनुपर्ने हुन्छ । मनमा विभिन्न शङ्का - उपशङ्काले डेरा जमाउँछ । १५/२० मिनेट को प्रक्रिया एवं कागजजात कम्प्युटरमा भिडाएपछि कस्टम अधिकृत भन्छन् । 'वेलकम टु युनाइटेड स्टेट अफ अमेरिका' डिजिटल औँठाछाप लिइसकेपछि प्रमाणीकरणको कागज बुझ्दै 'थ्याङ्क यू भेरि मच' भन्दै हामी बिदा हुन्छौं ।

हामीलाई लगेजले फनफनी घुमेर फर्खिरहेको हुन्छ । हाते लगेज र मुख्य लगेज बोकी लगेज जाँचतर्फ अघि बढ्छौ । भाषाको समस्या पर्छ । मूलतः उच्चारणकै समस्या परिरहन्छ । आफूलाई विद्यालय तहमा अङ्ग्रेजीमा राम्रो विद्यार्थी ठान्ने म त्यहाँ निकै कमजोर साबित हुन्छु । हिन्दी भाषी कर्मचारीले लगेज जाँच गर्ने र लगेज हाल्ने ठाउँ बताइदिन्छिन् - हिन्दी भाषामा समान चेकजाँचका क्रममा खानेकुरा रे बिउबिजनमा बढो विचार गरिँदो रहेछ । सडकछेउ पुगी निःशुल्क एयरपोर्ट सर्भिसको बस चढी ग्रेट नं ५ पुग्छौं । त्यहाँबाट कडा चेकजाँच गराउँछौ एयरपोर्ट प्राङ्गण भित्रकै कर्मचारी स्थानीय विमानस्थल पुग्यौं । त्यसपछि स्थानीय हवाइजहाजको प्रतीक्षास्थल- ५०/५१ मा पुग्छौं । माहौल नै फरक लाग्छ । हाम्रो ९० वर्षीय व्यक्तिहरू पनि काम गरिरहेको कस्तो अचम्म हवाइजहाजको समय ९ : ०० भए पनि हामी करिब चार घण्टा अघि देखि प्रतीक्षारत रहन्छौं । प्लेन छुट्ला-नयाँ मान्छे अलमलमा परौंला भन्दै बारम्बार कर्मचारीलाई सोधिरहन्छौं । डिजिटल स्क्रिनमा बताइएअनुसार हामी ठान्छौं । हरेक प्लेन डेनवर गइरहेको छ । तर हरेक प्लेन आफ्नो समयमा आउँछन् । आफ्ना यात्रु उठाएर लान्छन् । कर्मचारी त्यसै गर्छन् । प्रतीक्षाको समयाधिभरि हामीलाई भाषाको समस्या आउँछन् । प्रतीक्षाको समयावधिभरि हामीलाई भाषाको समस्या परिरहन्छ । उनीहरूले बोलेको भाषा बुझिदैन । हामीले बोलेको टुटलफुटल अङ्ग्रेजी पनि बुझ्दैनन...उनीहरू होल्डन, कपल आवर पर्खिनुस आदि भनेको मात्र बुझ्छौं । एयरपोर्टको प्रतीक्षाको साहिँली आफ्नी दिदीसँग आफूहरू लसएन्जलस आएको ...डेनवर जाने अमेरिकन एयरलाइन्स को प्रतीक्षामा बसिरहेको जानकारी गराउन चाहन्छिन् । म आफ्नो जेठी सासूको नम्बर घर ठेगाना भएको कागज भएको कागज बाँकी सहयोगको लागि एक अग्ला मिजासिला, हँसिला, श्यामवर्णका एयरपोर्ट अफिसरसँग अनुरोध गर्दछु । उनले फोन लगाएर सहयोग गरिदिन्छन् । र भन्छन् - तिम्रो मान्छे स्पेनिस भाषा बोल्दो रहेछ । स्पेनिस जस्तो छ । ल फोनमा कुरा गर्न ...सहयोगका लागि धन्यवाद भन्दै छुट्टिन्छौं । प्रतीक्षाको बेला एउटा घटना मेरो मस्तिष्कमा ताजा घुमिरहेको हुन्छ । एउटी चाइनिज, जापानिज, कोरियन अनुहारकी युवती प्रतीक्षा गरिरहेकी हुन्छिन् स्थानीय हवाईजहाजको कुनै स्टेटमा जान प्रतीक्षा गर्दागर्दै एयरपोर्टका कर्मचारी अझै समय छ प्रतीक्षा गर्नुस् भनेका कारण प्लेन छुट्छ । १५ मिनेट जति ती युवती यात्रु रोइकराइ गर्छिन् - विवाद गर्न खोज्छिन् । त्यसपछि एयरपोर्टका ती महिला कर्मचारीले नै अर्को प्लेनमा व्यवस्था मिलाईदिएको देख्दा सिस्टमको मनमनै प्रशंसा गर्छु । वास्तवमा एयरपोर्टको परिवेश कोलाहलपूर्ण पाउँछु ।

चार घण्टाको पट्यारलाग्दो प्रतीक्षा पछि ९ : ०० बज्छ । अमेरिकन एयरलाइन्सको स्थानीय प्लेन चढेर कोलोराडो डिनवर जाने प्रतीक्षाको घडी समाप्त हुन्छ । समयमै प्लेन चढ्छौं । दुई भाग भएको प्लेन दुई सिटे रहेछ । हाम्रो सिट २२ रहेछ । म चाहिँ पल्लोपट्टि बस्छु । पछाडिको सिटमा रहेका हामी बेल्ट लगाउँछौं । छोरा र पत्नी निद्राले ग्रस्त भएकाले भुसुक्कै निदाइहाल्छन् । म जिज्ञासु स्वभावको भएकाले झ्यालबाट लस एन्जलस च्याउँछु । हवाईजहाज प्रायः आकाशमा उड्छ । उचाइ परिवर्तन गर्ने क्रममा चाहिँ हवाइजहाजले अत्याउँछ । पल्टाउला झै गर्छ । दृश्यावलोकन गर्दा म झिलीमिली युक्त एकनासे आकर्षक भवन भएका बस्ती पाउँछु । विकास र समृद्धिको नमुना लाग्छ । प्लेनमा रहेकी परिचारिका उमेरदार, श्याम वर्णकी, थसुल्ली, हँसिलीले बरफ हालेको कोक र क्रन्ची (विस्कुट जस्तो टुक्रा) दिएर सेवा गर्छिन् । लोकल जहाज भएकाले खाजा खानको आशा गर्नु पनि मेरो मूर्खता थियो । प्लेनबाट धर्ती लोकको दृश्यावलोकन गर्दा नौलो अनुभूति भएको थियो । ३ घण्टामा प्लेन डेनवर अवरतण गरिने छ भनिए पनि २ : ३० घण्टामा अमेरिकन एयरलाइन्स डेनवर एयरपोर्टमा अवतरण गर्छ । हाम्रो हिसाबमा ११ तारिख भए पनि त्यहाँ त १० तारिखको भएको रहेछ । त्यो समय छोटिएको देख्दा पनि मलाई अचम्म लाग्छ । ३० घन्टे हवाई यात्रा बल्ल डेनवर आएर टुङगिन्छ । एयरपोर्ट पुगेपछि झिलीमिली र डेनवर आकर्षक संरचनाले मन नै फुरङ्ग बनाइदिन्छ । इलेक्ट्रिक रेल (एयरपोर्ट भित्रकै लिफ्ट स्टाइलको) चढी लगेज रिसिभ गर्ने ठाउँमा पुग्छौं । फेरि फोन लगाउने पर्ने, ठूल्ठूला लगेज समाल्नुपर्ने समस्या आइलाग्छ । एयरपोर्ट कर्मचारी श्यामवर्णका अग्ला भेटिन्छन् । उनी घुमिरहेको लगेज तयारी गरी 'आर यु फ्रम नेपाल ? क्यान आइ हेल्प यु ? भनी सहयोग गर्न खोज्छन् । सहयोग नलिई सुखै पाउँदैनौं । फोन लाइदिन्छन् .... जेठी सासूलाई । उहाँहरू एयरपोर्टमा बाहिर प्रतीक्षारत हुनुहुँदो रहेछ । सामान बोकेर ती कर्मचारीले सहयोग गर्छन् । दस डलर टिप्स पाएपछि निकै खुसी भई ती जान्छन् । नेपाली भनेपछि कर्मचारी खुसी हुँदा रहेछन् । एयरपोर्टबाट कार चढी हामी अमेरिकाको यात्रा सुरु गर्छौ -दिदी भिनाजुको घरमा केही समय पाहुना बनेर ।

सुरुसुरुमा प्रत्येक दिन अनौठो एवं नौलो अनुभूति हुन्थ्यो । लाटो न बाठो बन्दा त कहिँलेकाहीँ बेकार आइएछ जस्तो लाग्थ्यो । तीव्र गतिमा हिँड्न सक्नुपर्छ । बाठो (चलाख) बन्नुपर्छ ..... आत्मनिर्भर हुनुपर्छ भनी सल्लाह सुझाव दिने शुभचिन्तक एवं प्रथप्रदर्शकलाई सक्षम भएर देखाउन पाए हुन्थ्यो .... आफ्नो खुट्टामा आफै उभिन पाए हुन्थ्यो - भन्ने लाग्थ्यो । हामी पूर्वीय प्राकृतिक साँस्कृतिक -साँस्कृतिक संसारबाट अनौठो भौतिकवादी संसारमा आएझै अनुभव गर्दथ्यौँ । रेलरूपी यात्रा गरी गन्तव्यमा पुग्ने लक्ष्य लिएको मलाई विमानरूपी यात्राको गन्तव्य मिलेको ठान्छु । उडेर गन्तव्यमा त पुगिएको छ । त्यो गन्तव्यले सुखद भविष्य नै प्रदान गर्ला भन्दै आफ्नै डेरामा बसी हामी जन सङ्घर्ष गरिरहेका छौं ।

'ड्रिम कन्ट्री' अर्थात सपनाको संसार अर्थात सात समुद्र पारिमा डायस्पोरिक तीतोमीठो अनुभूति लिएर उज्ज्वल भविष्य खोजिरहेका छौं । इमानदारिता र मिहिनेतको उच्च सम्मान भएको पाउँदा आनन्द लाग्ने रहेछ । रोजगारीको पीडा भोग्नु नपर्ने कारण जीविकोपार्जनमा समस्या नहुने रहेछ । बेला बेलामा मनमा यस्तो कुरा खेलिरहन्छ -

पूर्वीय संस्कारमा हुर्किएको/बढेको हामीलाई भौतिकवादी संस्कारले नथिचोस् हामी हाम्रो भाषा, संस्कृति एवं परम्परालाई बचाइराख्न सकौं तन पश्चिममा भए पनि मनचाहिँ पूर्वमा हुँदो रहेछ । कार्यव्यस्तताका कारण पारिवारिक योजना मुलतवी अपेक्षाका रूपमा रहँदारहेछन् । उक्त अपेक्षा पूरा होस् भन्दै कामना गरिरहेको हुन्छु । वास्तवमा मैले निम्नलिखित विशेषता पाउँछु -

विकास र समृद्धि, सिस्टम (थिती), श्रमपूर्ण जीवन, श्रमको सम्मान,समानता, समयनिष्ठ(मानव, प्रकृति, सार्वजनिक यातायात सेवा) चुस्त दुरुस्त सेवा सुविधा, समयानुकुल प्रकृति, हिउँ-बतास, हुरी स्तरीय जीवनशैली, ड्राइभिङ जिन्दगी, रिले पारिवारिक जीवन, आत्मनिर्भर, बिमा, निःशुल्क विद्यालयीय शिक्षा आदि ।

*हाल- कोलोराडो, संयुक्त राज्य अमेरिका ।*



# विधातात्त्विक पक्षदेखि पूर्वीय काव्यशास्त्रीय मान्यताहरूको चिरफार गर्दै आएको छु

*__डा. लेखप्रसाद निरौला__ नेपाली साहित्यका क्षेत्रमा सक्रिय योगदान पुऱ्याउँदै आउनुभएका समालोचक, कवि एवम् निबन्धकार हुनुहुन्छ । उहाँको जन्म २०२८ साल श्रावण १ गते नीलमणि र याशोदाको कोखबाट पहिलो सन्तानका रूपमा सङ्खुवासभामा भएको हो । नेपाली र संस्कृत दुवै भाषामा पोख्त रहनुभएका साहित्यकार निरौलाले डेढ दशकअघिदेखि निरन्तर रूपमा साहित्यसेवा र शिक्षण पेसालाई आत्मसात् गर्दै आउनुभएको छ । प्रशासनिक क्षेत्रमा समेत दक्षता हासिल गर्नुभएका निरौला हाल वाल्मीकि क्याम्पसमा सहप्राध्यापकका रूपमा कार्यरत हुनुहुन्छ । प्रस्तुत छ, वहाँसँग अग्निचक्र मासिकको भलाकुसारी :*

**तपाईंको शैक्षिक पृष्ठभूमिबारे बताइदिनुहोस् न !**

– म सामान्य परिवारमा जन्मेको व्यक्ति हुँ । मैले प्रारम्भमा संस्कृत विषयलाई क वर्गका रूपमा राखी आचार्य (स्नातकोत्तर) तहसम्म अध्ययन गरेँ । त्यसपछि ख वर्गका रूपमा पढ्दै आएको नेपाली विषयमा एम.ए र एकवर्षे बि.एडसम्मको अध्ययन गरेँ । मेरो विद्यावारिधि (पीएच.डी.) चाहिँ *माधव घिमिरेका खण्डकाव्यमा अलङ्कार-योजना* शीर्षकमा २०६४ सालमा सम्पन्न भएको हो ।

**तपाईंको साहित्यिकयात्रा केकस्तो रहेको छ ?**

– म धरानको पिण्डेश्वर क्याम्पसमा अध्ययन गर्दादेखि नै नेपाली कविता, एकाङ्की र कथाहरू लेख्थेँ । मलाई वक्तृत्वकला र अन्त्याक्षरी पनि औधी मन पर्थ्यो । मैले त्यसवेला भित्तेपत्रिकाका लागि दिएका ती सिर्जनाहरू अहिले मसँग छैनन् । त्यसपछि विश्वविद्यालय विद्यापीठ दाङमा साहित्य विषय लिई आचार्य गरिरहँदा संस्कृतमा कविता लेखी संस्कृत कवि सम्मेलनमा वाचन गरेको थिएँ । त्यो मधुरिमा पत्रिमा प्रकाशित छ । त्यसपछि त्रिवि नेपाली विभाग कीर्तिपुरबाट एम.ए.को अध्ययन गरिरहँदा कुञ्जिनी र प्रलेसजस्ता पत्रिकाहरूमा मेरा कविताहरू प्रकाशित भएका छन् । यही पृष्ठभूमिबाट मेरो साहित्यिक यात्रा प्रारम्भ भएको हो ।

**तपाईंका प्रकाशित कृति र रचनाहरूबारे केही बताउनुहुन्छ कि ?**

– मैले मूलतः कविता, काव्य, निबन्ध र समालोचना विधाहरूमा कलम चलाउँदै आएको छु । मेरा कैयौं फुटकर कविता र निबन्धहरू अप्रकाशित अवस्थामा रहेका छन् । त्यस्तै एउटा खण्डकाव्य पनि अप्रकाशित अवस्थामै रहेको छ । वि.सं. २०५९ सालमा पहिलोपटक *घाँटी हेरी हाड निल्नु ?* (निबन्धसङ्ग्रह) प्रकाशित भएपछि मेरो कृति प्रकाशनको क्रम प्रारम्भ भएको हो । त्यस सँगसँगै मेरो दोस्रो कृति *मातली* खण्डकाव्य २०६० सालमा प्रकाशित भयो । बीचको अवधिमा विद्यावारिधि उपाधिका निमित्त शोधकार्य गरिसकेपछि मेरा समालोचनात्मक कृतिहरू प्रकाशित हुन थाले । यसक्रममा *राष्ट्रकवि घिमिरेको खण्डकाव्यकारिता* (२०६६), *माधव घिमिरेका खण्डकाव्यमा अलङ्कार* (२०७१), *दृष्टिकोण* (२०७३), *दृष्टिविम्ब* (२०७३) र *नेपाली साहित्यमा नेपाली साहित्य प्रचार समिति सिलगढीको योगदान* (सन् २०१७) गरी पाँचओटा समालोचनात्मक कृतिहरू प्रकाशित भएका छन् । यसैबीच २०७४ सालमा तेह्र जना कविहरूद्वारा संयुक्त रूपमा तयार पारिएको महाकाव्य *आरोहण*को लेखनमा समेत मेरो सहभागिता रहेको छ । यसरी मेरा आठओटा साहित्यिक कृतिहरू प्रकाशित भएका छन् । यीबाहेक पनि मेरा यति नै हाराहारीमा कक्षा दसदेखि स्नातकसम्मका पाठ्यसामग्रीहरू प्रकाशित भएका छन् । प्रकाशित फुटकर समालोचना र भूमिका लेखनहरूको सङ्ख्या तीन दर्जनभन्दा बढीरहेको छ ।

**तपाईंका साहित्यिक प्रवृत्ति र कृतिगत विशेषताहरू केही बताइदिनुहुन्छ कि ?**

– सामान्यतया आफ्नो प्रवृत्ति वा साहित्यिक वैशिष्ट्य आफैबाट भनाउनु समुचित मानिदैन । यति हुँदाहुँदै पनि केही भन्नुपर्दा मलाई साहित्यप्रतिको अभिरूचि छ । मैले संस्कृत साहित्यमा आचार्यसम्मको अध्ययन गरेकाले संस्कृत साहित्यका लक्षण ग्रन्थ र लक्ष्यग्रन्थहरूभित्र रमाउने अवसर पाएको थिएँ । त्यसैगरी नेपाली विषयमा पनि विद्यावारिधिसम्मको अध्ययन गरिरहँदा नेपाली भाषासाहित्य वा वाङ्मयभित्रका कतिपय महत्वपूर्ण विषयवस्तुभित्र रामाउने अवसर पएको छु । संस्कृत र नेपाली दुवै विषयमा स्नातकोत्तर गरे पनि मैले नेपाली विषयको अध्यापनका लागि स्थायी हुने अवसर पाएकाले हिजोआज त्यतैतिर प्रवृत्त हुँदै आएको छु ।

वास्तवमा मैले यस्ता विषयहरूको उठान गर्नुमा मेरो साहित्यिक पृष्ठभूमिलाई झल्काउने उद्देश्य मात्र हो । यसबाट मभित्र पूर्वीय साहित्य सिद्धान्तको गहन ज्ञानका लागि सहज परिवेश सिर्जना भएको कुरा प्रस्ट हुन्छ । यसकारण पनि मेरो लेखनमा पूर्वीय साहित्यशास्त्रको प्रभाव रहन सक्दछ । साथै, सामाजिक विकृति विसङ्गतिप्रति सचेत हुने प्रवृत्ति पनि मेरो साहित्य लेखनमा पाउन सकिएला । मैले दार्शनिकता र व्यङ्ग्यलाई आफ्ना निबन्धभित्र, प्रगतिवादी चेतलाई काव्यभित्र तथा समसामयिकतालाई फुटकर कविताहरूभित्र प्रयोग हुने गरेको कुरा महसुस गरेको छु । त्यस्तै मेरो सर्वाधिक ऊर्वर विधाका रूपमा हालसम्म समालोचना नै देखापर्दै आएको छ । यसअन्तर्गत सैद्धान्तिक र प्रयोगिक दुबैखाले समालोचनाहरू प्रकाशित भएका छन् । अतः मलाई लाग्छ कृतिभित्रको विधातात्त्विक पक्षदेखि पूर्वीय काव्यशास्त्रीय मान्यताहरूको चिरफार गर्नेकाम नै मबाट हुँदै आएको भन्ने लाग्दछ ।

**तपाईंले संस्कृत र नेपाली दुबै विषयमा डिग्री लिनुभएको रहेछ । वास्तवमा यी दुवै भाषासाहित्यका बीचको सम्बन्ध कस्तो पाउनुभयो त ?**

– हो, मैले दुबै भाषाको औपचारिक अध्ययन गरेको छु । तर, दुबैभित्रको अथाह ज्ञानराशिलाई मैले पूर्णतया लिन सक्ने कुरै भएन । कहाँ संस्कृत वाङ्मयको त्यो अनन्त सम्पदा र कहाँ नेपाली वाङ्मयको उर्लँदो भेल ! दुबै मेरा लागि गम्भीर विषय नै भए । यति हुँदाहुँदै पनि मेरो सामान्य क्षमताले भ्याएसम्म नेपाली साहित्यभन्दा संस्कृत साहित्य निकै विस्तृत र गम्भीर पाएको छु । संस्कृतका वाल्मीकीय रामायणदेखि कालिदासीय अभिज्ञान शाकुन्तलम् हुँदै दण्डी, श्रीहर्ष, माघ र भारवि आदिका सुललित कृतिहरूको अध्ययन वास्तवमै चाखलाग्दो विषय मानिन्छ । नेपाली साहित्यका सन्दर्भमा पनि लेखनाथ,

देवकोटा, सम, पारिजात, बिपी, रिमाल, मल्ल, भूपीलगायतका अनेकौँ विशिष्ट साहित्यकारका कृतिहरूको उचाइ आफैमा उल्लेखनीय रहेको पाइन्छ । कैयौँ नेपाली साहित्यकारका सिर्जनाहरूमा संस्कृत साहित्यको उपजीव्यता पाइन्छ भने कैयौँमा तिनीहरूको प्रभाव पनि पाइन्छ । खासगरी नेपाली साहित्यका विधात्मक पहिचानका सन्दर्भमा पूर्वीय संस्कृत साहित्यशास्त्रको प्रभाव उल्लेखनीय रहेको छ । हुन त नेपाली साहित्यमा पाश्चात्य साहित्यसिद्धान्तको पनि यथेष्ट प्रभाव रहँदै आएको छ । तर पनि, संस्कृत र नेपाली साहित्यका बीच साहित्यिक मान्यता र लेखनशैली आदिका बीच निकै घनिष्टतम सम्बन्ध रहेको पाइन्छ ।

**तपाईंको *घाँटी हेरी हाड निल्नु ?* कस्तो प्रकृतिको निबन्धसङ्ग्रह हो ?**

– समाजमा एकातिर सामाजिक विकृति विसङ्गतिको प्रभाव पाइन्छ भने अर्कातिर मानवीय कमीकमजोरी वा वैयक्तिक कमजोरीको प्रभाव पाइन्छ । कतिपय विकृति विसङ्गतिहरु परम्परागत रूपमा विकसित हुँदै आएका हुन्छन् भने कतिपय व्यक्तिगत स्वभावका कारण उत्पन्न भएका हुन्छन् । यस्ता जुनसुकै विषयहरूले मेरो मनमस्तिष्कमा प्रभाव पारिरहने हुँदा यस निबन्धभित्र सङ्कलित दसओटै निबन्धमा विभिन्न प्रकृतिका विकृति विसङ्गतिको व्यङ्ग्यात्मक रूपमा चिरफार गरिएको छ । साथै सङ्घर्ष र आशावादी जीवन दर्शनका अनेक पाटाहरूलाई समेट्ने प्रयास भएको छ । हास्यव्यङ्ग्यका दृष्टिले यसभित्र सङ्कलित निबन्धहरु सफल रहेको कुरा समालोचकहरूबाट व्यक्त हुँदै आएको पाइन्छ । यसबारे त्रिविबाट स्नातकोत्तर तहका लागि शोधकार्य समेत भइसकेको पाएको छु ।

***मालती* खण्डकाव्यको सन्देशचाहिँ के होला ?**

– म शास्त्रीय छन्दहरूमा केही सिर्जना गरिरहन रूचाउँछु । त्यस्तै पाँच छालहरूमा तयार भएको *मालती* पनि शास्त्रीय छन्दमै आधारित छ । यसभित्र जातीय सङ्कीर्णताभन्दा माथि उठेर हार्दिक प्रेमका पक्षमा सशक्त विचारहरु प्रस्तुत भएका छन् । मानवीय संवेदना र सङ्घर्षपूर्ण विद्रोहका दृष्टिले समेत यसको विशेष प्रभाव देखापरेको छ । वास्तवमा 'मालती' खण्डकाव्यबाट सामाजिक विकृति, जातीय सङ्कीर्णताको विरोध, मानवीय संवेदना र हार्दिक प्रेमजस्ता कुराहरु नै मुखरित भएको हुनुपर्छ भन्ने मेरो ठम्याइ छ । यसबारे पनि त्रिविबाट स्नातकोत्तर तहका लागि शोधकार्य सम्पन्न गरिएको पाइन्छ ।

**तपाईं सर्जक र समालोचक दुबै हुनुहुन्छ तापनि आफूलाई के भन्न रूचाउनुहुन्छ ?**

– सिर्जना र समीक्षा एकअर्काका पूरक हुन् । सर्जकले सिर्जनाका लागि आवश्यक मूल्य र मान्यताहरूको ज्ञान गर्ने पर्छ । वास्तवमा समालोचकीय दृष्टि भनेको पनि त्यही सिर्जनाका दृष्टिले आत्मसात् गर्नुपर्ने स्थापित मान्यताहरु नै हुन् । त्यस्तै साहित्यका विधागत मान्यताहरूको आफ्नै परम्परा र प्रवृत्ति रहँदै आएको छ र हरेक विधा वा उपविधाहरूका लागि कुनै न कुनै किसिमको मापदण्डसमेत तयार भएको छ । यसर्थ, सर्जकले त्यस्तो जुनसुकै सिर्जना गरिरहँदा पनि त्यसभित्रको सैद्धान्तिक मान्यतासम्बन्धी चुरोलाई बिर्सनै मिल्दैन ।

हो, म पनि खासगरी कविता, निबन्ध र काव्यहरु लेख्छु । अनि प्रशस्त मात्रामा समालोचना र भूमिकाहरु लेखिरहन्छु । जहाँसम्म मलाई लाग्छ मेरो सर्जक हृदयभित्र समालोचकीय चेतनाको आन्तरिक प्रभाव परिरहेकै हुन्छ । म केही न केही सचेत भएरै सिर्जना गरिहेको हुन्छु । अनि अर्को कुरा मेरा सबैभन्दा बढी पाँचपाँचओटा समालोचनाका कृतिहरु पनि प्रकाशित भएका छन् । तिनमा मेरो समालोचकीय भूमिकाको समेत विशेष प्रभाव रहेको छ । साथै, एकातिर पूर्वीय साहित्य सिद्धान्तका आलोकबाट र अर्कातिर विधातात्विक मान्यताहरूको आलोकबाट मेरा ती समालोचनाहरु तयार भएका छन् । वस्तुतः म प्रस्ट रूपमा कृतिपरक विश्लेषणका पक्षमा उभिन रूचाउँछु । अतः यहाँहरूले मलाई सर्जक वा समालोचक कुन रूपमा प्राथमिकता दिनुहुन्छ, त्यो कुरा यहाँहरूमै अन्तर्निहित छ ।

**साहित्यमा सिर्जना र समालोचनामध्ये कुन क्षेत्र बढी सजिलो मानिन्छ ?**

– सिर्जनाको सम्बन्ध बढी भावुकता र कल्पनाशील कलात्मकतासँग हुन्छ भने समालोचनाको सम्बन्ध बौद्धिकता र तथ्यपरकतासँग हुने गर्दछ । जीवनमा भावना र बुद्धिको वा कल्पना र यथार्थ दुबैको उत्तिकै महत्व रहेको हुन्छ । कुनै एक पक्षलाई निषेध गरेर जीवनको गति सार्थक हुँदैन । यसकारण पनि सिर्जना र समालोचना दुबैको आआफ्नो स्थानमा विशिष्ट भूमिका रहन्छ । मानिसलाई कहिले हृदय पक्षको आवश्यकता पर्छ भने कहिले बुद्धि पक्षको आवश्यकता पर्दछ । एकले अर्कालाई निषेध गरेर मानिसले पूर्णता पाउनै सक्दैन । यसकारण पनि कुनै एउटा सजिलो र अर्को अप्ठ्यारो भन्ने कुरा रहँदैन । हो, कहिले अनुभूतिको शून्यता भयो भने सिर्जना पक्ष निकै गाह्रो हुन्छ । तर, त्यस्तै नै साहित्यिक




मान्यताहरूको ज्ञानमा कमी र विश्लेषण क्षमतामा सफल हुन नसकेको अवस्थामा समालोचना पनि झनै अप्ठ्यारो नै हुने गर्दछ । जहाँसम्म मेरो कुरा छ, मलाई सिर्जनाभन्दा समालोचनाका लागि अलि बढी समय दिनुपर्ने र मिहिनेत गर्नुपर्ने हुन्छ ।

**दसएघार वर्षअघि नेपालीमा विद्यावारिधि गर्नुभएको तथा यति धेरै कृतिहरू प्रकाशित गरिसक्नुभएको छ तापनि तपाईँलाई आफू बढी चर्चित नभएको भन्ने लाग्दैन ?**

– विद्यावारिधि गर्नु मेरो अधीनको विषय हो । त्यस्तै कृतिहरु प्रकाशित गर्नु पनि मेरो अधीनकै विषय हो । तर, चर्चित हुनु र नहुनु मेरो अधीनको विषय होइन । अर्को कुरा केलाई चर्चा वा सम्मानको विषय मान्ने ? कसरी बढी चर्चित भइन्छ भन्ने कुराको मूल्याङ्कन गर्ने ? यस्ता विषयहरूको कुनै एउटै उत्तर पाइन्छ जस्तो मलाई लाग्दैन । धेरै कुरा त यहाँलाई पनि थाहा छ कि कसरी चर्चित भइन्छ र किन चर्चित भइँदैन । मैले मेरो साधन, स्रोत, समय र क्षमताअनुसार निरन्तर आफ्नो काम गरिरहेको छु । मलाई यसरी नै साहित्यसेवा गरिरहँदा आनन्द लाग्दछ । अनि, जहाँसम्म मेरो विश्वास छ प्राज्ञिक वर्गबाट मेरो यथेष्ट मूल्याङ्कन भएकै छ । म सम्मानित र पुरस्कृत हुँदै आएको छु; विभिन्न सभा-समारोहहरूमा मन्तव्य राख्दै आएको छु र भूमिका लेखनदेखि सम्पादनका कार्यहरु पनि गर्दै आएको छु । विश्वविद्यालयका आन्तरिक प्राज्ञिक कार्यहरूमा पनि मेरो भूमिका रहँदै आएको छ । मेरा अग्रज र अनुज दुबैबाट प्रशस्त सद्भाव पाएको कुरामा म विश्वस्त छु ।

**वर्तमान नेपाली साहित्यबारे केही भन्नु हुन्छ कि ?**

– धेरै कुरा त यहाँलाई पनि थाहा छ । म धेरै भन्दिनँ । इमानदारिताको परिणाम मीठो हुन्छ । धैर्य गर्नुपर्छ । साधना सबैभन्दा ठूलो देन हो । क्षणिक भुलभुलैया र बाहबाहीका पछाडिभन्दा अथवा चाकडी र चाप्लुसीभन्दा निःस्वार्थ रूपमा गरिएको साहित्यसाधनाबाटै वर्तमान नेपाली साहित्यको समुन्नति सम्भव छ । धन्यवाद अग्निचक्र !


# प्रा. रिसालको अष्टावक्रगीता बजारमा



राजा जनक र ब्रह्मर्षि अष्टावक्र संवाद रहेको "अष्टावक्रगीता" विशेष विवरण सहितको नेपाली अनुवाद प्रा. शिवगोपाल रिसालको ६३ औं कृतिको रूपमा हालै विमोचन भइ बजारमा आएको छ । प्रा. रिसालले यसअघि ६२ वटा कृति लेखि सक्नु भएको छ । अनन्त श्री विभुषित १००८ स्वामी मधुसुदनानन्द सरस्वती ज्यूद्वारा दक्षिणामूर्ति पशुपति शंकराचार्य पीठमा विमोचन गरिएको पुस्तक हरेक नेपालीले र समस्त हिन्दु जनमानसका लागि ज्ञानको खानी रहेको छ । पुस्तक बेचेर उठेको रकम सबै नै श्री महेश गुरुकुल आश्रम देवघाट संचालनार्थ अक्षुणकोषका लागि प्रयोग हुने कुरा लेखक प्रा. रिसालले बताउनु भयो ।

सरलीकृत व्याख्या सहितको यो ग्रन्थ साधकहरूका लागि अत्यन्त उपयोगी हुने देखिन्छ । ज्ञान कसरी प्राप्त हुन्छ ? मुक्ति कसरी हुन्छ ? वैराग्य कसरी आउँछ ? लगायतका प्रश्नहरूको जवाफ यस पुस्तकमा रहेको छ । हरेक मान्छेको जीवनदर्शनका लागि यो पुस्तक उपयोगी रहेको विश्वास विद्वानहरूले गर्नुभयो । नेपाली भाषा साहित्यको श्रीवृद्धिका लागि संग्रहणीय बन्न पुग्ने र ठूलो योगदान रहने विश्वास वक्ताहरूले गर्नु भएको थियो । ज्ञाननिष्ठ ज्ञवालीले उद्घोषण गर्नुभएको कार्यक्रममा हजारौं भक्तजन एवं विद्वान्हरूको उपस्थिति देखिन्थ्यो ।

महेश संन्यास आश्रम, देवघाटधाम, तनहुँ प्रकाशक रहेको यो पुस्तकमा साधन सम्पन्न भइसकेका अधिकारीहरूका लागि सांसारिक बन्धनको उच्छेदन गर्ने अचुक उपाय पाइन्छ । वैदिक सनातन धर्मको संरक्षण, संवर्द्धन एवं गुरुकुल सञ्चालनद्वारा संस्कृत वाङ्मयको र खास गरी शङ्कराचार्यद्वारा प्रतिपादित उद्धेतवेदान्त सिद्धान्तको प्रचारप्रसार गर्ने उद्देश्यका साथ सञ्चालित महेश संन्यास आश्रमले आफ्नो उद्देश्य अनुसार नै यो अष्टावक्रगीता ग्रन्थको प्रकाशन गर्ने जिम्मेवारी लिएको रहेछ । महेश संन्यास आश्रमको सञ्चालनमा ज्यादै ठूलो सहयोग गर्ने लेखक प्रा.शिवगोपाल रिसाललाई सबैले धन्यवाद दिनु भएको थियो । कार्यक्रममा उपस्थित सबै हर्षित मुद्रामा देखिन्थे ।




# यसकारण यो गीता लेखें

✍ प्रा. शिवगोपाल रिसाल

*यस्य बोधोदये तावत्स्वप्नवद्भवति भ्रमः ।*
*तस्मै सुखैकरूपाय नमः शान्ताय तेजसे ॥* (अष्टावक्रगीता १८।१)

जसको ज्ञान भएपछि आजसम्म देखिएका सम्पूर्ण दृश्यप्रपञ्च सपनाजस्तै रहेछ भन्ने पक्का हुन्छ, त्यस्ता सच्चिदानन्दस्वरूप तेजोमय ब्रह्मलाई नमस्कार गर्दछु।

ऋषिकुमार अष्टावक्र र विदेहनगरी जनकपुरका राजा जनकका बीचमा भएको अद्वैतवेदान्तपरक असाधारण संवाद नै अष्टावक्रगीता हो । गुरु अष्टावक्र मुनिले शिष्य राजा जनकलाई उपदेश दिएको हुनाले यसको नाम अष्टावक्रगीता रहेको हो ।

जम्मा बीस प्रकरणमा आबद्ध यस गीतामा दुईसय अन्ठानब्बे श्लोक छन्। सबै श्लोक अनुष्टुप् छन्दमा रचिएका छन्। राजा जनकको जिज्ञासापूर्ण प्रश्नबाट आरम्भ भएको गीता जनककै उद्गारबाट पूर्ण हुन्छ। अष्टावक्रको उपदेश दुईसय सोह्र श्लोकमा छ भने जनकको प्रश्न र अनुभवात्मक उद्गारहरू बयासी श्लोकमा व्यक्त छन्।

यसलाई कसैले अष्टावक्रसंहिता भनेका छन् भने कसैले अष्टावक्रमहागीता पनि भनेका छन्। यो वैदिक दर्शनको सर्वोच्च उपलब्धि हो। यहाँ अध्यात्मचिन्तनको उच्च मूल्याङ्कन भएको छ। अष्टावक्र बेजोड विद्वान्, असाधारण प्रतिभा सम्पन्न जीवन्मुक्त ऋषिकुमार भएकाले उनले बोलेको वाणी मन्त्र हो, संहिता हो।

अष्टावक्रगीतामा ज्ञानैज्ञान छ, यहाँ कर्म र उपासनाको गन्धसम्म पनि छैन। यो अजातवादी दर्शनको अतुलनीय ग्रन्थ हो। बाह्र वर्षका उद्भट विद्वान्, श्रोत्रिय ब्रह्मनिष्ठ, अत्युच्च श्रेणीका गौरव बोकेका गुरु अष्टावक्रको र अत्युत्तम अधिकारी शिष्य जनकको संवादले भरिएको यो ग्रन्थ अद्वैत वेदान्तमा असाधारण मानिएको छ।

गद्दीनसीन राजा जनकलाई ज्ञानवान् अष्टावक्रको पहिलो उपदेश छ– 'मुक्ति नै चाहन्छौ भने हे शिष्य ! सम्पूर्ण विषयहरूलाई विषजस्तै मानेर, जानेर सदा–सर्वदाका लागि त्याग।' वेदान्तको निचोड, सारसर्वस्वको उपदेश यही हो, यत्ति हो। अब बाँकी त यसैका व्याख्या हुन्, विवरण हुन्।

अष्टावक्र जन्मजात अपाङ्ग थिए तर जन्म हुनुभन्दा पहिले नै अर्थात् गर्भदेखि नै ज्ञानवान् थिए। अष्टावक्रको पुर्ख्यौलीको नालीबेली यसरी गरिएको पाइन्छ। छान्दोग्योपनिषद्अनुसार उद्दालक आरुणि औपवेशी गौतमका छोरा हुन्। वैदिक कालका आचार्य धौम्य ऋषिका शिष्य उद्दालकलाई अरूणका पुत्र एवं याज्ञवल्क्य ऋषिका गुरु पनि भनेको पाइन्छ। उद्दालकका छोराको नाम हो श्वेतकेतु। यिनै श्वेतकेतुलाई उद्दालकले नौ–नौ पटक तत्त्वमसि महावाक्यको उपदेश दिए। पछि श्वेतकेतुलाई ब्रह्मात्मैक्यबोध भएको प्रसङ्ग छान्दोग्योपनिषद्मा आएको छ। उद्दालककी छोरी सुजाताको कहोड नाम गरेका ऋषिसङ्ग विवाह भएको हो। तिनैका छोरा हुन् अष्टावक्र। अष्टावक्र गर्भमा छँदै बाबुले वेद पाठ गर्दा केही स्थानमा अशुद्ध उच्चारण भएकाले उनले गर्भभित्रैबाट विरोध जनाएछन्।

आमाको नजिकै बसेर पिताले पाठ गर्ने गरेका रहेछन्। आफूलाई अपमान गरेको ठानी बाबुले गर्भस्थ भ्रूणलाई सराप दिए– "तँ जन्मदाखेरि नै आठ ठाउँमा बाङ्गो भएर जन्मेस्।" नभन्दै जन्मदाखेरि नै आठ ठाउँमा बाङ्गा भए। तर शरीर बाङ्गो भए तापनि उनी जन्मदेखि नै ज्ञानी थिए, मुक्त थिए। आत्मज्ञानविशारद अष्टावक्र

योगविज्ञानमा पनि धुरन्धर थिए । शरीरको बाङ्गोपनले यिनको ज्ञान बाङ्गिएको थिएन । हुन पनि हो— मन्दिर बाङ्गो हुँदैमा आकाश बाङ्गो हुँदैन । उखु बाङ्गो हुँदैमा रस बाङ्गो हुँदैन । खोलो बाङ्गो हुँदैमा पानी बाङ्गो हुँदैन । दाउरा बाङ्गो हुँदैमा आगो बाङ्गो हुँदैन । मन, बुद्धि बाङ्गो हुँदैमा आत्मा बाङ्गो हुँदैन । मिठाइ बाङ्गो हुँदैमा स्वाद बाङ्गो हुँदैन । सूर्यको किरण बाङ्गो हुँदैमा उज्यालो (प्रकाश) बाङ्गो हुँदैन । वाद्यवादक बाङ्गो हुँदैमा स्वर, ध्वनि बाङ्गो हुँदैन । त्यसै गरी शरीर बाङ्गो हुँदैमा ज्ञान कदापि बाङ्गो हुँदैन । यो कुरा चरितार्थ भएको छ अष्टावक्र र उनको ज्ञानवत्तामा ।

एक पटक कहोड ऋषि राजा जनककहाँ केही पाउने आशाले गएका थिए । वादी नामक दरबारिया पण्डितले शास्त्रार्थमा कहोडलाई हराइदिए र वरुणलोकतिर पठाइदिए । एक दिन गुरुकुलमा पढ्ने साथीहरूले अष्टावक्रलाई 'तिम्रा बाबु वेपत्ता छन्' भनिदिएछन् । आएर आमासँग सोध्दा थाहा भयो— आफ्ना बाबु राजाकहाँबाट नफर्केको कुरा । बाबुको खोजमा अष्टावक्र राजदरबारतिर गए । त्यति बेला आफ्ना मामा श्वेतकेतुलाई पनि साथमा लिएर गएका थिए । दरबारका पण्डित वादीसँग शास्त्रार्थ गर्दा अष्टावक्रले जिते र आफ्ना पितालाई वरुणलोकबाट मुक्त गराएर ल्याए । खुशी भएका पिताले छोरालाई आशीर्वाद दिए । त्यस पछि उनले छोरा अष्टावक्रलाई नजिकैको समगा नामको नदीमा स्नान गर्न लगाए । स्नान गरेर बाहिर आउँदा अष्टावक्र अब एक सुन्दर, सम्पूर्ण अङ्गले सहित किशोरका रूपमा देखापरे ।

अष्टावक्रको सम्बन्धमा एउटा अर्को प्रसिद्ध कथा छ— एक दिन राजा जनक राजसभामा बसिरहेकै समयमा यस्सो आँखा लागेछ । उनी त सपनामा दर्दर भिखारी भएर हातमा कहतारो लिएर माग्दै हिँडेको । स्वास्नी छोराछोरीलाई खान लगाउन दिन नसकेर पानीमा हामफालेर मर्नै खोज्दा झल्याँस्स भएछन् ।

अब राजाको मनमा एउटा ठूलो शङ्का एवं जिज्ञासा उत्पन्न भयो— त्यो (सपनाको) साँचो कि यो (जाग्रत्‌को) राजसभामा, राजसिंहासनमा बसेको, राज्य गरेको साँचो ।

देशका र विदेशका समेत बडाबडा विद्वान्, पण्डित, शास्त्रवेत्ता, ज्योतिष, मीमांसक आदिलाई बोलाएर राजाले सोधे— 'त्यो साँचो कि यो साँचो ?'

कसैले भने त्यो साँचो । कसैले भने यो साँचो । कसैले भने त्यो पनि साँचो यो पनि साँचो । राजालाई चित्त बुझेन । अत्यन्त चिन्तित भए राजा । ठीक उत्तर दिन नसक्ने सारा पण्डित बन्दी बनाइए ।

यो समाचार चारैतिर फैलियो । अष्टावक्र ठीक उत्तर दिने उद्देश्यले राजदरबार पुगे । आठ ठाउँमा बाङ्गा ऋषिकुमारलाई ढोकाका पालेहरूले यी विद्वान्, ज्ञानी हुन् भन्ने नचिनेर भित्र पस्नै दिएनन् । उनले आफ्नो सारा परिचय र केही विद्वत्ता देखाएपछि र राजाको अनुमति पाएपछि भित्र राजाका सभामा पुगे । अष्टावक्र राजाको जिज्ञासाको समाधान गर्न आएको भन्ने सुनेका पण्डितहरू उनको शरीर देखेपछि गललल्ल हाँसे । अष्टावक्र झन् जोड जोडले हाँस्न थाले । राजा जनक छक्क परे र सोधे तपाइँ किन हाँस्नुभयो भनेर । अष्टावक्रले भने— राजाको सभामा कस्ता कस्ता विद्वान्, शास्त्रका ज्ञाता, ज्ञानी, पण्डितहरू होलान् भनेर ठानेको त गलत भएछ । यहाँ त जम्मै चर्मकार पो रहेछन्, छालाका पारखी । यो सुनेपछि राजपण्डितहरू नतमस्तक भए । उनीहरू उनको शरीर र बाङ्गोपन देखेर हाँसेका थिए । पाए अब जवाफ ।

अष्टावक्रमा भएको ज्ञानको तेज देखेर राजालाई उनकाप्रति श्रद्धा जाग्यो । उनले पुरानै प्रश्न दोहोऱ्याए— 'यो साँचो कि त्यो साँचो ?' अष्टावक्रले उत्तर दिए— 'त्यो पनि मिथ्या, यो पनि मिथ्या ।' राजा जनकलाई चित्त बुझ्यो । राजा अत्यन्त प्रसन्न भए । उनलाई यी अष्टावक्रसँग ज्ञान सिक्ने इच्छा भयो । उनले बिन्ती गरे । अष्टावक्रले स्वीकार गरे, तर एक–दुई सर्तमा मात्र । दुवै जनाको सर्त स्थापित भयो । राजाले भने— म घोडा चढ्दछु । एउटा गोडा

## वैदिक दर्शनको सर्वोच्च उपलब्धि

रिकाबमा राखिसकेपछि अर्को गोडा अर्को रिकाबमा राख्नुभन्दा अगाडिको ( एकै छिनको) समयमा मलाई ज्ञान दिनुपर्छ । अष्टावक्रले हुन्छ भने । अष्टावक्रको सर्त थियो र सोधे—

'मलाई गुरु मान्ने हो ?' उत्तर आयो— 'हो' । 'उसो भए मलाई गुरुदक्षिणा अगाडि नै दिनुपर्छ' । राजाले 'दिन्छु' भने । 'त्यसो भए तिम्रो चित्त मलाई देऊ' भने गुरुले । शिष्यले 'दिएँ' भने । यति हुनुभन्दा अगाडि नै घोडा ठीक पारेर घोडाको काठीको एउटा रिकाबमा राजाले एउटा गोडा राखिसकेका रहेछन् । अब गुरुलाई चित्त चढाइसकेपछि गुरुले भने 'ल अर्को रिकाबमा गोडा राख' भन्दा त राजा चित्तरहित भएकाले अर्को गोडा उचालेको उचाल्यै भए ।

अब हल्ला भयो । 'के भयो ! के भयो ! राजालाई के भयो ?' भन्दै । गुरुले राजालाई भने— 'राजा ! मलाई चढाएको दक्षिणास्वरूप चित्त तिमीलाई फिर्ता दिएँ तर नासोका रूपमा । मेरो चित्तलाई लिएर तिमी अर्को गोडा रिकाबमा राख' । यति भनेपछि राजाले गुरुको चित्तलाई नासोका रूपमा स्वीकार गरी चेतनामा आएर अर्को रिकाबमा गोडा राखे । अब घोडाबाट ओर्लेर राजाले गुरुलाई साष्टाङ्ग दण्डवत् गरे र दरबारमा गए । ज्ञान सिक्ने इच्छा व्यक्त गरे । गुरु अष्टावक्र पनि दरबारमा गएर गुरु भएकाले राजाको सिंहासनभन्दा उच्च आसनमा बसेर विनम्र भावले हात जोडेर बसेका राजालाई धमाधम उपदेश दिन थाले । यही राजा जनक र अष्टावक्र मुनिको संवाद नै अष्टावक्रगीता भयो ।

गुरुबाट नासोका रूपमा पाएको चित्तलाई लिएर राजा एकातिर ज्ञानी भए, अर्कातिर विदेहनगरी जनकपुरको राज्य पनि चलाए । चित्त गुरुको भयो कर्म शिष्यको भयो । अहा ! कति राम्ररी राज्य चल्यो ।

अष्टावक्रका तीन पुस्तासम्मका पूर्वज सबै ज्ञानी थिए । बाबु पनि शास्त्रज्ञ थिए र वेदका पनि ज्ञाता थिए । एकाध स्थानमा उच्चारणमा अशुद्धि भए तापनि उनी वैदिक ऋषि नै थिए । अष्टावक्रका मामा श्वेतकेतु पनि पिताश्रीबाट उपदेश पाएपछि ज्ञानी भए । उनका मातामह, उद्दालक आरुणि श्वेतकेतुका पिता हुन् । यी पनि ज्ञानी थिए । यी सबै गृहस्थ संन्यासी हुन्, ज्ञानवान् हुन् । ज्ञानी हुनका लागि बाहिर लुगा फेर्न, जनै चुँडाल्न र टुप्पी काट्न पर्दैन । घरबार भएका, गृहस्थी चलाएका मानिस पनि ज्ञानी हुन सक्छन्, यसको उदाहरण अष्टावक्र हुन् ।


महाभारत वनपर्व (३२।१३४) मा अष्टावक्रको प्रसङ्ग आएको छ । त्यस्तै अध्यात्मरामायण अरण्यकाण्डको नवौँ सर्ग (१७।२) मा अष्टावक्र ऋषिको कथा आउँछ । यी मुनिले कबन्ध नामक राक्षसले पूर्वजन्ममा आफूलाई गिज्याएबापत राक्षस भएस् भनी श्राप दिएको र पछि रामको बाणप्रहारपछि राक्षसयोनिबाट मुक्त हुनेछस् भनी श्रापमोचनको समय पनि तोकिदिएकाले सोही अनुसार सबै घटना घटेको कुरा बताइएको छ । यसरी अष्टावक्रसँगका सम्बन्धहरू पुराणहरूमा यदाकदा भेटिन्छन् । मूल कुरो हो अष्टावक्रको र राजा जनकको आध्यात्मिक संवाद ।

राजा जनकका विषयमा पनि धेरै घटनाहरू जोडिएका छन् । यहाँ राजा जनकले अष्टावक्रलाई गुरु मानेर ब्रह्मज्ञान लिएका छन् । बृहदारण्यकोपनिषद्‌मा राजा जनकका सभामा ब्रह्मर्षि याज्ञवल्क्य पुगेको र उनले आफ्नो ज्ञानवत्ता देखाएर सुन र चाँदीले सिँगारिएका एक हजार गाई लगेको, गार्गी र शाकल्यसँग उनको शास्त्रार्थ भएको रोचक घटना आएको छ । फेरि देवीभागवतमा शुकदेव स्वामीलाई राजा जनककहाँ ज्ञान लिन आफ्ना पिता वेदव्यासद्वारा पठाइएको वर्णन आएको छ ।

विभिन्न पुराणहरूमा बेग्लाबेग्लै घटनाहरू आए तापनि अष्टावक्रगीता कुनै पनि पुराणअन्तर्गतको नभएर स्वतन्त्र ग्रन्थ भएकाले यसको आफ्नै मौलिक,

दार्शनिक र आध्यात्मिक महिमा छ । यो पौराणिक ग्रन्थ नभएर आर्ष ग्रन्थ भएकाले वैदिक प्रकृतिकै ग्रन्थ मान्न सकिन्छ।

श्रुति, युक्ति र अनुभूतिले परिपूर्ण भएको प्रस्तुत ग्रन्थ अद्वैत वेदान्त दर्शनमा शिरोमणि हो। यो ग्रन्थ अद्वैत एवं अजातवादी दर्शनमा असाधारण नै मानिन्छ। अष्टावक्रको सन्देश र सिद्धान्त सरल छ, ब्रह्मको मात्र प्रतिपादन गरिएको छ, नाना तर्क गरेर अल्मलिएको छैन। यसले स्पष्ट उक्तिद्वारा हरहालतमा ब्रह्मको मात्र पुष्टि गरेको छ। त्यसैले यो प्रमेयपरक ग्रन्थ हो।


प्रा. शिवगोपाल रिसाल

वेदान्तविद् प्रा.शिवगोपाल रिसालका धर्मदर्शन र वेदान्त सम्बन्धी पाँच दर्जनभन्दा बढी मौलिक एवं अनुदित कृतिहरू प्रकाशित छन्। सरलीकृत व्याख्या सहितको यो ग्रन्थ देख्ता मलाई अत्यन्त खुशी लागेको छ। यो ग्रन्थ साधकहरूका लागि अत्यन्त उपयोगी हुनेछ। साथै संस्कृतमा कम्ती अभ्यास भएका साधक, मुमुक्षुहरूका लागि समेत यस कार्यले ठूलो उपकार गरेको छ। संस्कृत भाषामा रहेका यस्ता गहन र अमूल्य निधिहरूलाई पाठक समक्ष ल्याउने वहाँको प्रशंसनीय लेखनी निरन्तर क्रियाशील बनिरहोस् !

स्वामी ज्ञानानन्द सरस्वती
हरिहर संन्यास आश्रम, देवघाट

अष्टावक्रगीताका विचारहरू समयातीत र मर्यादातीत छन्। विधिनिषेधभन्दा माथि उठेका उनका उपदेश सहज-आत्मस्थितिमा प्रकाशित छन्। अतः समाधिको अभ्यास पनि बन्धन हो भन्ने घोषणा गर्न पुगेका छन्। प्राध्यापक श्रीशिवगोपाल रिसालज्यूले अष्टावक्रका सहज र स्वाभाविक उपदेशहरूलाई सुललित भाषामा अनुवाद एवं व्याख्या गरी सम्पूर्ण अध्यात्मप्रेमीहरूमाथि ठूलो गुन लगाउनु भएको छ। उहाँलाई भूरि भूरि साधुवाद !

स्वामी रमणानन्द गिरि

सम्मान्य प्रा. श्रीशिवगोपाल रिसालज्यूसङ्ग मेरो ५० औं वर्षदेखिको परिचय र बसउठी हो। उहाँ धेरै ग्रन्थका अध्येता, मन्ता, अनुसन्धाता हुनुका साथै सिद्धहस्त लेखक, कवि एवं प्रखर प्रवक्ता पनि हुनुहुन्छ। ... अद्वैत संस्थाका संस्थापक परमपूज्य ब्रह्मज्ञानी गुरुदेव डा.क्षितीशचन्द्र चक्रवर्तीज्यूबाट पनि उहाँलाई उपकुलपति जस्तो सम्मानित पदमा आसीन गराउनु भएको थियो।

पं. विष्णुप्रसाद न्यौपाने
वेदान्ताचार्य, साहित्याचार्य

अष्टावक्रगीता वेदान्तदर्शन, त्यसमा पनि अद्वैत वेदान्तको अप्रतिम ग्रन्थ मानिन्छ। ज्ञान कसरी प्राप्त हुन्छ, मुक्ति कसरी हुन्छ र वैराग्य कसरी आउँछ भन्ने शाश्वत जीवन दर्शनका बारेमा राजा जनकले अष्टावक्रऋषिलाई सोधेको प्रश्नको जवाफले नै अष्टावक्रगीताको ख्याति बनेको छ। यस विषयमा विभिन्न विद्वान्हरूले युगौंयुगदेखि आ-आफ्नो चिन्तन-धारणा दिँदै, लेख्दै आउनुभएका सन्दर्भमा नेपालको धर्म-अध्यात्मका क्षेत्रमा लब्ध प्रतिष्ठित विशिष्ट विद्वान्, साधक एवं गुरु प्रा.श्रीशिवगोपाल रिसालज्यूले आफ्नो अनुभव, साधना र व्यवहारजगत्‌मा आइपर्ने सारा विषयहरूलाई मिहिन ढङ्गले ऊहापोह गरेर तयार पार्नुभएको प्रस्तुत अष्टावक्रगीता प्रत्येक व्यक्तिको जीवन दर्शनका लागि उपयोगी र संग्रहणीय बन्नपुगेको छ। साँच्चै भन्ने हो भने यसले नेपाली भाषा, साहित्यको श्रीवृद्धिका लागि पनि ठूलो योगदान पुग्न गएको स्मरणीय छ।

डा.गोविन्द टण्डन

अष्टावक्रले 'तिमी मुक्तस्वरूप हौ, मान' भन्दासाथै जनकले माने र मुक्त भइहाले। जनक उत्तम अधिकारी थिए। त्यसैले छोटकरीमा काम सकियो। 'श्रवणान्मुक्तिः' सुन्दासाथै मुक्ति मिल्यो। यहाँ वस्तुगतरूपमा पनि द्वैत छैन, आत्मगतरूपमा पनि द्वैत छैन, केवल अद्वैतमात्र छ। अष्टावक्र भन्दछन्– तिमीभन्दा भिन्न जीव पनि छैन, ईश्वर पनि छैन, सर्वत्र तिमीमात्र छौ (अष्टावक्रगीता प्रकरण १५/१६)। यहाँको अठारौँ प्रकरण र श्रीमद्‌भगवद्‌गीताको अठारौँ अध्यायको सन्देश उस्तै–उस्तै छ।

अष्टावक्र व्यावहारिक सत्ताको कुरै गर्दैनन्, सर्वत्र पारमार्थिक सत्ताको मात्र कुरा गर्छन्। अज्ञानलाई उठ्नै नदिएर, मायालाई जलाएर भस्म पार्ने ग्रन्थ हो अष्टावक्रगीता। यहाँ विधि–निषेध, पूजा–आजा, क्रिया–कर्म, दान–दातव्य, तीर्थ–व्रत, भजन–कीर्तन, योग–समाधि, आदि–इत्यादि केही पनि छैन, ज्ञानैज्ञान मात्र छ। यो त ज्ञानसाधन हो, श्रद्धाको पुञ्ज हो, मान्यताको महासागर हो। यसले अज्ञानलाई स्वीकार्दैन, टिक्नै दिँदैन। यहाँ धर्म–मीमांसा, कर्म–मीमांसा छैन। यहाँ योग, न्याय, तर्क, वितर्क, प्रकृति, पुरुष, सृष्टि–पालन–लय केही छैन। ब्रह्मैब्रह्ममात्र छ। ब्रह्मा, विष्णु, रुद्र पनि यहाँ स्थापित छैनन्। यहाँ उज्यालैउज्यालो, दिनैदिन, बत्तीबत्तीमात्र अनि ज्ञानैज्ञानमात्र छ।

गुरु अष्टावक्र भन्दछन्– मोक्षको समेत इच्छा नगर, तिमी सदा मुक्त नै छौ। भ्रम, अज्ञान, भूल, माया, प्रमादमात्र हटाउनुपरेको छ। आत्मा पाउनुपरेको छैन। यो त सदा प्राप्त छ, आफूनजिकै छ, आफू नै हो। यत्ति बुझेर स्वीकार गरे पुग्यो, अप्राप्तको भान हटाउनुमात्र परेको छ। वस्तु त सदा प्राप्त नै छ। अष्टावक्र द्वैतवाद, द्वैतजगत्, द्वैतदर्शनसँग कहिल्यै सम्झौता गर्दैनन्। कसैलाई रिझाउन खोज्दैनन्। भ्रमज्ञानलाई यिनले ब्रह्मज्ञानको बम पड्काएर ध्वस्त पारेका छन् सर्वत्र। झर्रो, मौलिक, केही नमिसाएको यथार्थ अद्वैत वेदान्त यसैमा पाइन्छ। पछिका अद्वैतवेदान्तीले अष्टावक्रलाई नै पछ्याएका छन्। यसको सन्देश सकारात्मक, सोझो, क्रमिक, स्पष्ट र अत्यन्त सरल छ। औपनिषद् दर्शनको सारसर्वस्व यसैमा पाइन्छ। यो ग्रन्थ यस क्षेत्रमा असाधारण छ, नितान्त एक्लो छ, अद्वैत छ। त्यसैले कसैबाट बिटुलिएको छैन र त अत्यन्त पवित्र छ।

आधुनिक युगमा आएर स्वामी विवेकानन्दलाई अष्टावक्रले राम्रो प्रभाव पारेका छन्। रामकृष्णका जीवनीमा आउँछ– रामकृष्ण परमहंसले विवेकानन्दलाई अष्टावक्रगीता पढ्न लगाए। विवेकानन्द अष्टावक्रगीता पढेर नै अद्वैत वेदान्तदर्शनका अनुयायी बने। यसका प्रेरक थिए रामकृष्ण परमहंस।

यस गीतामा सैद्धान्तिक भाषणमात्र छैन, बरु सर्वत्र व्यावहारिक ज्ञानमात्र छ। यहाँ रौँचिरा दर्शन छैन, दार्शिनक तर्क र गाथापच्चिसी छैन। यहाँ प्रमेय ब्रह्मको मात्र प्रतिपादन छ। हाम्रो लागि त प्रमाण नै बन्यो। यो गुरु–ग्रन्थ हो। यसले सोझै ब्रह्मको बोधमा पुर्‍याएको छ। यहाँ खण्डन–मण्डन छैन, पूर्वपक्षको कल्पना छैन। यो आर्ष ग्रन्थ भएकाले पौराणिक कथा आदि छैन। यसको समय महाभारतभन्दा धेरै अगाडिको मान्न सकिन्छ। अध्यात्मरामायणभन्दा पनि अगाडिको भन्ने स्पष्ट छ।

अष्टावक्रले जनकका मन र मस्तिष्कमा आफ्नो अद्वैत दर्शनको प्रयोग गरे। जनकबाट तत्कालै प्रतिक्रिया आयो। उनी ज्ञानी भए, मुक्त भए। सोही अनुभूतिको अभिव्यक्ति दिए। अब गुरु र शिष्य दुवै प्रसन्न भए। गुरुले फेरि फेरि परीक्षण गरे शिष्य सफल भए, अनुभवसिद्ध भए। अष्टावक्र ऋषि ज्ञानोत्तर अवस्थामा रहेकाले वर्णव्यवस्था र आश्रमव्यवस्थालाई मान्दैनन्। शरीर, इन्द्रिय, मन, बुद्धि, चित्त, अहङ्कार आदि सङ्घातलाई महत्त्व नदिने अष्टावक्र ज्ञानी होऊ, मुक्त बन मात्र भन्दछन्। यहाँ गर्नुसर्नु केही छैन, हुनुमात्र छ। नभएको हुनु होइन, भएकै हुनु हो। नभएको अज्ञान, माया मिल्काउनु र भएको आफूलाई पाउनु नै ज्ञान हो। यति भए मोक्ष भयो। जन्म मृत्यु गयो। अष्टावक्रगीता बुझेर पढ्ने वा पढेर बुझ्ने मुमुक्षु अवश्य मुक्त हुन्छन्। यसमा शङ्का छँदैछैन।

यहाँ क्रिया, कर्म, प्रयास, ध्यान, समाधि आदि छैन, बोधैबोधमात्र छ। पुराणभन्दा, दर्शनभन्दा, विद्वत्ताभन्दा, भाषणभन्दा धेरै माथिको, उच्चस्तरको चिन्तनले पनि नभ्याउने खालको ज्ञान छ यहाँ। यत्तिको शुद्ध अद्वैत वेदान्त दर्शन अन्यत्र पाइँदैन।

श्रवण अनन्तर शास्त्रले व्यवस्था गरेको मनन र निदिध्यासन समेतलाई अष्टावक्र मान्यता दिँदैनन्। कारण उनले उच्च कोटिका उत्तम अधिकारी जनकलाई शिष्य बनाउन पाएका छन्। यहाँको चिन्तन कल्पनातीत, भावातीत, कोशातीत, अवस्थातीत, इन्द्रियातीत छ। यो दर्शन, यो चिन्तन, यो सिद्धान्त, यसले स्थापित गरेको मूल्य र मान्यता सुन्नका लागि मात्र होइन, हुनका लागि हो। जीवनमा अनुभव गरिहाल्नका लागि हो। यसले विद्वान्, दार्शनिक बनाउन प्रेरणा दिँदैन, अपि तु ज्ञानवान् बन्न र मुक्त हुनका लागि मात्र प्रेरणा दिन्छ। यहाँ सृष्टिदेखि लयसम्म, स्वर्गदेखि नरकसम्म, कर्मदेखि उपासनासम्म, यो लोकदेखि परलोकसम्मको कुनै चर्चा छैन। अष्टावक्र समाधिको भाषामा बोलिरहेका छन्। त्यस्तै जनक पनि बेजोड ज्ञानी बनेर आफ्नो अनुभव बताइरहेका छन् गुरुदेवको समीपमा।

जनकका मन मस्तिष्कमा ठूलो परिवर्तन आयो। एउटा असाधारण घटना घट्यो। अज्ञानी जनक ज्ञानी भए, रागी विरागी भए, बन्धनका राजा मुक्त भए। तर मान्छे उनै हुन्, स्थान त्यही हो, दरबार जस्ताको तस्तै छ। विचारमा, चिन्तनमा, धारणामा, दृष्टिकोणमा असाधारण परिवर्तन भयो। र त उनी ज्ञानी बने, मुक्त भए। जन्म र मृत्युको सीमाना पार भए। जनक अष्टावक्र भए, अष्टावक्र जनक भए, दुई हैन एक भए, अद्वैत भए। दुवै सत्, चित्, आनन्द र अद्वयस्वरूपमा प्राप्त भए।

विभिन्न ब्राह्मणग्रन्थहरू र उपनिषद्‌हरूमा आएका जनक हुन् अथवा श्रीमद्‌भागवतमा आएका निमि, विदेह आदि जनक हुन्, रामायणमा चर्चित जानकीका पिता सीरध्वज जनक हुन्, देवीभागवतमा आएका शुकदेवका गुरु जनक हुन्। सब जनक नै हुन्। अष्टावक्रबाट ज्ञान प्राप्त गरेर मुक्त हुने जनकको वर्तमान प्रसङ्ग हो। जनक पदमात्र हो भन्दछन् कोही। अब त्यसै भए मिथिला नरेश, सीताका पिता जनक त सीरध्वज हुन् नै। अष्टावक्रका

शिष्य जनक कुन जनक हुन् खोजकै विषय बनेको छ। जे होस्, जनक विदेहराज हुन्। यिनी तीव्र मुमुक्षु थिए। अष्टावक्रबाट ज्ञान पाएर मुक्त भए। हाम्रो इष्ट र अभीष्ट यही हो। यी जनक हुन्, बस् पुग्यो। 'अनुबन्धचतुष्टय' का आधारमा भन्ने हो भने प्रस्तुत ग्रन्थ विधिपूर्वक अनुबन्धित भएको अनुभव हुन्छ।

१. **विषय** — जीवात्मा र परमात्माको ऐक्यज्ञानद्वारा ब्रह्मतत्त्वसाक्षात्कार गराउनु यसको मूल विषय हो। जीवभावको निराकरणपूर्वक शिवभावमा स्थापित गराउनु र मोक्षलाभ गराउनु यसको प्रमुख विषय हो।

२. **अधिकारी**— तीव्र मुमुक्षु, अत्यन्त विवेकी, असाधारण विरागयुक्त, शमदमादिषट् सम्पत्तिले सम्पन्न विदेहराज जनक यस ग्रन्थका उत्तम अधिकारी हुन्। यिनको अन्तःकरण शुद्ध भइसकेको छ कर्म र उपासनाद्वारा।

३. **सम्बन्ध**— बोध्य ब्रह्म हो, बोधक मुमुक्षु हो। यसैले यहाँ सम्बन्ध छ— बोध्यबोधकभाव। त्यसै गरी प्राप्यप्रापकभाव सम्बन्ध, ज्ञातृज्ञेयभाव सम्बन्ध पनि यहाँ छ। जान्नुपर्ने ब्रह्म हो, जान्ने मुमुक्षु हो। यही हो प्रस्तुत ग्रन्थको सम्बन्ध।

४. **प्रयोजन**— यसको लक्ष्य हो ब्रह्मसाक्षात्कारपूर्वक अखण्ड आनन्दानुभूति। अथवा तीनै प्रकारका तापरहित भएर शाश्वत, सनातन, सच्चिदानन्द अद्वय ब्रह्मको बोध गर्नु, जीवभाव छोडी, ब्रह्मभावमा आरूढ हुनु र मोक्षरूप परमपद प्राप्त गर्नु। जन्म र मृत्युको जञ्जालबाट सदाका लागि पार पुग्नु नै यस ग्रन्थको प्रयोजन हो र सो प्रयोजन सिद्ध भएको छ। जनक मुक्त भए। उनले आफू मुक्त भएको अनुभव यहाँ कतिपय प्रकरणमा व्यक्त गरेका छन्। यसरी यस ग्रन्थमा अनुबन्धचतुष्टय पूर्णरूपमा पालना भएको छ।

पाँच वर्षका अन्तरालमा पाँच सय सज्जन, मुमुक्षु पाठकहरूले यो अष्टावक्रगीता किनेर पढ्नु भएछ। संभवतः बुझ्नु पनि भयो होला। यो पनि ठूलो उपलब्धि हो। 'अब केही प्रति पनि बाँकी छैन' भने पछि फेरि 'महेश संन्यास आश्रम'का सचिव श्रीमाधवप्रसाद पौडेलले तुरुन्तै छापी श्रद्धालु पाठकहरू समक्ष पुऱ्याउने सत्यसङ्कल्प गर्नुभएकाले यो दोस्रो संस्करण केही संशोधन सहित पाठक समक्ष प्रस्तुत छ।

हरिः ॐ तत्सत् ! शिवमस्तु।

# देवघाटधाम विराट् ज्ञानमहायज्ञ २०७५

# महेश संन्यास आश्रम

**पृष्ठभूमि**

वैदिक सनातन धर्म, संस्कृतिको संरक्षण र संस्कृत शिक्षाको प्रचार-प्रसार गर्न उद्देश्यले परमगुरू अनन्तश्रीविभूषित स्वामी महेशानन्द गिरिजी महाराजको शुभाशीर्वाद एवं श्रोत्रिय ब्रह्मनिष्ठ श्री १००८ स्वामि सच्चिदानन्द सरस्वती (खप्तड बाबा) को सत्प्रेरणाबाट वि.सं. २०५० सालमा स्थापित महेश संन्यास आश्रम तथा महेश संस्कृत गुरूकुलको गौरवमय रजतवर्ष महोत्सव एवं परम श्रद्धेय सन्तरिशोमणि ब्रह्मलीन श्री १००८ डा. स्वामी रामानन्द गिरिजी महाराजको स्मृतिमहोत्सवको पावन सन्दर्भ र प्रत्येक १० वर्षको अन्तरालमा विराट् ज्ञानमहायज्ञ गर्ने गुरूकुलको सङ्कल्प अनुसार शुभेच्छुक सहयोगी महानुभावहरूको सदिच्छाबमोजिम पवित्र तीर्थस्थल देवघाटधाममा वि.सं. २०७५ माघ २२ गतेदेखि फाल्गुन १ गतेसम्म सुसम्पन्न हुने गरी विभिन्न कार्यक्रमका साथ देवघाटधाम विराट् ज्ञानमहायज्ञ २०७५ (दोस्रो) को आयोजना गरिएको छ।

**महायज्ञको उद्देश्य**

- पवित्र तीर्थ देवघाटधामको धार्मिक एवं सांस्कृतिक महत्वको प्रचार-प्रसार।
- वैदिक सनातन धर्म र संस्कृतिको संरक्षण-संवर्द्धन।
- प्राचीन वैदिक यज्ञीय पद्धतिको प्रशिक्षण र प्रचार-प्रसार
- समाजमा आध्यात्मिक चेतनाको पुनर्जागरण।
- गुरूकुलशिक्षाको सुदृढीकरणका निम्ति अक्षय श्रद्धाराशि संकलन।

**महायज्ञका अनुष्ठानहरू**

- चतुर्वेद पाठ-पारायण
- महारूद्राभिषेक (उखुको रसद्वारा)
- ब्रह्मगायत्री लक्षहवन
- शतचण्डी-अनुष्ठान
- गणेश, शिव, विष्णु सूर्यपुराण र देवीभागवत पाठ-पारायण।
- १०८ श्रीमद्भागवतमहापुराण पारायण।
- पञ्चदेवोपासना
- अष्टाचलसहित धान्याचल दान
- तुलादान, भूमिदान, गोदान र अन्नदान
- पितृउद्धार अनुष्ठान
- कोटिदीपप्रज्वालन




**महायज्ञका प्रमुख प्रवक्ता**

महायज्ञमा ब्रह्मलीन श्री १००८ डा. स्वामी रामानन्द गिरिजी महाराजका शिष्य महेश संन्यास आश्रमका पीठाधीश भागवत-मर्मज्ञ, अद्वैत दर्शनका प्रखर प्रवक्ता श्री १००८ स्वामी रमणानन्द गिरिजी महाराजका श्रीमुखबाट प्रवाहित अमृतमय श्रीमद्भागवत कथा प्रवचन एवं नैष्ठिक ब्रह्मचारीहरूबाट हुने १०८ श्रीमद्भागवत पाठपारायण श्रवण गर्ने सुअवसर प्राप्त हुनेछ। साथमा अन्य विशिष्ट विद्वान्, सन्त महात्माहरूबाट समेत आध्यात्मिक प्रवचन हुनेछ।

**महायज्ञका विशेषताहरू**

- देवघाटधाममा माघ महिनामा स्नान गर्नाले तीर्थराज प्रयागमा स्नान गरेको फल प्राप्त हुन्छ भन्ने शास्त्रवचनअनुसार माघस्नानको सु-अवसर।
- श्रिया इक्षुरसेन च (रूद्रयामल मेरूतन्त्र) शास्त्रवचन अनुसार उखुको रसबाट रूद्राभिषेक गरी राष्ट्रसमृद्धिको कामना।
- परमहंस सन्त माहात्माहरूको श्रीमुखबाट प्रवाहित कथामृतपान एवं श्रीमद्भागवतमहापुराणको सामूहिक पाठपारायण श्रवण गर्ने अपूर्व अवसर।
- गुप्त नवरात्रका अवसरमा विशेष शक्तिआराधना।
- अपूर्व वैदिक महायज्ञ-दर्शनको सुवर्ण अवसर।
- विशिष्ट सन्त-महात्मा तथा प्रवक्ताहरूबाट दार्शनिक प्रवचन।
- देवघाटधाम धार्मिक सांस्कृतिक महोत्सव।
- बाजागाजा, झाँकी र पूर्णकलश सहित भव्य शोभायात्रा।






- ख्यातिप्राप्त कलाकारद्वारा सुमधुर भजन किर्तन र झाँकी प्रदर्शन ।
- गुरूकुलीय शिक्षा र प्रतिभाको अवलोकन

**महायज्ञका विशेष कार्यक्रमहरू**

- देवघाटधाम सांस्कृतिक महोत्सव एवं शोभयात्रा -२०७५ माघ २१ गते ।
- महायज्ञको शुभारम्भ २०७५ माघ २२ गते ।
- गुरूकुल शिक्षण भवनको समुद्घाटन ।
- गुरू-स्मृति-मन्दिरको समुद्घाटन ।
- सन्त सेवा आश्रमको समुद्घाटन ।
- महायज्ञको पूर्णहुति - २०७५ फागुन १ गते ।
- अवभृथ स्नान एवम् कृतज्ञता ज्ञापन - २०७५ फागुन २ गते ।

**महायज्ञसञ्चालनको प्रक्रिया**

महायज्ञ सञ्चालनका लागि श्री १००८ स्वामी रमणानन्द गिरिजीको अध्यक्षता एवं विशिष्ट महानुभावहरूको सहभागितामा १००८ सदस्यीय महायज्ञ आयोजक मूल समितिको गठन भएको छ । साथै देशका विभिन्न जिल्ला, नगर एवम् गाउँहरूमा सहयोग समिति गठन भइरहेका छन् । महायज्ञ सम्पन्न गर्न विभिन्न उपसमितिहरूको गठन भएको छ । महायज्ञमा आउने श्रद्धालु अतिथिहरूका लागि आवास, भोजन समेतको यथोचित प्रबन्ध मिलाइएको छ । महायज्ञका अनुष्ठानमा सहभागी हुन चाहने महानुभावहरूको र दैनिक पूजासामाग्री, हवनसामग्री, भोजन, जलपान आदिको जिम्मा लिन चाहने श्रद्धालु दाताहरूको सात्विक दान दातव्यबाट महायज्ञ सञ्चालन हुनेछ ।

**सहयोगको स्वरूप**

महायज्ञका कुनै अनुष्ठानमा कर्ता हुन र दैनिक भोजन -भण्डारा, जलपान आदिमा सहभागी हुन आर्थिक सहयोग उपलब्ध गराउन सकिने छ । साथै महायज्ञ सम्पादन गर्न अन्नदान, धान्यदान, तुलादान, हवन सामग्री र पूजासामग्रीजस्ता जिन्सी सहयोग उपलब्ध गराउन सकिनेछ । यसका निम्ती देवघाटधाम विराट् ज्ञानमहायज्ञ २०७५ को नाममा सिद्धार्थ बैंक लिमिटेड, देवघाट रहेको खाता नं. ००८१५१४८१४८ मा रकम जम्मा गर्न र महायज्ञको सचिवालय, महेश संन्यास आश्रमको कार्यालय वा क्षेत्रगत सहयोग समितिमा सम्पर्क गरी सहयोग उपलब्ध गराउन सकिने छ ।


**यज्ञशेषको उपयोग**

- महेश संन्यास आश्रम एवं गुरूकुलको सुसञ्चालन
- उच्चशिक्षातर्फ शास्त्रीय विषय थप
- अनुसन्धानकेन्द्रको सञ्चालन
- पुस्तकालयको आधुनिकीकरण
- आध्यात्मिक ग्रन्थहरूको प्रकाशन तथा प्रचार-प्रसार ।
- अक्षयकोषको अभिवृद्धि ।

**अनुरोध**

पवित्र तीर्थ देवघाटधाममा आयोजना गरिएको यस अपूर्व महायज्ञको पावन अवसरमा सहभागी भई सन्त-महात्माहरूका श्रीमुखबाट प्रवाहित अमृतमय श्रीमद्भागवत कथा श्रवण गरी जीवन सफल बनाउनुहुन र महायज्ञको सुसम्पादनका लागि तन, मन, धनले आ-आफ्नो क्षेत्रबाट यथाशक्य सहयोग उपलब्ध गराउनुहुन समस्त धर्मप्रेमी श्रद्धालु महानुभावहरूमा विनम्र अनुरोध छ ।

# गणपत्युपनिषत् – ३६



■ वसन्तकुमार शर्म्मा नेपाल

*यं नत्वा मुनयः सर्वे निर्विघ्नं यान्ति तत्पदम् ।*
*गणेशोपनिषद्वेद्यं तद्ब्रह्मैवास्मि सर्वगम् ।१।*
*ॐ भद्रं कर्णेभिरिति शान्तिः ।*

*हरिः ॐ नमस्ते गणपतये । त्वमेव प्रत्यक्षं तत्त्वमसि । त्वमेव केवलं कर्तासि । त्वमेव केवलं धर्तासि । त्वमेव केवलं हर्तासि । त्वमेव केवलं सर्व खल्विदं ब्रह्मासि । त्वं साक्षादात्मासि नित्यं । ऋतं वच्मि । सत्यं वच्मि । अव त्वं माम् । अव वक्तारम् । अव श्रोतारम् । अव दातारम् । अव धातारम् । अवानूचानमव शिष्यम् । अव पश्चात्तात् । अव पुरस्तात् । अव चोत्तरात्तात् । अव दक्षिणत्तात् । अव चोर्ध्वात्तात् । अवाधरात्तात् । सर्वतो मां पाहि पाहि समन्तात् । त्वं सच्चिदानन्दाद्वितीयोऽसि । त्वं प्रत्यक्षं ब्रह्मासि । त्वं ज्ञानमयो विज्ञानमयोऽसि । सर्व जगदिदं त्वत्तो जायते । सर्व जगदिदं त्वत्तस्तिष्ठति । सर्व जगदिदं त्वयि लयमेष्यति । सर्व जगदिदं त्वति प्रत्येति । त्वं भूभिरापोऽनलोऽनिलो नभः । त्वं चत्वारि वाक्पदानि । त्वं गुणत्रयातीतः । त्वं कालत्रययातीतः । त्वं देहत्रयातीतः । त्वं मूलाधारस्थितोऽसि नित्यम् । त्वं शक्तित्रयात्मकः । त्वां योगिनो ध्यायन्ति नित्यम् । त्वं ब्रह्मा त्वं विष्णुस्त्वं रुद्रस्त्वमिन्द्रस्त्वमग्निस्त्वं वायुस्त्वं सूर्यस्त्वं चन्द्रमास्त्वं ब्रह्मा भूर्भुवः सुवरोम् । गणादिं पूर्वमुच्चार्य वर्णादिं तदनन्तरम् । अनुस्वारः परतरः । अर्धेन्दुलसितम् ।१। तारेण रुद्धम् । एतत्तव मनुस्वरूपम् । गकारः पूर्वरूपम् । अकारो मध्यमरूपम् । अुनस्वारश्चान्त्यरूपम् । विन्दुरुत्तररूपम्  नादः सन्धानम् । संहिता सन्धिः सैषा गणेशविद्या । गणक ऋषिः । निचृद्गायत्री छन्दः । श्रीमहागणातिर्देवता । ॐ गम् । (गणपतये नमः) । एकदन्ताय विद्महे वक्रतुण्डाय धीमही । तन्नो दन्ती प्रचोदयात् । एकदन्तं चतुर्हस्तं पाशमङ्कुशधारिणम् । अभयं वरदं हस्तैर्बिभ्राणं मूषकध्वजम् । रक्तं लम्बोदरं शूपकर्णकं रक्तवाससम् । रक्तगन्धानु-लिप्ताङ्गं रक्तपुष्पैः सुपूजितम् । भक्तानुकम्पिनं देवं जगत्कारणमच्युतम् । आविभूतं च सृष्ट्यादौ प्रकृतेः पुरुषात्परम् । एवं ध्यायति यो नित्यं स योगी योगिनां वरः । नमो व्रातपतये नमो गणपतये नमः प्रमथपतये नमस्तेऽस्तु लम्बोदरायैकदन्ताय विघ्नविनाशिने शिवसुताय श्रीवरदमूर्तये नमोनमः । एतदथर्वशिरो योऽधीते स ब्रह्मभूयाय कल्पते । स सर्वविघ्नैर्न बाध्यते । स सर्वतः सुखमेधते । स पञ्च महापातकोपपातकात्प्रमुच्यते । सायमधीयानो दिवसकृतं पापं नाशयति । प्रातरधीयानो रात्रिकृतं पापं नाशयति । सायं प्रातः प्रयुंज्जानोऽपापो भवति । धर्मार्थकाममोक्षं च विन्दति । इदमथर्वशीर्षमशिष्याय न देयम् । यो यदि मोहाद्दास्यति स पापीयान्भवति । सहस्रावर्तनाद्यं यं काममधीते तं तमनेन साधयेत् । अनेन गणपतिमभिषिञ्चति स वाग्मी भवति । चतुर्थ्यामनश्नञ्जपति स विद्यावान्भवति । इत्यथर्वणवाक्यम् । ब्रह्माद्याचरणं विद्यात् । न विभेति कदाचनेति । यो दूर्वाङ्कुरैर्यजति स वैश्रवणोपमो भवति । यो लाजैर्यजति स यशोवान्भवति । स मेधावान्भवति । यो मोदकसहस्रेण यजति स वाञ्छितफलमवाप्नोति । यः साज्यसमिद्भिर्यजति स सर्व लभते स सर्व लभते । अष्टौ ब्राह्मणान्सम्यग्ग्राहयित्वा सूर्यवर्चस्वी भवति । सूर्यग्रहे महानद्यां प्रतिमासंनिधौ वा जप्त्वा सिद्धमन्त्रो भवति । महाविघ्नात्प्रमुच्यते । महापापात्प्रमुच्यते । महादोषात्प्रमुच्यते । स सर्वविद्भवति स सर्वविद्भवति । य एवं वेदेत्युपनिषत् । ॐ भद्रं कर्णेभिरिति शान्तिः । हरिः ॐ तत्सत् ।*

नमेर जसलाई यी मुनि पुग्छन् परम्पद
गणेशोपनिषत् जानी ब्रह्मै बन्छु म सर्वग !!

ॐ भद्रंकर्णेभिः शान्तिः ! शान्तिः !! हरि ॐ नमस्कार छ तिमी गणपतिलाई ! तिमी नै प्रत्यक्ष तत्त्व हौ । तिमी नै केवल कर्ता हौ । तिमी केवल धर्ता हौ ! तिमी केवल हर्ता हौ । तिमी नै केवल सम्पूर्ण यो सर्वनिश्चित ब्रह्म हौ । तिमी साक्षात् नित्य आत्मा छौ । ऋत (मानससत्य) भन्छु । सत्य बोल्छु । बचाऊ तिमी मलाई । बचाऊ । वक्तालाई । बचाऊ श्रोतालाई । दातालाई बचाऊ । धातालाई बचाऊ पूर्ण वेदज्ञलाई बचाऊ । शिष्यलाई बचाऊ । पछिल्तिरबाट बचाऊ । अघिल्तिरबाट बचाऊ । पूर्वतिरबाट बचाऊ । पश्चिमतिरबाट बचाऊ । उत्तरतिरबाट बचाऊ । दक्षिणतिरबाट बचाऊ । मास्तिरबाट बचाऊ । तलतिरबाट बचाऊ । सबैतिरबाट बचाऊ, रक्षा गर, नजीकबाट रक्षा गर ! वाङ्मय तिमी ! चिन्मय तिमी ! आनन्दमय तिमी । ब्रह्ममय तिमी । सच्चिदानन्द अद्वितीय तिमी हौ । प्रत्यक्ष ब्रह्म हौ । ज्ञानमय र विज्ञानमय छौ तिमी । समस्त यो जगत् तिमीबाट बनेको छ । समग्र संसार तिमीबाटै अडेको छ । सम्पूर्ण यो विश्व तिमीमै लय हुन्छ । सारा ब्रह्माण्ड यो तिमीउपर नै पत्यार गर्दछ ।

तिमी भूमि जल वायु अग्नि आकाशै हौ । तिमी चारै वाक्यका शब्दमा सीमित छौ । तिमी त्रिगुणभन्दा माथि छौ । त्रिकालभन्दा उपर छौ तिमी । तिमी त्रिदेहभन्दा माथि छौ । तिमी मूलाधारमै बसेका छौ नित्य भएर । तिमी शक्तित्रयमै आफूभित्रै पसिराख्दछौ, शक्तित्रयमै छौ । योगीहरू तिमीलाई नित्य नित्यै ध्यान गर्दछन् । तिमी ब्रह्मा, तिमी विष्णु, तिमी नै रुद्र, तिमी नै इन्द्र, अग्नि तिमी, वायु तिमी, सूर्य तिमी, चन्द्रमा तिमी, ब्रह्म तिमी, भूर्भुवःसुवै तिमी 'ॐ' । गणादिलाई पहिले उच्चारण गरेर बर्णादिलाई पछि उच्चारणमा उतारिन्छ, पलतिर अनुस्वारलाई, अधचन्द्रले सुहाउँदालाई । अर्थात् 'गँ' यसरी बीजमन्त्र बन्छ तिम्रो !

तार (तारणमन्त्र वा तारशक्ति) ले रोकिएको । यस्तो छ तिम्रो मनुष्य-रूप । गकारको पूर्वरूप । अकारको मध्यरूप । अनुस्वारको अन्त्यरूप । विन्दुको उत्तररूप । नादको सन्धान (जोडाइ) सहितको सन्धि । त्यही त हो यो गणेशविद्या । गणक ऋषि । निचृत् गायत्री छन्द । श्री महागणपति वन्दना । ॐ गम् (गणपतिलाई प्रणाम) एकदन्तलाई चिन्दछौं ! वक्रतुण्डलाई ध्यानमा राख्दछौं ! अतः हाम्रा निम्ति तिनै दन्ती प्रचोदन गरून् । एकदाँते, चारहाते, पाश र अंकुश धारण गरेका, अभय र वरद हातले शोभा पाएका, मूसेध्वजा लिएका, रातो शरीरका, भुँडीवाल, नाङ्ले कानवाला, रातो कपडा पहिरिएका, जीउभर रक्तचन्दन लेपेका, लालफूलले पुजिने, भक्तलाई अनुकम्पा गरिहाल्ने, देवरूप, जगत्का कारणस्वरूप, अच्युत, सृष्टिका आदिमै प्रकृति-पुरुषबाट प्रकट भएका गणेश्वरलाई नमस्कार ! एकदन्ते लम्बोदरलाई नमस्कार ! विध्ननाशक शिवपुत्र श्रीवेदमूर्तिलाई नमस्कार !

यो अथर्वशिर पढ्ने ब्रह्म भेट्टाउन पुग्छ, त्यो सम्पूर्ण विध्नैलाई विध्न पार्छ । त्यो उपासक यसरी नित्य ध्यान जप गर्छ भने सर्वतरहबाट सुख पाउँछ । त्यो पञ्चमहापातक र उपपातकहरूबाट मुक्त हुन्छ । साँझमा पढे दिनभरको पाप काट्छ । बिहान पढे रातभरको पाप काट्छ । साँझबिहानै पढे अपाप हुन पाउँछ । धर्मार्थकाम ज्ञान गर्दछ । यो अथर्वशीर्ष अशिष्यलाई दिनहुन्न । जो कोही मोहवश दिन्छ भने त्यो पापात्मा बन्दछ । हजारौं फन्काबाट जो जो इच्छा राख्छ र पढ्छ त्यो तिनै कुरा पुगेको पाउँछ । यसै क्रमले गणपतिलाई नुहाइदिए त्यो वाग्मी बन्छ । चौथीमा भोजन त्यागेर जप्छ भने विद्यावान् बन्छ । यी भनाइ अथर्वाको हो ।

ब्रह्मको आद्य- आचरण जानोस् ! कहिल्यै डराउनु पर्दैन भनिन्छ । जो दूबाका मुन्टाले उपासना गर्छ, कुवेर जस्तै बन्दछ । जो लावाले उपासना गर्छ, यशोवान् बन्छ, मेधावान् हुन्छ । हजार लड्डुले उपासना गरे ऊ सम्पूर्ण कुरा पाउँछ, सब थोक भेट्टाउँछ । आठ जना ब्रह्मज्ञलाई दान दिए सूर्यवर्चस्वी हुन्छ । सूर्यग्रहणमा-महानदीमा प्रतिमासँगै जपे मन्त्रसिद्धि पाउँछ । महाविघ्नबाट मुक्त हुन्छ । महापापबाट छुटकारा पाउँछ । महादोषबाट छुट्छ । सर्वविद् हुन्छ, सर्वज्ञाता बन्छ । यो उपनिषत् यति बुझ !

ॐ भद्रं कर्णेभिः शान्तिः ! शान्तिः !! शान्तिः !!! हरि ॐ तत्सत् ।



*व्यङ्ग्य* ■ **बलदेवराज महत**

# लट्ठीको प्रयोग

लट्ठीको प्रयोगलट्ठी हाम्रो लागि पक्कै पनि नौलो नभएकाले लट्ठीको कुरामा छक्कै पर्नु केही छैन । लट्ठीसित हामी सानैदेखि परिचित छौँ । टेक्ने र सेक्ने काम परिआउँदा लट्ठीबाटै हुन्छ । आफूले पनि बेला बखत लट्ठी खाएको र लट्ठीको अनुभव पाएको हुनाले लट्ठीसित राम्ररी नै परिचित छु म पनि । सानोमा बढी चकचक गर्दा हजुरबाको लट्ठी, स्कुलमा पाठ बुझाउन नसक्दा मास्टरको लट्ठी, सानोतिनो झैं-झगडा पर्दा अरूको लट्ठी, नारा जुलुस गर्दा पुलिसको लट्ठी, हुलमुलमा हिँड्दा गुण्डाहरूको लट्ठी, जग्गा विवाद हुँदा सँधियारको लट्ठी, झगडा छुट्टयाउन जाँदा झगडियाहरूको लट्ठी, चुनावमा हिँड्दा लठैतहरूको लट्ठी, चोर डाँका लाग्दा फोकटमा उनीहरूको लट्ठी र जात्रायात्रामा किचकिच हुँदा अर्को समूहको लट्ठी खाने धेरै छन् । समय र ठाउँअनुसार लट्ठी चलाउन जानेमा आफ्ना विरोधीहरूलाई सजिलै गलाउन र आफ्नो भाग्य फलाउन पनि राम्ररी सक्छन् जान्नेसुन्नेहरूले । नजानिकन र सहयोगीले भनेको नमानिकन अनि ठीक समय नठानिकन चलायो भने लट्ठीले आफ्नै पुर्पुरो फुटाउन पनि बेर लाग्दैन । मान्छे कुट्ने, अन्न चुट्ने, अरूलाई दिन दहाडै लुट्ने, विरोध गर्नेको खप्पर फुट्ने गरी भुट्ने र कुरा नमिल्नेसितको सम्बन्ध टुट्नेसम्मको काम लट्ठीबाट पूरा गर्न सकिन्छ । हुन त लट्ठी आफैँ केही पनि होइन । यसलाई प्रयोग गर्न जान्नुपर्दछ । राम्ररी प्रयोग गऱ्यो वा राम्ररी चलायो भने यसले नतिजा पनि राम्रै दिन्छ । राम्ररी नचलाए त्यसको नतिजा पनि त्यस्तै हुन्छ । सबैलाई थाहा भएकै कुरा हो । लट्ठी जस्तो मान्छेको हातमा पर्छ त्यसको नाम, दाम र काम पनि त्यही अनुसारको हुन्छ ।

लट्ठी विभिन्न किसिम र आकार प्रकारका हुन्छन् । मोटो लट्ठी, पातलो लट्ठी, लामो लट्ठी, छोटो लट्ठी, घँघारुको लट्ठी, बाँसको लट्ठी, बेतको लट्ठी, घुम्रिएको लट्ठी, सोझो लट्ठी, चरा बनाएको लट्ठी, सर्प कुँदिएको लट्ठी, माछा बनाएको लट्ठी, बुट्टे लट्ठी, सादा लट्ठी आदि आदि । यसको प्रकारलाई भनेर र गनेर साध्य छैन । मानिसलाई जीवनभर लट्ठीको आवश्यकता पर्छ । सानोमा खेल्न, उमेर जिम्मेवारी बढ्दै जाँदा अरूलाई पेल्न अनि बुढेसकालमा आफ्नो शारीरिक कमजोरी झेल्न लट्ठी अपरिहार्य हुन्छ । लट्ठीलाई यसको आकार प्रयोजन र महत्व अनुसार विभिन्न नामले चिनिन्छ । छडी, डण्डा, लाठी, दण्ड, ब्याटन, लाठो, लौरो आदि बाहेक पनि यसका नामहरु छन् तर चलनचल्तीका नाम भने यिनै हुन् । नाम जे भए पनि समय र परिस्थिति अनुसार यसको प्रयोग हुन्छ । उहिले लट्ठीको प्रयोग ज्यादै बढी हुन्थ्यो । अहिले अलि कम भए जस्तो देखिन्छ । लट्ठीको काम अरु साधनले लिइदिएर पनि त्यस्तो भएको हुनसक्छ । घाँस दाउरा गर्नुपर्ने, खेतीपाती गर्नुपर्ने, लामो बाटो पैदल हिँड्नुपर्ने, भारी बोक्नुपर्ने, खोला र जँघार तर्नुपर्ने, रात बिरात हिँड्नुपर्ने, शारीरिक रूपमा अशक्त, आफ्नो सुरक्षा गर्नुपर्ने र लट्ठी चलाएर खानपिनको व्यवस्था गर्नुपर्नेहरूलाई भने यसको आवश्यकता उत्तिकै छ, केही घटेको छैन । सहर बजारमा भने लट्ठीको प्रयोग कमै देखिन्छ । गाउँघरमा परम्परागत कामहरूमा नै प्रयोग भए पनि सहर बजारमा भने सुरक्षाकर्मी, राजनीतिकर्मी, अपराधकर्मी र आवश्यक परेकाले मात्रै यसको व्यापक प्रयोग गर्ने गरेको पाइन्छ । अरूले त देख्ने, सुन्ने, हेर्ने र जान्ने मात्रै हो ।

लट्ठीको सही प्रयोगकर्ता नै धेरै ठाउँमा हर्ताकर्ता भएर बलियोमा दर्ता भएको पाइन्छ । सोझा मान्छे तर्साउन पनि लाठी बर्साउन लगाइन्छ । 'जिसकी लाठी उसकी भैँस' भन्ने हिन्दी उखान प्राय सबैले बुझ्छन् । यसैबाट लट्ठीको महिमा झल्कन्छ र सक्ने मान्छे लट्ठी प्रयोग गर्न पल्कन्छ । अचेल कसैको डुबेको वा अरूले खाइदिएको रकम उठाउन मान्छेहरु लट्ठीकै सहारा लिन्छन् र भनेजति रकम दिन्छन् । यो व्यवसाय मजाले चलेको, लट्ठी चलाउनेको भाग्य फलेको, अनि लट्ठी खानेहरु ढलेको प्रशस्त देखिन्छ । कसैलाई मन परेकी केटी भगाउनु पऱ्यो लट्ठीकै सहयोग चाहिन्छ । कसैलाई नपढीकन पास हुनुपऱ्यो भने लट्ठीकै सहारा चाहिन्छ । कामै नगरिकन तलब आउने जागिर चाहियो भने पनि लट्ठीकै मदत चाहिन्छ । कसैलाई मुद्दा मामिला मिलाउनुपऱ्यो भने लट्ठीकै मदत चाहिन्छ । सोझा साझालाई लुट्नुपऱ्यो भने पनि लट्ठीकै सहारा चाहिन्छ । ठेक्का पट्टा र टेन्डर हातपार्न पनि लट्ठीकै आवश्यकता पर्छ । आफ्नो व्यापार व्यवसाय बढाउन वा फैलाउनपऱ्यो भने पनि लट्ठीकै सहयोग चाहिन्छ । स्कुलहरूले धेरै विद्यार्थी भर्ना गर्न पनि लट्ठीकै सहारा लिएको देखिन्छ । संघ संस्थाको चुनावमा समेत लट्ठीको निर्णायक भूमिका रहेको पाइन्छ । जागिरमा भएकाहरु पदोन्नति हुन र राम्रो अवसर छुन लट्ठीकै खोजीमा हिँडेका देखिन्छन् । आफैं दलदलमा फसेका राजनीतिक दलका नेताहरु त लट्ठीको सहयोग बिना पाइला चाल्नै र नयाँ काम थाल्नै नसक्ने जस्ता देखिएका छन् । यिनीहरूले लट्ठीको रूपमा विद्यार्थी युनियन, तरूण, युवायुवती, किसान, मजदुर, कर्मचारी, व्यापारी, बालक, वृद्ध, सर्वसाधारण सबैलाई प्रयोग गरेका छन् । त्यसैले लट्ठीको प्रयोग पहिले, अहिले र जहिले पनि उत्तिकै महत्वको विषय भएको छ । आजभोलि लट्ठीको प्रयोग बढ्दै गएको र लगभग सबै क्षेत्र लट्ठीमय भएको छ ।

अन्य क्षेत्रमा लट्ठी चाहिएको बेलामा प्रयोग भए पनि राजनीतिक क्षेत्रमा भने यसको व्यापक प्रयोग हुने गरेको देखिएको र लट्ठीको सही प्रयोग बारे लेखिएको पाइन्छ । आफ्नो संगठन बलियो बनाउन र आफू बलियो भएको जनाउन लट्ठी नै चाहिन्छ । विरोधीलाई सेकाउन, घुँडा टेकाउन पनि लट्ठी नै चाहिन्छ । मिति पुगिसकेको आफ्नो नीति जबरजस्ती जनतामा लाद्न पनि लट्ठी नै चाहिन्छ । संगठनमा कार्यकर्ता र समर्थक टिकाउन र आफ्नो काम न काजको घोषणा पत्र बिकाउन पनि लट्ठी नै चाहिन्छ । सभा जुलुसमा बिना रासनको भाषण सुन्ने जमात जम्मा गर्न पनि लट्ठी नै चाहिन्छ । राजनैतिक दलको लागि मलजलको रूपमा चाहिने स्वेच्छिक आर्थिक सहयोग पनि लट्ठीकै बलमा उठाइन्छ । आफ्ना कार्यकर्ता पाल्ने, आफ्नो अनुकूल कदम चाल्ने र काम दिन नसक्नेलाई फाल्ने काम पनि लट्ठीद्वारा नै फत्ते गरिन्छ । अझ चुनावमा त लट्ठीको विशेष खालको महत्व भएकोले यसले ढालको रूपमा काम गर्छ । आफ्नो हातमा गतिलो लट्ठी भएका नेताले जति नै विकट परिस्थितिमा पनि आफ्नो निकटकालाई पछारेर टिकट हात पार्नसक्छ । आर्थिक सहयोग जुटाउन र मन फुकाएर पैसा लुटाउन यसैबाट मात्र सम्भव देखिन्छ ।

प्रचार प्रसार गर्न, कार्यकर्ता र भोटरहरूको दिमाग भर्न, जहाँ पनि अघि सर्न अनि सबैको मन पर्न पनि लट्ठी गतिलो हुनेले नै सक्छ । भोटरहरूलाई अत्याउन, विरोधीलाई लत्याउन, बुथ हत्याउन र माथिकाले पत्याउन पनि लट्ठी नभइ हुँदैन । राम्रो लट्ठी भएका नेतासित भोटर, कार्यकर्ता, निर्वाचन कर्मचारी, विरोधी सबै थर्किन्छ, जसले गर्दा आफ्नो भाग्य फर्किन्छ र चारैतिर सफलता दर्किन्छ । चुनाव जितेर महत्वपूर्ण मन्त्रालयको मन्त्री हुन पनि लट्ठीवाला नै हुनुपर्छ । बिना लट्ठीकोले आश मात्र गऱ्यो भने पनि त्यसको सास बन्द गरेर नाश गर्नको लागि लट्ठी नै चाहिन्छ । सत्तामा बसेर विभिन्न दृष्य-अदृष्य भत्ता पचाएर मत्ता हात्तीजस्तो देखिन पनि बलियो लट्ठी आफ्नो हातमा हुनैपर्छ । यहाँसम्म आइपुगेपछि चाहिँ देखिने गरी गैर कानुनी लट्ठी त्यति चलाउनु पर्दैन । कानुनी लट्ठी नै चलाउने क्षमता भएपछि विरोध गर्न कोही पनि अघि सर्दैन, कुर्सि छाडेर कोही पनि तल झर्दैन अनि आफ्नो ठूलो भाग कसैले हर्दैन । त्यसैले पनि आजकल राजनीतिमा लट्ठीको महत्व अझ बढेको, लट्ठीकै कृपाले नेताहरु माथि-माथि चढेको र लट्ठी प्रयोगको होडबाजीमा आफू-आफूले लढेको प्रष्ट देखिन्छ । लट्ठीको राम्रो भर हुनेको जुनसुकै बजारमा दर धेरै माथि हुने भएकोले मजाको तर् मार्न पाउँछ । लट्ठीलाई सही स्थान र सही परिस्थितिमा संचालन र परिचालन गर्न सक्नेको मान र शान विशिष्ट हुन्छ । यसलाई एक्लैले, सानो समूहमा र ठूलो फौजकै रूपमा पनि प्रयोग गर्न सकिन्छ । त्यसैले लट्ठी ज्यादै उपयोगी र सहयोगी छ अहिलेको सबै जस्तो क्षेत्रमा ।

यहाँका लट्ठी चालक, संचालक र परिचालकहरूले जति नै धाकधक्कु लगाएर लक्कु जोडे पनि विदेशी र खास गरी वरिष्ठ छिमेकीले यसो लट्ठी उज्याइ दिएपछि यिनीहरूको नौ नारी गल्ने, अत्तालिएर ढल्ने अनि उतैको लट्ठीवालाहरूको पाउ मल्ने नानीदेखिकै बानी हो यहाँका लट्ठीवालाहरूको । छिमेकी लट्ठीवालाहरूमा पनि मुख्य लट्ठीवाला, सानातिना, भुरे टाकुरे जस्तासँग पनि यिनीहरु कायल हुन्छन् । खासगरी दक्षिणतर्फको छिमेकमा गए गुज्रेको भाङ्गे लट्ठीवालाले पनि यताकालाई लट्ठीको इशारामा बाँदर नचाएझैं नचाउँछन् र यताकाहरु ठूलो आशीर्वादको रूपमा आफ्नो लाज बचाउँछन् । यिनीहरु उताको भरथेग र धापबाटै आफ्नो लट्ठी चलाउने उचाइको नाप राख्छन् । आफ्नो देशका जनतालाई सधैँ भुरा ठान्ने लठैतहरु कुरा ठूला गरेर पनि उताका साना लठैतहरूको अगाडि छुलछुली मुत्छन् र जता इराशा गऱ्यो उतै कोल्टो फर्केर सुत्छन् । दक्षिणी छिमेकीको विरुद्ध सारा जनताको अगाडि अति चर्का नारा लगाउनेहरु पनि उनीहरूको अगाडि पुगेपछि दाह्रा देखाउँदै फ्याँ-फ्याँ गर्न थाल्छन् ।

उत्तरको छिमेकीले त्यति धेरै लठैतहरु देखिने गरी प्रयोग नगर्ने र यताकाको भाग्य नहर्ने हुनाले तिनीहरूसँग यिनीहरूको त्यस्तै खालको सम्बन्ध छ । तैपनि आफ्ना जनतालाई जतिसुकै बिझाउने भए पनि उत्तरी लठैतहरूलाई रिझाउने होडबाजी नै चल्छ, समय समयमा । छिमेकी लठ्ठीवालहरूले आफ्नो लठ्ठी हातमा लिएर उभिनासाथ जहाँ देखायो त्यहाँ चुपचाप लागेर सही धस्काउने र उनीहरूको अंग-अंग मस्काउने गर्छन् यहाँका सबै लठ्ठीवालाहरु । दुनियाको अगाडि जतिनै नाक काटिए पनि आफूले सही काम गरेको धाक लगाउन पटक्कै पछि पर्दैनन् । यहाँ जति फूर्ति गरे पनि खासगरी दक्षिणी छिमेकी लठ्ठीवालाहरूको अगाडि परे पछि यिनीहरु गल्याक गुलुक भएर लल्याक लुलुक परी फतक्क गल्छन् र आशीर्वादको लागि पाउमै ढल्छन् । यसो नगरे उनीहरूले आफू विरुद्ध कदम चाल्ने, आफ्नो सत्ता 'फु' गरेर ढाल्ने, आफूलाई छिमेकी रिझाउन नसकेको सूचीमा हाल्ने र विरोधी लठ्ठीवालाहरूलाई माया गरेर पाल्ने ठूलो डर तिनीहरूलाई भइरहन्छ । त्यसैले छिमेकी लठ्ठीवालाहरूलाई खुसी पार्न, आफ्नो दुनो नजिक सार्न अनि आफ्नो दसा टार्न हाम्रा लठ्ठीवालाहरु त्यताको ओहोर दोहोरमा होडवाजीनै गर्छन् ।

अझ उत्तर अमेरिका र युरोपतिरका गोरा लठ्ठीवालाहरूले आँखा मात्र तऱ्यो भने पनि यहाँका लठ्ठीवालाहरूको सातो गएर नातो बान्ने अवस्थामा पुग्छन् उनीहरु । उनीहरूको भिक्षा नभइकन यता लठ्ठी चलाउन सकिन्न भन्ने राम्रो शिक्षा पाएका छन् यिनीहरूले । उताबाट विकासको लागि आउने रकम आफ्नो अनुकूल निकाश नगरे कसरी सात पुस्ता सुधार्नु ? गोरा लठ्ठीवालका अगाडि कस्ता-कस्ता मैं हुँ भन्नेहरु त टिक्न सक्दैनन् भने यहाँका लठ्ठीवाला र लठ्ठीहरु टिक्न बिक्न सक्ने कुरै भएन । उनीहरूलाई देख्नासाथ यताकाहरु आफूलाई थाम्न नसकेर त्यसै-त्यसै लगलग काम्न थाल्छन् । हुन पनि संसार हल्लाउनेले यहाँकालाई हल्लाएकोमा आश्चर्य मान्नुपर्ने केही देखिँदैन । उताका साना, झिना, मसिना, ठूला, ओहोदा भएका, ओहोदा नभएका, जुम्रे, झिङे, लुरे, पातले, मोटे, अग्ले, डल्ले, काले, हैसियत भएका, कुनै हैसियत नभएकासम्मलाई पनि यिनीहरु देउतै मान्छन् र आफ्नो भाग्यदाता नै ठान्छन् र उनीहरूले जता भन्यो उतै जान्छन् । जनतालाई जति दुःख भए पनि आफ्नो सुख मात्रै हेर्ने हुनाले गोरा लठ्ठीवालाहरूलाई खुसी नपारी यताका लठ्ठीवालाहरूको अरु कुनै उपाय पनि छैन । अझ डलरको हरियो कलर सम्झेपछि र देखेपछि यिनीहरूको हंसले ठाउँनै छोड्छ । गोरा लठ्ठीवालाहरूको आशीर्वाद भएपछि यिनीहरूले विदेश भ्रमण, छोराछोरीको पढाइ लेखाइ, निकै परसम्मका नातेदारहरूलाई रोजगारी, राम्रो आम्दानी, विरोध गर्नेहरूलाई तर्साउन सक्ने शक्ति, अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो अनुकूलको प्रचार प्रसार, अरु विदेशीहरूबाट पनि सहयोग पाउने व्यवस्था, सहयोग रकमबाट प्राप्त हुने मोटो कमिसन, छिमेकी लठ्ठीवालाहरूसँग हुनसक्ने सन्तुलन, आफ्नो कुर्सि बढी समयसम्म नहल्लीने व्यवस्था, साना लठ्ठीवालाहरूले गर्ने मान सम्मान आदिमा निकै सहजता आउने विश्वास गर्छन् । बाहिर जतिनै ठूला कुरा गरे पनि गोरा लठ्ठीवालाहरूको अगाडि यिनीहरु जहिले पनि लम्पसार पर्ने कुरा सबैलाई थाहा छ । यो व्यवहार पनि अब त संस्कार नै भइसक्यो, सबैले पचाइसके । त्यसैले देख्ने र सुन्नेले पनि यसमा टीका टिप्पणी गर्न नै छाडिसके । हेर्दा लाज लाग्दो काम भए पनि यहाँका लठ्ठीवालाहरूले यसलाई ठूलो कूटनीतिक सफलता मानेका छन्, सबै लठ्ठीवालाहरूले अहिलेसम्म यसलाई धानेका छन्, गोरा लठ्ठीवालाहरूलाई नै सर्वस्व ठानेका छन् र यसरी लामो समयसम्म लठ्ठी चलाउन सकिन्छ भन्ने जानेका छन् ।

लठ्ठीवालाहरु पनि कोही पुराना र खप्पीस छन्, लठ्ठी चलाउन र अरूलाई जलाउनलाई कोही नयाँ सिकारु पनि छन् । कोही अलि-अलि अनुभव पाइसकेका छन् । पुराना लठ्ठीवालाहरु भने केही संयमित र सकभर अरूले चाल नपाउने गरी चलाउने खालका छन् । पुरानाहरूले चलाएको लठ्ठी खानेले कहिलेकाहीँ पत्तो पनि पाउँदैनन् । निकै समयपछि मात्रै आफ्नो चोट देखाएर खोट लगाउन कस्सिन्छन् खानेहरु । यस्तामा पुराना पाका र उमेरले भाका नाघिसकेका लठ्ठीवाला पर्छन् । हाँसि-हाँसिकन 'काइ-'काइकन लठ्ठी हान्छन् यिनीहरु । यिनीहरूलाई कुन बेला कसको कुन अंगमा बैठाउने भन्ने राम्रो ज्ञान पनि छ । यिनीहरूले आवश्यक परेका बेला आफ्नो समकक्षी, सहयोगी, प्रतिस्पर्धी, सुभेच्छुक, विरोधी, प्रशासनिक कर्मचारी, सुरक्षा निकायका माथिल्ला तहका व्यक्ति, व्यापारी, ठेकेदार, शैक्षिक क्षेत्र, सर्वसाधारण आदिलाई घाउ चोट नदेखिने तर भित्री रूपमा गहिरो असर पुग्ने गरी कुनै कसर बाँकी नराखीकन लठ्ठी हान्छन् । यिनीहरु नियम कानुनले समेत आफूमाथि पर्ने, लठ्ठी उज्याउनासाथ नगद झर्ने र आफूलाई चिन्नेहरु चाकडीमा अघि सर्ने तरिकाले लठ्ठीको प्रयोग गर्छन् । यिनीहरूलाई उच्च दर्जाको लठ्ठीचालक र लठ्ठीको नियम पालकमा गन्छन् सबैले ।

लठ्ठीवालाहरूमा खतरनाक चाहिँ नयाँ लठ्ठीवालाहरु हुने रहेछन् । सिकारु तर आफूलाई निकै बलियो लठ्ठीवाला जमात ठान्ने यो समूहले सबैलाई ज्यादै सताउँछन् । यिनीहरूले यो ऊ भनेर कसैलाई बाँकी राख्दैनन् । आफ्नो विरोध सुन्नै नसक्ने, आफूले भनेको असम्भव काम कुरा पनि सबैले जबरजस्ती मानिदिनै पर्ने यिनीहरूको लिँढेढिपीको अगाडि कसैको केही नलाग्ने रहेछ । यिनीहरूको लठ्ठी चलाई ज्यादै खतराको न कुनै दया माया, न कुनै नीति नियम, न कुनै मर्यादा, न कुनै लाज शरम र घिन, न कुनै मानवीय संवेदना, न कुनै विवेक, न कुनै विचार, न कुनै आदर्श, आफूलाई जे ठीक लागेको छ अरूलाई पनि त्यही ठीक लाग्नु पर्ने । भने जति चन्दा नदिएमा, सुराकी गरेको आरोपमा, बासबस्न नदिएको आरोपमा, खान नदिएको आरोपमा, आफ्नो सिद्धान्त र विचार नमानेको आरोपमा, छोराछोरीलाई आफ्नो समूहमा नपठाएको आरोपमा, आफ्नो जीबिकाको लागि जागिर खाएको आरोपमा, आफ्नो सीप अनुसारको पेसा अपनाएको आरोपमा, व्यक्तिगत रिसइवी साँध्ने बहानामा र अन्य थुप्रै आधार र तथ्यहीन आरोपमा यी नयाँ लठ्ठीवालाहरूले अनगिन्ती मानिसहरूलाई सफाइको कुनै मौका नै नदिइ अत्यन्त विभत्स, डरलाग्दो, जंगली शैलीको, पाशविक ढंगबाट र अत्यन्त निकृष्ट तथा घिनलाग्दो तरिकाले परमधाम पुऱ्याए । यसका नेतृत्वदायी लठ्ठीवालाहरूले यस्ता लठ्ठीहरूको अत्यन्त गैरजिम्मेवार तरिकाले एकतर्फी बचाउ र अपराधमाथि ढाकछोप गरेकाले पनि यी नयाँ लठ्ठीवालाहरूको मनोबल बढेको हो । त्यसैले यी नयाँ लठ्ठीवालाहरूसँग बच्नलाई आफैं सचेत नभए कुन बेला यिनीहरूले अचेत पारिदिने हुन् पत्तै नहुने रहेछ ।

अर्काको देखासिकीमा जान्दै नजानिकन लठ्ठी चलाउन खोज्नेहरु पनि हुन्छन् । यस्ताहरु धेरै समयसम्म टिक्दैनन् । यिनीहरु त्यति संगठित नभए पनि फुर्तीफार्ती भने चर्कै गर्दछन् । यिनीहरु खास गरी उठ्ती पुठ्तीको काम गरेर आफ्नो लागि मात्र जुटाउँछन् र अलि कमजोर पाए भने टाउको पनि फुटाउँछन् । यिनीहरूलाई कहिलेकाहीँ ठूला लठ्ठीवालाहरूले पनि अस्थायी रूपमा प्रयोग गर्छन् । ठूलाले केही समय प्रयोग गर्दा यिनीहरूको भुईंमा खुट्टा हुँदैन । कहिलेकाहीँ साना समूहहरूको आपसमा पनि हानाहान पर्छ, आफ्नो प्रभुत्व जमाउन र ठूला लठ्ठीवालाहरूको नजिक हुन यिनीहरूबीच अक्सर गरेर हानथाप पनि पर्छ, यिनीहरु बेला-बेलामा सानोतिनो मुद्दामा फस्छन् र केही जेलभित्र पनि पस्छन् । जेलमा रहँदा पनि बाहिर यिनीहरूको सम्पर्क र आम्दानी यथावत चलिरहेको हुन्छ । जेलका अन्य कैदीहरूले आफूलाई इज्जत गर्नुपर्ने यिनीहरूको सोच भए पनि कसैले इज्जत गर्दैनन्, अलि-अलि डराउँलान् त्यति हो । यिनीहरूले आफ्नो काम निर्वाध रूपमा गर्दा स्थानीय सुरक्षाकर्मीलाई पनि केही प्रतिशत चढाएर सुरक्षित रहेका हुन्छन् । यिनीहरूको निशाना खासगरी आर्थिक कारोवार बढी गर्ने समूह हुन्छन् । सकभर यो समूह अर्को इलाकामा चाहिँ सितिमिति जाँदैनन् । यिनीहरूको आम्दानी राम्रै भए पनि बचत भने हुँदैन । जसरी आयो उसरी नै जान्छ ।

लठ्ठी हरेक क्षेत्र र दृष्टिकोणले बहु उपयोगी भए पनि यसलाई केही समय पुगेपछि धमिराले खाने, अन्य किराले खाने, चोइटिने, भाँच्चिने, पोलिने, बिर्सिएर कतै छुट्ने, अरूले चोरेर लैजाने आदि कारणले दिगोचाहिँ नरहन सक्छ । लंगडो घोडा र खोट तथा चोट लागेको लठ्ठीको कुनै महत्व हुँदैन । यस्तालाई कसैले पनि जानेसम्म प्रयोग गर्दैन । फेरि काम सकिएपछि लठ्ठीलाई कसैले वास्ता गर्दैन । त्यसैले 'खोलो तऱ्यो लौरो बिर्स्यो' भन्ने भनाइ चलन चल्तिमा आएको हुनुपर्छ । हुन पनि त्यस्तै छ । लठ्ठीलाई मुख्य ठाउँसम्म कसैले पनि लैंदैन । घरमा जानेले ढोकासम्म लगेर दलिनतिर सिउरीदिन्छ र आफू मजाले भित्र बस्छ । खोलो वा जंघार तरिसकेपछि त्यतै फालेर हिँड्छ । झैंझगडा पर्दा प्रयोग गर्छ अनि त्यहीँ फालिदिन्छ । ठूला लठ्ठीवालाहरूले पनि प्रयोग गर्छन् अनि बिर्सन्छन् । बिचरो लठ्ठीले कति मेहनतका साथ सहयोग गरेर प्रयोगवालालाई गन्तव्यमा पुऱ्याउँछ । त्यसपछि उसले लठ्ठीतिर फर्केर पनि हेर्दैन । आफू भाँचिएर, चोइटिएर, मार खाएर पनि लठ्ठीवालालाई बचाउँछ । वा उसको इशारामा जानेसम्म मदत गर्छ । जति गरे पनि उसलाई सम्झिने कोही हुँदैन । अर्को समस्या नआउन्जेल कसैले सम्झँदैन । अनि लठ्ठी आफैं बिरक्तिएर आफूले लगाएको गुन आफैं सम्झेर झोक्राएर बसिरहन्छ । केही गर्न सक्दैन । बिचरा लठ्ठी ! कठै !!